# दिपायल सिलगढी नगरपालिका, डोटीको


**समग्र विकास सम्बन्धी**

## दीर्घकालीन रणनीतिक विकास योजना
## (गुरुयोजना)
## (२०७५–२१००)

**“हरेक नागरिकहरुले आफ्नो जीवनमा गुणस्तरीय परिवर्तन भएको अनुभुति गर्नु नै यथार्थमा विकास हो ।”**

**प्राविधिक सहयोग**
**सामुदायिक विकासका लागि सहकार्य नेपाल**

**प्रकाशक**
**दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,**
**सिलगढी, डोटी**




दिपायल सिलगढी नगरपालिकाको नक्सा

# दूर सोच

**श्रोतको उच्च सदुपयोग, पानीसंग प्रेम र माटोसंग माया,**

**लगानी अभिवृद्धि र आधुनिक प्रविधिको प्रयोग ।**

**श्रमशक्तिको प्रवर्द्धन, संरचना निर्माण र संरक्षण ॥**

**नतिजाः** *उत्पादनमा अभिवृद्धि ।*

**समावेशी र सहभागितामुलक विकास कार्य,**

**युवाको हातमा काम र गोजीमा दाम ।**

**प्रभावः** *जन-जीवनमा सकारात्मक परिवर्तन* **।**

**अनुभुतिः** *सुखी जनता, सफल स्थानीय सरकार ॥*

## डोटीको वैभव, विधिता र सौन्दर्य

बेसी, पहाड, महाभारत, हिमालको हिंउ । (भुगोल)
शीतल, न्यानो सबै पाईने यो डोटीको छेउ ॥ (हावापानी)
खप्तड, कोट, जात्रा मेला, हीउं पग्लेका नदी ।(स्थान र श्रोत)
जीवन दिन्छन् ज्योति दिन्छन् नागबेलीमा बगी ॥
(जल र उर्जा)
बैशाख महिना काफल पाक्छ असारमा आंप,
बाह्रै महिना खान पाईने फलफूलको जात ॥
असारको आरु मीठो, लिच्चि पाक्ने जेठ ।
स्याउ फल्ने बगैचा छन् धान फल्ने खेत ॥
(फलफुल र अन्न)
भेडा च्यांग्रा चर्छन् माथि तल गाई गोठ ।(पशुपालन)
जडीबुटी अन्न पात हंसीला हुन् ओठ ॥
(जडिबुटी, मानिस) ॥

# विषय-सूची

पेज नं.

## भाग-१

## दीर्घकालीन रणनीतिक योजना (गुरुयोजना)


| | | |
|---|---|---|
| १ | योजनाको अवधारणा | ६ |
| १.१ | पृष्ठभुमि | ६ |
| १.२ | गुरुयोजना निर्माण गर्दा लिइएका आधारहरु | ६ |
| १.२.१ | सैद्धान्तिक र दार्शनिक आधार | ७ |
| १.२.२ | राजनीतिक, संवैधानिक तथा नीतिगत आधार | ८ |
| १.३ | योजनाको औचित्य र महत्व | ८-९ |


## भाग-२

## योजना निर्माणको जग


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि, परिवेश र आधार | १० |
| २.१.१ | अन्तर्राष्ट्रिय परिवेश | १० |
| २.१.२ | संवैधानिक पृष्ठभूमि | ११ |
| २.१.३ | विकासको दार्शनिक आधार | ११ |
| २.२ | विकासका परिदृष्यहरु | १२ |
| २.२.१ | राष्ट्रिय परिदृष्य | १२-१५ |
| २.२.२ | अन्तर प्रदेश परिदृश्य | १५-२० |
| २.२.३ | डोटी जिल्लाको परिदृश्य | २०-२१ |
| २.२.४ | दिपायल सिलगढी नगरपालिका | २१ |
| २.२.४.१ | भौगोलिक, आर्थिक र सामाजिक अवस्था | २१-२३ |
| २.२.४.२ | नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष र चुनौतीहरु | २३-२६ |


## भाग-३

## गुरुयोजनाले लिएको सोच, गन्तव्य,उद्देश्य तथा रणनीति


| | | |
|---|---|---|
| ३.१ | दीर्घकालीन सोच | २७ |
| ३.१.१ | योजनाको दुर दृष्टि, गन्तव्य, सोच, लक्ष र उद्देश्य | २७ |
| ३.१.२ | योजनाका मान्यता तथा सीमाहरु | २७ |
| ३.१.३. | योजना निर्माणका मार्गदर्शक सिद्धान्तहरु | २८ |
| ३.१.४ | गुरु योजनाका रणनीति र लक्ष्यहरु | २८ |
| ३.१.५ | सन्तुलित विकासको खाका: | २९ |
| ३.१.६ | कार्यक्रमहरु | ३०-४९ |
| ३.१.७ | स्थानीय गौरवका कार्यक्रमहरु | ५०-५५ |

३.१.८ लक्ष्यहरु ५०
३.१.९ योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र अद्यावधिक कार्य ५१
३.१.९.१ योजनाको कार्यन्वयनको लागि जिम्मेवार निकायहरु ५१
३.१.१० साधन प्राप्त हुने क्षेत्र, श्रोत तथा अनुमान ५२
३.१.११ केही प्रमुख अपेक्षित नतिजागत अवस्था र प्रभाव ५३
३.१.१२ प्रमुख लक्ष्य हासिल गर्ने चरण तथा अनुगमन सुचक, स्थानीय गौरबका कार्यक्रम तथा भौतिक संचरना निर्माणको अवधि ५३
३.१.१३ योजना कार्यान्वयन र निष्कर्ष ५४-५५

**अनुसुचि-१** ५६-५९
योजनाले समेटेका स्थानीय गौरवका कार्यक्रमहरु
**अुनसूची-२** ६०-७४
विशेष प्रकृतिका र विशेष प्राथमिकता प्राप्त कार्यक्रम

**भाग-४**
**गुरुयोजनाको सैद्धान्तिक अवधारणबारे जानकारी**
४.१ पृष्ठभुमी ७५
४.२ गुरुयोजना अर्थ र अवधारणा ७५
४.३ योजनाको निर्माण पद्धति र प्रकृया ७६
४.३.१ गुरुयोजना तर्जुमा गर्दा विश्लेषण गरिएको संरचनागत चक्र ७६
४.३.२ योजना तर्जुमा गर्दा पुरा गरिएका प्रकृयागत चरणहरु ७६
४.४ योजना निर्माणको औचित्य र लक्ष ७७
४.४.१ औचित्य ७७
४.४.२ लक्ष्य ७७

अनुसूची-३ ७९-८२
अनुगमन सूचक तालिका
अनसुचि -४ ८३
संविधानका सम्बन्धित धाराहरु
भाग ३, ४, १७, १९, २०, अनुसूची ८ र ९ ।
अनसुचि-५ ८३
नगरपालिकाले पारित गरेका योजनासंग सम्बन्धित मार्गदर्शन वा सिद्धान्त

**सन्दर्भ सामग्रीहरु** ८३

# भाग-१

# दीर्घकालीन रणनीतिक योजना (गुरुयोजना)

## १. योजनाको अवधारणा

## १.१ पृष्ठभुमि

गुरुयोजनाले मुलतः योजनाको अवधारणा, औचित्यता र उपयोगिता, उद्देश्य, योजना निर्माण गर्दा लिईएका आधारहरु, नगरपालिकाको अवस्थिति मुल्यांकन र क्षेत्रगत विश्लेषण, पहिचान भएका सबल र कमजोर पक्ष, चुनौतिहरु, संभाव्यता र अवसरको मुल्यांकन समेतका विषयहरु समेटी सोच, उद्देश्य, लक्ष र रणनीतिहरु प्रस्तुत गरेको छ ।

योजनामा माथि भनिएका कुराको अतिरिक्त विश्व र राष्ट्रिय सन्दर्भ, नगरपालिकको क्षेत्रफल, भुगोल, प्राकृतिक स्रोत-साधन, प्रशासनिक संरचना, योजनाको आवश्यकता, औचित्य समेतका विषयमा संक्षिप्त चर्चा गरिएको छ ।

## १.२. गुरुयोजना निर्माण गर्दा लिइएका आधारहरु

## १.२.१ सैद्धान्तिक र दार्शनिक आधार

१. योजना निर्माण गर्दा आम नागरिकले जीवनस्तरमा गुणस्तरीय परिवर्तनको अनुभुति गर्ने अवस्थाको सिर्जनालाई प्रमुख गन्तव्य बनाईएको छ । त्यस्तो अनुभुति दीगो, फराकिलो, समावेशी र व्यापक हुनु पर्दछ भन्ने मान्यता राखिएको छ ।

२. संविधानले परिलक्षित गरेको समतामुलक समाजको निर्माण गरी लोकतन्त्रको जगमा समृद्ध राष्ट्र निर्माण गर्ने विषयलाई केन्द्रविन्दुमा राखेर योजनाको सरोकार, आधार तथा लक्ष पहिल्याउने प्रयास भएको छ ।

३. सम्मृद्धिको लक्ष्य सम र वृद्धि वा सबैको लागि वृद्धि हो, समन्यायिक आर्थिक सामाजिक विकास हो भन्ने मान्यतालाई नतिजामा रुपान्तरण गर्ने फराकिलो विचारबाट योजना निर्देशित छ । तसर्थ यस विचारलाई लक्ष भेदनको प्रमुख निर्देशक मार्ग बनाई पहिचान भएका प्रमुख सरोकार, आधार एवं अपेक्षित नतिजा निम्न अनुसार हुने गरी योजनाको खाका तयार गरिएको छ ।

**<u>क.सरोकारः</u>**

**नगरपालिका भित्रको जनसंख्या, भूगोल र श्रोत साधन** नै योजनाका प्रमुख सरोकारका विषय हुन् । विकास मुलतः त्यस क्षेत्रका नागरिकको हितमा हुनु पर्दछ, त्यस्तो विकास त्यस क्षेत्रमा वसोवास गर्ने सम्पूर्ण नागरिकको आर्थिक तथा सामाजिक जीवनसंग सकारात्मक ढंगले जोडिनु पर्दछ । अनि भूगोललाई विर्सेर पनि विकासको परिकल्पना गर्न सकिंदैन । भूगोलको संरक्षण र सम्वर्द्धन गर्नु सरोकारको दोश्रो प्रमुख विषय हो । श्रोत र साधनको उपलब्धता तथा अवस्थिति

पनि जनसंख्या र भूगोलसंग जोडिएको हुन्छ । त्यसैले मुलतः मानव श्रोत र प्राकृतिक श्रोतको विषयलाई केन्द्रबिन्दुमा राखिएको छ ।

**ख.आधार र प्रकृयाः**

१. सरोकारका क्षेत्र पहिचान भएपछि विकासका आधार तथा प्रकृयिकोवारेमा प्रष्ट हुन सजिलो हुन्छ । हाल उपलब्ध तथा भविष्यमा प्राप्त हुने संभाव्य थप श्रोतको उचित वितरण तथा उपयोगनै विकासको आधार हो । श्रोतको समुचित वितरण, पर्याप्त तथा अनुकुल लगानी र त्यस अनुरुप प्रविधिको प्रयोगलाई विकास वा जीवनस्तर परिवर्तनको आधार बनाउनु पर्दछ ।

२. यी कुराको जगमा टेकेर लगानी, व्यबसायको स्थापना तथा विस्तार, उत्पादन तथा उत्पादकत्वमा बढोत्तरी, उत्पादनमा आधारित व्यापार, त्यस्तो व्यबसाय तथा व्यापरबाट कामको सिर्जना हुन गै त्यसको माध्यमबाट रोजगारी तथा स्वरोजगारी प्राप्त हुने परिकल्पना गरिएको छ ।

प्राप्त रोजगारी तथा स्वरोजगारीले आयमा बढोत्तरी हुन जान्छ र त्यसको प्रभाव नागरिकको जीवनमा पर्छ भन्ने मान्यता राखेर एउटा प्रक्रिया भित्र विकासको लक्ष हासिल गर्न सकिने विश्वास लिइएको छ । जनताको हातमा थप आम्दानी प्राप्त भएपछि स्थानीय सरकार वा नगरपालिकाले पनि आय र राजस्व प्राप्त गर्न सक्दछ ।

३. यसरी विकासले गन्तव्य गरे पछि जनताको हातमा काम र गोजीमा दाम हुन्छ भने सरकारको ढुकुटीमा दाम र जनता माझ नाम रहन सक्ने विषयलाई आधार बनाइएको छ ।

**ग.नतिजाः**

१. सरोकारका विषय तथा क्षेत्रलाई केन्द्रविन्दुमा राखेर गरिने कामको नतिजा पनि दीगो र फराकिलो हुन्छ । यही कुरालाई आधार मान्दै समुचित प्रकृयाको अवलम्बन गरेर प्राप्त हुने वृद्धि पनि उच्च गतिको, दीगो, फराकिला र समावेशी चरित्रको हुन्छ भन्ने मान्यता राखिएको छ ।

२. त्यसैले गुरुयोजना निर्माण गर्दा विकासको मुल मर्मको पहिचान संविधान, सरकारका नीतिगत दस्तावेजहरु, सम्बन्धित दलका घोषणापत्रको आधारमा गरिएको छ भने देशको आर्थिक सामाजिक विकास सम्बन्धी विगतका उपलब्धी तथा अनुभवलाई विशेष प्रकृतिको आधारको रुपमा ग्रहण गरिएको छ ।

## १.२.२ राजनीतिक, संवैधानिक तथा नीतिगत आधार

**योजनाका राजनीतिक, संवैधानिक तथा नीतिगत आधारहरु निम्न अनुसार छन्:**

**क.संविधानः** गुरुयोजना निर्माण गर्ने सिलसिलामा संविधानको प्रस्तावना र भावनाका अतिरिक्त संविधानका मौलिक हक सम्बन्धी व्यबस्था (भाग ३), राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व (भाग ३), राज्यको संरचना र राज्यशक्तिको बांडफांड (भाग ५, अनुसुचि ६, ७, ८ र ९ समेत), स्थानीय तहको आर्थिक कार्यप्रणाली, भाग-२० संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्धका विषयलाई प्रमुख आधार बनाइएको छ ।

**ख. संघीय सरकारका नीतिगत दस्तावेजहरुः** कृषि विकास रणनीति, उद्योग, यातायात, वित्त, सुचना प्रविधि, लैगिंक विकास, जलवायु परिवर्तन र अन्य क्षेत्रका नीति तथा रणनीतिक दस्तावेजहरु ।

**ग. संघीय सरकारका कार्यक्रमहरु,** जस्तै प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजना र प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा स्वरोजगार कार्यक्रम,

**घ.संघीय कानुनहरुः** अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, वित्त आयोग सम्बन्धी ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य क्षेत्रगत ऐनहरु ।

**ङ. प्रादेशिक नीति तथा कानुनहरुः** समष्टिगत तथा क्षेत्रगत नीति तथा कानूनहरु ।

**च.** निर्वाचन घोषणापत्रः राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको निर्वाचनको क्रममा निर्वाचन घोषणा पत्रको माध्यमवाट प्रतिबद्धता जाहेर गरेका नीति र कार्यक्रम सम्बन्धी विषयहरु ।

**छ.** अन्तर्राष्ट्रिय स्तरमा अनुमोदित भएको र नेपाल सरकारले प्रातिवद्धता जाहेर गरेको दीगो विकास लक्ष (SDG)र अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धता । (दीगो विकास लक्षका सम्बन्धमा खास गरेर लक्ष १, गरीवी न्युनिकरण, लक्ष २ भोकमरीको अन्त्य, खाद्य सुरक्षा र दीगो कृषि, लक्ष ३ को सबै उमेरका व्यक्तिलाई स्वस्थ्य जीवनको सुनिश्चितता, लक्ष ४ समावेशी तथा गुणात्मक शिक्षा, लक्ष ५ लैगिंक समानता, लक्ष ६ शुद्ध खानेपानीमा पहुंच, लक्ष ७ को आधुनिक उर्जामा पहुंच, लक्ष ८ रोजगारी तथा लक्ष ९ उत्पादनलाई सहयोग गर्ने पुर्वाधार विकास र औद्योगिकरण समेतका लक्षहरु महत्वपुर्ण छन् ।)

**ज.** स्थानीय तहको आर्थिक सामाजिक परिवेश, विशेषता, नगरपालिकामा गरिएको सर्वेक्षण, अन्तरक्रियाको क्रममा नागरिकले व्यक्त गरेका धारणा तथा भावना र नगरपालिकाको सम्बन्धमा तयार गरिएको पार्श्वचित्र (प्रोफाइल)।

## १.३. योजनाको औचित्य र महत्व

१. गुरु योजना राजनीतिक इच्छाशक्ति र संविधानको लक्ष र उद्देश्यलाई नतिजामा रुपान्तरण गर्ने एउटा पुर्वाधार दस्तावेज हो । यसले नगरपालिकाको दीर्घकालीन गन्तव्य

पहिचान गर्ने प्रयास गरेको छ । साथै यसले आज पालिका काहां छ र योजनाको अन्तिम समयमा यसको आर्थिक सामाजिक अवस्थाहरुमा के परिवर्तन हुने छन् र कहां पुग्ने छ भन्ने विषयको लक्ष र गन्तव्य निर्धारण गरेको छ ।

२. आउंदो २५ वर्षको नीतिगत मार्गचित्र प्रस्तुत गरेको यस योजनाले अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेशिक तथा स्थानीय तहमा भएका आर्थिक, सामाजिक, प्राविधिक, तथा जलवायु एवं वातावरणीय परिवर्तन र समसामयीकताका विषयलाई आधारको रुपमा लिएको हुंदा यसलाई समयसमयमा आवश्यक ***पुनरावलोकन तथा संशोधन गर्न सकिने जीवन्त दस्तावेजको*** रुपमा तयार गरिएको छ ।

३. यो दीर्घकालिन सोचगत, लक्षगत तथा उद्देश्यगत खाका समेतको दस्तावेज भएकाले यस दस्तावेजले कुनै सरकार वा संगठनले भविष्यको दुई दशक भन्दा बढि अवधिमा विकास, विकासको विस्तार तथा स्थानीय अर्थतन्त्रको सन्तुलित वृद्धिका सम्बन्धमा मार्गदर्शन र आवधिक योजना तयारीको आधार प्रदान गर्दछ ।

४. गुरुयोजनामा भुबनोट, प्राकृतिक श्रोत, संभाव्य आर्थिक श्रोतसाधन, भौतिक पुर्वाधार, कृषि, उद्योग, प्रविधि, पर्यटन, वातावरण, प्रशासन, योजना अनुगमन तथा मुल्यांकन, सुशासन र पारदर्शिता समेतका विकासका सम्पुर्ण आयामहरु समेटिएका छन् ।

५. गुरुयोजना नगरपालिकाको समग्र विकासको गन्तव्य पहिचान गर्ने एकिकृत दस्तावेज हो । तसर्थ प्रस्तुत योजनाको आधारमा भोली आवश्यकता अनुसार क्षेत्रगत गुरुयोजना वा रणनीतिक योजना पनि निर्माण गर्न सकिन्छ । जस्तै मानव संशाधन विकास सम्बन्धी रणनीतिक योजना, यातायात सम्बन्धी गुरुयोजना, कृषि विकास सम्बन्धी दीर्घकालिन रणनीति आदि ।

६. नगरपालिकको दीगो र सबैवर्ग एवं क्षेत्रमा पुगेको सबैलाई समन्यायिक प्रतिफल दिने विकासको लाीग दीर्घकालिन सोच र लक्ष चाहिन्छ । यस्तो आवश्यकता यसै गुरु ( दीर्घकालिन रणनीतक) योजनाले पुरा गर्नेछ ।

७. यो योजना आफैं कार्याव्यननमा जाने दस्तावेज होइन । यसले नगरपालिकालाई आवधिक, अल्पकालिन एवं वार्षिक योजना (बजेट)को तर्जुमा तथा कार्यान्वयनको लागि आधार तयार गर्दछ । अब बन्ने यस नगरपालिकाका आवधिक योजनाहरु, क्षेत्रगत योजना तथा रणनीतिक योजना यसैको आधारमा तयार गरिनेछन् ।

# भाग-२

# योजना निर्माणको जग

## २.१.पृष्ठभूमि, परिवेश र आधार

## २.१.१.अन्तर्राष्ट्रिय परिवेश

१. अहिलेको सुचना प्रविधीको विकासको गति र त्यसको आधारमा मानिसको चेतनामा आएको परिवर्तनको कारणले विश्व एउटै शहरमा परिणत हुँदैछ । यस परिवेशमा देश तथा प्रदेशको विकास र समृद्धिको बाटोको कुरा गर्दा अन्तर्राष्ट्रिय अर्थराजनीतिलाई बिर्सन सकिँदैन । अहिले विश्वमा आर्थिक र सामाजिक दृष्टिले सशक्त मानएिका राष्ट्रहरु जस्तै संयुक्त राज्य अमेरिका, चीन, जापान, दक्षिण कोरिया तथा नर्वे एवं फिनलैण्ड समेतका उत्तर युरोपका देशहरुको आर्थिक सामाजिक विकासका अनुभव कतिपय अवस्थामा हाम्रो लागि अनुकरणीय हुन सक्दछन् । विश्वका कतिपय देशहरु दुई देखि तीन दशकको अवधिमा विकासको दृष्टिबाट ठुलै फड्को मारेको देखिन्छ । दक्षिण कोरिया, चीन, केन्या, ताईवान, मंगोलिया, अर्जेन्टिना, हंगेरी आदि यस्ता देशका उदाहरण हुन् । सन् १९६० मा प्रतिव्यक्ति आय १५८ अमेरिकी डलर रहेको दक्षिण कोरियाको प्रतिव्यक्ति आय २६१५२ अमेरिकी डलर (२०१७) पुगेको छ । सन् १९६० मा नेपालको प्रति व्यक्ति आय २६७ अमेरिकी डलर थियो ।

२. विश्वमा चल्ने गरेको तेलको अर्थ राजनीति र त्यसले नेपालजस्ता देशको विकासमा खेल्ने भुमिका तथा पार्ने प्रभावलाई पनि विर्सन मिल्दैन । यसका अतिरिक्त नेपालले संयुक्त राष्ट्रसंघ प्रतिबद्धता जनाएको विकास दर्शन दिगो विकास सम्बन्धी एजेण्डा सस्टेनेबल डेभलपमेन्ट गोल(एस्डिजि) जस्ता विषयलाई समेत ध्यानमा राखिनु आवश्यक छ ।

अन्तर्राष्ट्रिय स्तरमा गरिने कतिपय निर्णयहरुले नेपालको अर्थतन्त्रलाई मात्र होइन स्थानीय तहको आर्थिक विकास तथा मानिसको दैनिकीलाई समेत प्रभाव पार्दछ । अन्तर्राष्ट्रिय लगानी सम्बन्धी नीतिहरु विकसित तथा उदीयमान राष्ट्रहरुले कर नीति, मुद्रा नीति, कृषि नीति, अनुदान नीति जस्ता विषयले नेपालका तीनै तहका सरकारका नीतिहरुलाई प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पारिरहेका हुन्छन् ।

३. विकसित देश, मध्यम आय भएका देश र उदीयमान राष्ट्रका नागरिकहरुको प्रतिव्यक्ति आय, उनीहरुले गर्ने सक्न वचत, उनीहरुले गर्ने खर्च र उपभोगका विषयले नेपालको पर्यटन र विप्रेष्ण आयमा समेत प्रभाव पार्ने हुने हुँदा यो गुरुयोजना तयार गर्ने सिलसिलामा अन्तर्राष्ट्रिय अनुभवलाई समेत आधारको रुपमा लिने प्रयास भएको छ ।

## २.१.२.संवैधानिक पृष्ठभूमि

१. संविधानतः नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश हो । नेपालको संविधानले सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबैखाले विभेद र उत्पीडनको अन्त्य गर्नुका साथै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । यो संकल्प पुरा गर्न लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रहेर समृद्ध राष्ट्र निर्माण गर्नु आजको पहिलो आवश्यकता हो । यस पृष्ठभूमीमा संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत (क) उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा (ख) प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्नुलाई राज्यको आर्थिक उद्देश्यको रुपमा अंगिकार गरेको छ ।

२. आर्थिक उद्देश्य हासिल गर्न राजनीतिक तथा सांस्कृतिक उद्देश्य प्राप्तिको विषयले पनि त्यतिकै महत्व राख्दछन् । साथै निर्धारित उद्देश्यहरु हासिल गर्न अबलम्बन गर्नु पर्ने नीतिहरुको सम्वन्धमा पनि संविधानले स्पष्ट पारेको छ र राज्यले अबलम्बन गर्नुपर्ने नीतिहरुका विषयमा बोलेको छ ।

३. यी कुराका अतिरिक्त नेपाली समाजमा रहेको विभेद र उत्पीडनको अन्त्य गर्नुका साथै, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न संविधानले ३१ वटा मौलिक हकहरुको व्यबस्था गरेको छ ।

४. प्रस्तुत सन्दर्भमा संविधानले निर्धारित गरेको राज्यको तहगत संरचना तथा राज्यशक्तिको बांडफांडको विषयलाई केन्द्रबिन्दुमा राखेर तीनवटै तहका सरकारले आ-आफ्नो तहको अधिकारका विषयमा आवश्यक नीति, मापदण्ड र बजेट वनाउने अधिकार पनि संविधानले दिएको छ । नेपाल सरकार, सातवटा प्रदेश सरकारहरु र ७५३ वटा स्थानीय तह समेतले टेक्नु पर्ने र अघि बढ्ने मुल आधार तथा समात्नु पर्ने दिशा यही नै हो ।  तसर्थ गुरुयोजना निर्माणको प्रमुख संवैधानिक आधार यीनै विषयलाई बनाईएको छ ।

## २.१.३. विकासको दार्शनिक आधार

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशलाई ध्यानमा राखेर नेपाल सरकारले देशलाई समृद्ध र प्रत्येक नेपालीलाई सुखी बनाउने विषयलाई दीर्घकालिन उद्देश्य र गन्तव्यको रुपमा घोषणा गरेको छ । संविधानको भावना र नेपालको विद्यमान धरातलमा यो उद्देश्य औचित्यपूर्ण छ ।

२. यस पृष्ठभूमिमा तीनवटै तहका सरकारले समात्नु पर्ने विकासको आधार र दर्शन पनि यीनै हुन् । विशिष्ट अवस्थामा बाहेक तीन तहकै सरकारको लागि जिम्मेवारी पुरा गर्ने

विषयका सिद्धान्त, सरोकार, प्राथमिकता तथा अपनाउनु पर्ने पद्धति उस्तै उस्तै हुन्छन् । किनभने सबै तहका सरकारको लक्ष हरेक वर्ग, क्षेत्र, समुदाय एवं तह र तप्कामा रहेका जनताको जीवनमा आर्थिक, सामाजिक र सांस्कृतिक रुपले स्पष्ट अनुभुति हुने गरी दीगो, सकारात्मक, गुणस्तरीय र समन्यायिकताको गुण भएको परिवर्तन ल्याउनु हो ।

३. राज्यको लक्ष पनि सन्तुलित उत्पादन र न्यायोचित वितरण हुन सक्ने चरित्रको जरामा पुगेको, फराकिलो र समावेशी विशेषता भएको समुचित वृद्धि गर्नु हो । यस्तो लक्ष हासिल गर्ने कार्य तुलनात्मक रुपमा संघीय शासन प्रणालीमा नै बढि सहज हुने विश्वास लिएर संविधानले संघीयता अंगिकार गरेको सन्दर्भमा राज्यका तीन वटै तहले यसै संरचना भित्र गन्तव्यमा पुग्ने बाटो खोज्नु पर्दछ ।

४. राज्य संरचनाको तेश्रो तहको रुपमा रहेको दिपायल सिलगढी नगरपालिका, डोटीले प्रस्तुत गुरुयोजना निर्माण गर्दा पनि यसै दर्शनलाई विकासको आधर बनाएको छ ।

## २.२. विकासका परिदृष्यहरु

स्थानीय तहको विकासलाई अन्तर्राष्ट्रिय परिवेश, राष्ट्रिय परिदृष्य तथा प्रादेसिक अवस्थाले पनि प्रभाव पार्ने हुँदा नगरपालिकाको लागि गुरुयोजना तयार पार्ने सिलसिलामा राष्ट्रिय तहको आर्थिक सामाजिक अवस्थाको संक्षिप्त विश्लेषण समेत गरिएको छ । यसका अतिरिक्त प्रदेश भित्रका स्थानीय तहहरु मध्ये नगरपालिकाको स्तर कहाँ छ भन्ने कुराको तुलनात्मक मूल्यांकनको लागि अन्तरप्रदेशीय आर्थिक सामाजिक अवस्थाको विश्लेषण पनि छोटो रुपमा गरिएको छ । यसका अतिरिक्त डोटी जिल्लाको अवस्था र त्यसका सूचकहरुलाई सन्दर्भ तथ्य र सामाग्रीको रुपमा लिइएको छ ।


### २.२.१. राष्ट्रिय परिदृष्य

१. नेपालको समष्टिगत आर्थिक अवस्था तथा आर्थिक विकासका प्रमुख सुचकहरुको विष्लेषण गर्दा देखिन आएको विगत १५ बर्ष(२०५८।५९ देखि २०७४।७५) तथ्यांक देखिने चित्रहरु तल प्रस्तुत गरिएका छन् । यस सिलसिलामा समष्टिगत आर्थिक परिसुचकको लेखाजोखा गर्दा यस अवधिमा कुल ग्राहर्स्थ उत्पादनसंगको अनुपातहरुमा निकै उतारचढाव आएको देखिन्छ । उक्त अवधिमा सरदर वार्षिक आर्थिक वृद्धि चारप्रशितका दरले भएको र आर्थिक वर्ष २०७४।७५मा पुग्दा नेपालको कुल ग्राहस्थ उत्पदान रु.३०.०७ खर्व र प्रतिव्यक्ति आय १००४ अमेरिकी डलर पुगेको देखिन्छ । क्रय शक्तिको दृष्टिले भने नेपालको प्रति व्यक्ति आय २७३० अमेरिकी डलर (२०१७, विश्व बैंक) छ, यो आय भारतको ६९८०, पाकिस्तानको ५८३० र बंगलादेशको ४०४० डलर छ । पांच दशक अगाडिसम्म एउटै स्तरमा रहेको दक्षिण कोरियाको प्रतिव्यक्ति आय २६१५२ अमेरिकी डलर (२०१७), निरपेक्ष गरीवी २ प्रतिशत र सापेक्ष गरिवी १५ प्रतिशत छ । नेपाल उच्च मध्यम आय (High Midlle Income)र उच्च आय भएको देशकोस्तरमा पुग्न प्रतिव्यक्ति आय हाल(२०१८) को मुल्यमा कम्तिमा पनि क्रमशः ३८९६ र १२०५५ अमेरिकी डलर हुनु पर्दछ । यसरी हेर्दा आय वर्गिकरणको दृष्टिले अहिले नेपाल न्यून मध्यम आय भएको देशमा पर्दछ । मौद्रिक आयको दृष्टिवाट

नेपालका २५.१ प्रतिशत जनसंख्या गरिवीको रेखामुनी रहेका छन् भने वहुआयामिक गरिवीको दृष्टिकोणवाट भने यो प्रतिशत २८.६ प्रतिसत रहेको छ ।


२. उत्पादनको संरचनाको लेखाजोखा गर्दा यस १५ वर्षको अवधिमा कुल ग्राहर्स्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३७ बाट २८ मा र उत्पादनमुलक उद्योगको योगदान ८.५ प्रतिशतबाट ५.३९ प्रतिशतमा झरेको छ तर सेवाक्षेत्रको योगदान ४५ प्रतिशतबाट ५८ प्रतिशतमा उक्लिएको देखिन्छ (चित्र नं.१) । समग्र उद्योग (द्वितिय) क्षेत्रको अंश भने १८ प्रतिशतबाट १४ प्रतिशतमा झरेको छ ।

**चित्र नं-१**





३. प्रस्तुत अवधिमा कुल ग्राहर्स्थ उत्पादनसंग व्यापार घाटा अनुपात २.५ गुणाले र पैठारी संगको अनुपात १.५ गुणाले बढेको छ । तर सोहि अवधिमा भने निकासी अनुपात भने दुई तिहाईले घटेको छ । उता विप्रेषण र आयात अनुपात पाँच गुणाले बढेको छ ।

चित्र नं-२





४. कुल ग्राहर्स्थ उत्पादनसंगको प्रत्यक्ष वैदेशिक लगानी (एफ् डि आई)को वार्षिक रुपमा प्राप्त भएको रकमको अनुपात बल्ल ०.२४ बाट ०.३९ प्रतिशत पुगेको छ भने कूल लगानीअनुपात १.२३ प्रतिशतबाट ४.०२ पतिशतमा पुगेको छ ।

चित्र नं-३




५. यस अवधिमा समग्र नेपालको मानव विकास सूचक ०.४४ बाट केही माथि उक्लेर ०.४९मा पुगेको छ ।

चित्र नं-४




६. यसरी लेखाजोखा गर्दा राष्ट्रिय स्तरमा एकातिर उत्पादनको संरचनामा आमुल परिवर्तन गर्नु पर्ने अवस्था छ भने नागरिकहरुको आयस्तर तथा सामाजिकस्तरमा सुधार ल्याउनु पर्ने चुनौति रहेको देखिन्छ । आन्तरिक उत्पादनको पक्ष बलियो नहुंदा दिनानु दिन व्यापार घाटा बढ्दै गएको छ भने देशको विप्रेषण आयमाथिको निर्भरता बढ्दै गएको छ । यसमा सुधार गर्न लगानीको अंक बढाउँदै जानु पर्ने र त्यसको आधारमा उत्पदन तथा रोजगारीमा बढोत्तरी ल्याउनु पर्ने चुनौति देखिन्छ । यस्तो अवस्थाको प्रभाव प्रादेशिक तथा स्थानीय तहमा पर्नु स्वभाविक भएकाले योजना निर्माण गर्दा यो यथार्थतालाई पनि मध्यनजर गरिएको छ ।


## २.२.२ अन्तर प्रदेश परिदृश्य

१. दिपायल सिलगढी नगरपालिका, डोटी सुदुरपश्चिम प्रदेशको पहाडी भुभागमा पर्ने नगरपालिका हो । यसको आर्थिक सामाजिक अवस्थाको आँकलन गर्दा सु.प.प्रदेश र अन्य ६ वटा प्रदेशवीचको तुलनात्मक विश्लेषणले गुरुयोजना निर्माण गर्ने कार्यमा सहयोग पुर्‍याउने अपेक्षा राखी यहाँ आर्थिक सामाजिक विकासको अन्तरप्रदेश परिदृष्य पनि प्रस्तुत गरिएको छ । यस्ता परिदृष्य देखाउने चित्रहरु तल दिइएका छन् । चित्रहरुमा प्रस्तुतीको सहजताको लागि सुदुरपश्चिम प्रदेशलाई ७ नं. प्रदेश भनि संकेत गरिएको छ ।

२. तलका चित्रहरु केलाउँदा सुदुरपश्चिम प्रदेशमा नेपालको समग्र भुभागको १३.२८ प्रतिशत पर्दछ र यस प्रदेशमा नेपालको कूल जनसंख्याको ९.६३ प्रतिशत मानिसहरु वसोवास गर्दछन् (चित्र नं.५) भने कुल गार्हस्थ उत्पादनमा सुदुर पश्चिम प्रदेशको योगदान ६.३ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ उत्पादनको अंकमा

कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान ५३.५५ प्रतिशत रहेको देखिन्छ, यसको अर्थ कृषि क्षेत्रको भुमिका अझै उच्च छ। सुदूरपश्चिचम प्रदेशमा भुभागको अंस भन्दा जनसंख्याको अंश कम रहेको देखिए पनि जनसंख्याको दृष्टिले यस प्रदेशको भागमा गर्हास्थ उत्पादनको अंश कम पर्नाले यहांको प्रतिव्यक्ति आय नोपलको औसत प्रतिव्यक्ति १००४ अमेरिकी डलर भन्दा ३३४ कम अथवा ६६० डलर मात्र छ। नेपालको प्रतिवर्ग कि.मि.जनघनत्व १८० छ भने सुदूरपश्चिचम प्रदेशको जनघनत्व १३१ रहेको छ। भूभाग र जनसंख्यालाई दाँजेर हेर्दा १ नम्वर प्रदेश वढी सन्तुलित देखिन्छ।

चित्र नं.-५





३. सुदूरपश्चिचम प्रदेशमा उपलब्ध ३ लाख २४ हजार हेक्टर खेतियोग्य जमिन (देशको कुल खेतियोग्य जमिनको १० प्रतिशत) मध्ये सिंचित क्षेत्र ९१ हजार मात्र (२८ प्रतिशत, समग्र नेपालको यो प्रतिशत ३६ छ) रहेको छ। खेती योग्य जमिन मध्ये ७८.६ प्रतिशत जमिनमा मात्र खेति गरिएको छ।

४. सामाजिक विकासतर्फ शिक्षाको सम्वन्धमा अन्तर प्रदेश परिदृष्य केलाउँदा पाँच वर्षमाथिको उमेर समूहका मानिसहरुको औसत साक्षरता दर समग्र नेपालको लागि ६५.९ प्रतिशत छ। त्यसमा महिला साक्षरता दर भने ५७.४ प्रतिशत रहेको देखिन्छ। यता सुदुरपश्चिचम प्रदेशको औसत साक्षरता दर ६३.५ प्रतिशत र महिला साक्षरता दर ५१.९ प्रतिशत रहेको देखिन्छ। यसरी हेर्दा राष्ट्रिय औसत भन्दा सुदुरपश्चिचम प्रदेश समग्र साक्षरता र महिला साक्षरता दुबैमा तल रहेको देखिन्छ (चित्र नं ६)। ७ वटा प्रदेश मध्ये २ नम्वर प्रदेश सवभन्दा कमजोर र ३ नं. प्रदेश तथा गण्डकी प्रदेशको अवस्था औसत भन्दा माथि छ। नेपालको औसत अंक गणना गर्दा ५ देखि २५ वर्ष उमेर समूहका २६.९ प्रतिशत पुरुष र ३४.१ प्रतिशत महिला विद्यालय शिक्षा भन्दा वाहिर रहेका देखिन्छ भने सुदुरपश्चिचम प्रदेशको सम्बन्धमा यी सूचकहरु २२.४ र ३२.३

प्रतिसत रहेको देखिन्छ । यो राष्ट्रिय औसत भन्दा राम्रो अवस्था हो तर गण्डकी प्रदेश भन्दा यो सूचक माथि नै रहेको देखिएको ले यसमा सधार गर्नु पर्ने आवश्यक देखिन्छ ।

चित्र नं.-६




५. यसै गरी नेपालको औसत उमेर ६९ वर्ष छ भने सुदुरपश्चिम प्रदेशको औसत उमेर ६७ वर्ष छ । अन्य प्रदेशहरुसँग तुलना गर्दा प्रदेश नं १, २, ३, गण्डकी प्रदेश र ५ नं प्रदेश औसत भन्दा माथि छन् भने कर्णाली प्रदेशको औसत उमेर सुदुरपश्चिम प्रदेश सरह नै छ (चित्र नं.७) । नेपालको समग्र अंक हेर्दा आधारभूत स्वास्थ्य सेवाको मेरुदण्ड मानिने स्वास्थ्य केन्द्र र प्रति स्वास्थ्य केन्द्रले दिनु पर्ने स्वास्थ्य सेवाको दृष्टिकोण मूल्यांकन गर्दा नेपालको औसत अंकमा एउटा स्वास्थ्य केन्द्रले एक लाख उन्नतीस हजार आठ सय पचत्तहरलाई स्वास्थ्य सेवा दिएको देखिन्छ । सुदुर पश्चिम प्रदेशमा भने एक लाख उनानसाठी हजार पाँच सय वत्तिसलाई स्वास्थ्य सेवा दिएको देखिन्छ । यस दृष्टिकोण वाट हेर्दा गण्डकी प्रदेशको अवस्था तुलनात्मक रुपमा राम्रो छ भने प्रदेश २ र ५ को अवस्था पनि झण्डै सुदुरपश्चिमको जस्तै छ । स्वास्थ्यलाई प्रभाव पार्ने सौचालयको उपलब्धताको दृष्टिवाट सौचालय उपलब्ध भएका घर परिवारको राष्टिय औसत ६२ प्रतिसत देखिन्छ । सुदुर पश्चिमको यो प्रतिशत ४७ छ, प्रदेश नं. ३ र गण्डकी प्रदेशमा ८० प्रतिसत भन्दा बढीलाई सौचालयको सुविधा उपलब्ध छ भने २ नं. प्रदेश सबैभन्दा कमजोर देखिन्छ ।

चित्र नं. ७

| States | Life Expec (Years) | H.Centers Numbers | Per HP Popu Numbers | Households With Toilets (%) |
|---|---|---|---|---|
| P1 | | 43 | 105464 | 70 |
| P2 | 70 | 34 | 158945 | 27 |
| P3 | 70 | 42 | 131654 | 83 |
| Gandaki | 70 | 27 | 89028 | 85 |
| P5 | 68 | 29 | 155147 | 55 |
| Karnali | 67 | 13 | 120801 | 52 |
| Supa | 67 | 16 | 159532 | 47 |
| National | 69 | 204 | 129875 | 62 |

६. सडक पूर्वाधारको दृष्टिकोणवाट हेर्दा राष्ट्रिय सडक र ग्रामिण सडक समेत गरी नेपालमा ७०४७४ किलोमिटर लम्वाइ रहेको छ । त्यस मध्ये ८५७७कि.मि. कालोपत्रे सडक रहेको देखिन्छ । सुदुरपश्चिम प्रदेशमा कुलसडक ५०३३ कि.मि र कालोपत्रे९३० कि.मि रहेको छ । जुन राष्ट्रिय सडकको क्रमश ७.१ र १०.८ प्रतिसत मात्र हुन आउँछ । समग्र नेपालको प्रतिकिमि जनसंख्या ३७६ हजार पर्दछन् भने सुदर पश्चिमको सन्दर्भमा यो संख्या ५०७ हजार हुन आउँछ ।

७. उद्योगहरुको विकासको दृष्टिकोणबाट नेपालमा ७३३४ ठूला उद्योग, ४३५ कृषिमा आधारित उद्योग, ४२७३ वैदेशिक लगानीमा आधारित उद्योग, १५५३८ घरेलु तथा साना उद्योग दर्ता भएको देखिन्छ । त्यस मध्ये सुदुरपश्चिम प्रदेशमा क्रमश ठूला उद्योग १०७, कषिमा आधारित उद्योग ४, वैदेशिक लगानीमा आधारित ३३ र साना तथा घरेलु २२२ गरी जम्मा ३६६ उद्योग दर्ता भएको देखिन्छ (चित्र नं. ८) । जुन राष्ट्रिय संख्याको १.३ प्रतिसत मात्र हुन आउँछ । प्रदेशगत तुलना गर्दा कर्णालीको अवस्था सु.प.भन्दा पनि तल रहेको देखिन्छ ।

चित्र नं. ८

**Distribution of Industries (Numbers, 2075)**

| Pros. | Large Inds | Agro | FDI based | Cottage |
|---|---|---|---|---|
| P1 | 673 | 107 | 125 | 1,560 |
| P2 | 491 | 23 | 130 | 1,028 |
| P3 | 4,961 | 256 | 3442 | 10,434 |
| P4 | 556 | 31 | 343 | 1,174 |
| P5 | 508 | 14 | 178 | 1,044 |
| Karnali | 38 | 0 | 22 | 76 |
| P7 | 107 | 4 | 33 | 222 |
| Nepal | 7334 | 435 | 4273 | 15,538 |

4/8/2019 -by Prof. Dr. Chandra Mani Adhikari, Sr. Economist in consultation with Team 16

८. समग्र विकासका मुख्य सुचकहरु हेर्दा नेपालको औसत मानव विकास सुचक ०.४९ (नेपाल मानव विकास प्रतिवेदन-२०१४) रहेको छ । पछिल्ला प्रतिवेदनले यो अंक ०.५५मा पुगेको देखिन्छ । तलको तालिका हेर्दा मानव विकास सुचकको दृष्टिबाट कार्णाली प्रदेशलाई छोड्दा यो प्रदेश पुछारमा छ । त्यस्तै कयशक्ति र मौद्रिक रुपको गरिवीको अवस्थाको उन्नति सुकचकबाट यो सबभन्दा कान्छो (सातौं) देखिएको छ ।

चित्र नं.-९

**Key Result Indicators**

| States | HDI | MDI 2017 | Pov (Mon.) |
|---|---|---|---|
| Prov. 1 | 0.5 | 19.67 | 16.7 |
| Prov 2 | 0.422 | 47.89 | 26.7 |
| Prov 3 | 0.506 | 12.24 | 20.6 |
| Gandaki | 0.513 | 14.19 | 21 |
| Prov 5 | 0.461 | 29.92 | 25.3 |
| Karnali | 0.412 | 51.22 | 38.6 |
| Su.Pa. | 0.416 | 33.56 | 45.6 |
| National | 0.49 | 28.6 | 25.1 |

-by Prof. Dr. Chandra Mani Adhikari, Sr. Economist in consultation with Team

## ८. सारांश

- संक्षेपमा भन्दा यो प्रदेश सातवटा प्रदेशमध्ये विद्युत सुविधा उपलब्ध भएका घरधुरीको दृष्टिबाट *काँईलो (चौँथो)मा* पर्दछ ।
- जनसंख्या, शिक्षा र साक्षरता र वित्तीय पहुंचको हिसाबले *ठाईलो (पाँचौं)* हो ।
- भुगोल, महिला साक्षरता, शौचालयको उपलब्धता, औद्योगिक अवस्था, सहकारीमा पुंजि परिचालन, सडक पुर्वाधार, कुलगार्हस्थ उत्पादनमा प्रदेशको योगदान, मानव विकास सुचक र बहु आयामिक गरिवी समेतका दृष्टिले यसलाई *ठुलोकान्छो* (छैठौ) भन्नु उपयुक्त हुन्छ ।
- औसत उमेर, प्रतिव्यक्ति कुलग्राहर्स्थ उत्पादन, क्रयशक्ति र मौद्रिक रुपको गरिवीको अवस्थाको उन्नति सुकचकबाट यो सबभन्दा *कान्छो (सातौं)* देखिएको छ ।
- यो प्रदेश कुनै सुचकमा पनि *जेठो, माईलो र साईलो* हुन सकेको छैन । अथवा रोलक्रममा पहिलो, दोस्रो र तेस्रो हुन सकेको छैन ।
- यस प्रदेशका अधिकांश सुचक *राष्ट्रिय औसत भन्दा तल* छन् ।

## २.२.३ डोटी जिल्लाको परिदृश्य

१. नेपालको संविधान (२०७२) जारी भए पछि प्रदेश नं. ७ मा रहेको डोटी जिल्ला हाल सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्दछ । यस जिल्लाको कूल क्षेत्रफल २०२५ वर्ग कि.मि. रहेको छ । यस जिललामा गाउँपालिका-७ र नगरपालिका संख्या २ रहेका छन् । कूल जनसंख्या २,११,७४६ मधये पुरुष ९७२५२(४५.९ प्रतिसत) र महिला ११४४९४ (५४.१ प्रतिशत) छ । समुद्र सतहवाट ६०० मिटरदेखि ३४३० मिटरको उचाईमा रहेको यस जिल्लाको हावापानीमा विविधताका छ । जिल्लाको ६० % भू–भाग समशितोष्ण, १७ %

भू–भाग अर्धोष्ण र २३ % भू–भाग शीत प्रदेशमा पर्दछ । अधिकतम तापक्रम ४४ डि.से.(दिपायल) देखि न्यूनतम तापक्रम -२० डि.से.(खप्तड क्षेत्र) रहेको पाइन्छ । औसत वार्षिक वर्षा १३४७ मि.मि. हुन्छ र लगभग ७० प्रतिशत वर्षा गृष्मकालमा हुने गर्छ ।

## २.२.४ दिपायल सिलगढी नगरपालिका

## २.२.४.१.भौगोलिक, आर्थिक र सामाजिक अवस्था

१. नेपालको संविधान (२०७२) वमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था वमोजिम स्थानीय तह पुन:संरचना आयोगको सिफारिस वमोजिम वि.सं.२०७३ सालमा साविक लडागडा गाविस, कलेना गाविसका पुरै वडाहरु तथा खातिवडा गाविसको वडा नं. ४,५,६ र वगलेक गाविसको ८ र ९ नं. वडाहरु समेतलाई मिलाई क्षेत्र विस्तार भएको नगरपालिकामा जम्मा ९ वटा वडाहरु छन् । सामुद्रिक सतह ६०० मिटर देखि २१५६ मिटरसम्म रहेको न.पा.को क्षेत्रफल १२६.६२ वर्ग कि.मि रहेको छ ।

२. सेती नदी किनाराको क्षेत्रमा उष्ण हावापानी छ । खप्तड, वगलेक, नारिदाङ आदि क्षेत्रले शीतोष्ण हावापानीको प्रतिनिधित्व गर्दछन् । यहांको अधिकतम तापक्रम ४४ डि.से.(दिपायल) देखि न्यूनतम तापक्रम -२० डि.से.(खप्तड क्षेत्र) हुन्छ । अधिकतम् औषत बर्षा १२.९ मि.मि हुनछ । हावापानी र भौगोलिक विविधताको प्रभाव जैविक विविधता, सामाजिक परिवेश एवं रहनसहनमा पनि स्पष्ट देख्न सकिन्छ । नगरपालिकाले ओगटेको जम्मा भुभाग १२६६१.८१ हेक्टर (१२६.६२ वर्ग किलो मिटर) रहेको छ ।

३. नगरपालिका क्षेत्रमा ७६६४ परिवारमा १८११४ महिला र १७०२४ पुरुष गरी कुल ३५१३८ मानिस बसोबास गर्दछन । जम्मा २७ वटा प्रमुख जातजाति बसोबास रहेकोमा क्षेत्री सबैभन्दा बढी (६१.३३ प्रतिशत) छन् । कुल घरपरिवारहरु मध्ये ४२ प्रतिशतको परिवारको सदस्यहरु कुनै न कुनै काम विशेषले अस्थायी रुपमा घरवाहिर वस्ने गरेको पाईएको छ । कुल जनसंख्यामा औसत १८ प्रतिशत (पुरुष १२ प्रतिशत, महिला ६ प्रतिशत) रोजगारीको सिलसिलामा देश वाहिर रहेको देखिन्छ ।

४. वार्षिक पारिवारिक आम्दानी औसत रु.२९६६७२।- र प्रति व्यक्ति आय औसत ७८५ अमेरीकि डलर रहेको पाईएको छ । यो आय अंक नेपालको प्रतिव्यक्ति औसत आय १००४ अमेरिकि डलर भन्दा करिव २२ प्रतिशतले कम हो ।

५. यस नगरपालिका पूर्णरुपमा कृषिमा आश्रित हुने परिवारको अनुपात ५८ प्रतिसत रहेको छ । कृषि तर्फ क्षेत्रफल र उत्पादनको आधारमा खाद्यान्न बालीले नै प्रमूख स्थान ओगटेको छ । खाद्यान्न बाली मध्ये गहूं, मकै, धान, कोदो जस्ता बालीहरु प्रमुख हुन् । उन्नत वीउ तथा मलको अभाव र परम्परागत खेती प्रणालीका कारण बर्ष दिन खान पूग्ने करिव २२ प्रतिशत मात्र मानिसहरु रहेका छन् । व्यवसायिक पशुपालनको काम नभए पनि ९५ प्रतिशतले पशुपालन गर्दछन् ।

६. यस नगरपालिकामा राष्ट्रिय स्तरका उद्योगहरु छैनन् । परम्परागत हाते कागज उद्योग र केही फर्निचर उद्योगहरु मात्र दर्ता भए पनि केही मात्र संचालनमा छन् । केही कुटानीपिसानीका साना मिलहरु छन् ।

७. खप्तड राष्ट्रिय निकुञ्ज, खप्तड स्वामी आश्रमको प्रवेशद्वार, शैलेश्वरी भगवती क्षेत्र, ऐतिहासिक सिलगढि किल्ला, डोटेली राजाको दरवार र कोट भैरव प्रमुख पर्यटकीय स्थलहरु हुन । पर्यटकीय दृष्टिले सेतीनदीमा जलयात्राको लागि ऱ्याफ्टिङ्ग संचालनको समेत सम्भावना देखिन्छ ।

८. नगरपालिकामा १५ वर्ष भित्रका वालवालिका मध्ये छात्रतर्फ ३१ प्रतिसत र छात्रातर्फ ४१ प्रतिसत विद्यालय जांदैनन् वा गएर पनि छोड्छन् । कुल शैक्षिक जनशक्ति मध्ये करिव १२ प्रतिसत मात्र प्राविधिक तहको शिक्षा हासिल गरेको र वाँकि ८८ प्रतिसतले विषयगत शिक्षा हासिल गरेको पाईएको छ । कुल प्राविधिक जनशक्ति मध्ये पनि पुरुष प्राविधिकहरुको अनुपात ७४ प्रतिसत रहेको र महिलाहरुको अनुपात २६ प्रतिसतमा सिमित रहेको छ ।

९. नगरपालिका सेती राजमार्ग मार्फत राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । सेती राजमार्ग सहित यस नगरपालिका क्षेत्रमा करिव ४३.५ किलोमिटर वाटो कालोपत्रे भएको छ । यो वाहेक नगरपालिकामा ८१.२५ किलोमिटर वाटो ग्राभेल गरिएको र करिव ११५.५ किलोमिटर वाटोको ट्याक खोलिएको पाईएको छ ।

१०. मुख्य वजार केन्द्रहरु दिपायल, सिलगढी, राजपुर, पिपल्ला, दिपायल एयरपोर्ट एरिया, नारिदाङ आदि हुन् ।

११. बैक तथा वित्तिय संस्थाहरुको संख्या १२, बीमा कम्पनीहरु ५, विकास बैकको संख्या ५ र सहकारी संघ, वचत तथा ऋण सहकारी संस्था, वहुउद्देशिय तथा विषयगत सहकारी संस्थाहरुको संख्या २६ ओटा रहेका छन् ।

१२. कुल जनसंख्याको ३२ प्रतिसतले वैंक तथा वित्तिय संस्था मार्फत र १३ प्रतिसतले ग्रामिण सहकारी तथा लघुवित्त मार्फत बित्तीय कारोवार गर्दछन् ।

१३. पुरुष साक्षरता प्रतिशत ८२ प्रतिशत, महिला ४८ प्रतिशत र औसतमा ६४ प्रतिशत साक्षरता रहेको छ ।

१४. स्वास्थ्य सेवाको अवस्थामा दुरीको दृष्टिले तीन घण्टासम्म हिड्नु पर्ने अवस्था छ । औपाचारिक रुपले धारा मार्फत ७६ प्रतिशत घरधुरीले खानेपानीको प्रयोग गर्दछन् ।

१५. कुल घुरधुरी मध्ये ९३.५७ प्रतिसतको घरमा शौचालय निमार्ण भएको छ ।

१६. करिब १७ प्रतिशत महिलाको स्वामित्वमा सम्पत्ति रहेको पाईन्छ । यो क्रम बढ्दो छ ।

१७. नगरपालिका क्षेत्र भित्र २ वटा खेल मैदान र एउटा कभर्डहल छ ।

१८. सेती राजमार्गले ओगटेको क्षेत्र छोड्ने हो भने कालोपात्रे सडक अत्यन्त न्युन ७ किमी मात्र छ, सार्वजनिक सवारी साधनमा चढ्न कतिपय वडाबासी अझै घन्टासम्म पनि हिड्नु पर्ने अवस्था छ ।

## २.२.४.२. नगरपालिकाका सबल पक्ष, दुर्बल पक्ष र चुनौतीहरु

नगरपालिकाको समग्र आर्थिक, सामाजिक, भौतिक संरचना र श्रोतको लेखाजोखा गर्दा यसका सवल पक्ष, दुर्वल पक्ष र चुनौतीहरु निम्नानुसार रहेको पाइएको छ ।

**क) सबल पक्षहरु**

- मानवीय तथा प्राकृतिक साधानको उपलब्धता,
- कृषि, पशुपालन तथा फलफुल उत्पादनको प्रचुर संभावना,
- जैविक, भौगोलिक, सामाजिक, सांस्कृतिक तथा हावापानीगत विविधता,
- विविध खालका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको उपलब्धता,
- उत्तरमा उच्च पहाड तथा हिमाली र दक्षिणमा तराई तथा भारतको सिमानासंग पहुंच,
- क्षेत्रीय तथा प्रादेशिक तहका संरचानहरुको उपलब्धता
- प्राकृतिक सौन्दर्यता तथा सांस्कृतिक सम्पदाको उपलब्धताले पर्यटन विकासको संभावना,
- चिराइतो, दालचिनी, टिमुर,बोझ्रो,सुगन्धवाल, अमला, रिठा, तेजपात, पाषाणवेद, सिलाजित, सुनझ्राडी, कुरिलो, चुत्रो, जटामसी, सुनगाभा, भार्ला, कचुर, असुरो, हर्रो, बर्रो आदि वनस्पति तथा जडिबुटिको उपलब्धता ।

**ख) दुर्बल पक्षहरु**

- दक्ष र प्राविधिक जनशक्तिको न्यून उपलब्धता,
- तुलनात्मक रुपमा न्यून भौतिक संरचनाको उपलब्धता,
- आवश्यकताको तुलनामा न्यून लगानी, आधुनिक प्रविधिको न्यून प्रयोग र न्यून उत्पादन,
- उत्पादित वस्तुको बजारमा अपर्याप्त पहुंच ।
- करिव एक तिहाई जनसंख्या गरिवीको रेखामुनी रहेको अवस्था ।
- न्यून लगानी र न्यून उत्पादनको परिणामस्वरुप न्यून आय ।
- सामाजिक सम्बर्द्धन तथा विकासको दृष्टिले पछाडि परेको ।
- अधिकांश भिरालो र ओरालो भुबनोट भएको अवस्था,
- कुवा, पोखरी जस्ता पानी संरक्षण गर्ने विषयले ओगटेको क्षेत्र न्यून ।
- तीन चौथाई परिवार आफ्नै उत्पादनबाट ६ महिना भन्दाकम धान्नसक्ने अवस्था रहेको ।
- कृषि उत्पादन बिक्री गर्न तीन घण्टासम्म धाउनु पर्ने अवस्था रहेको ।
- ९५ प्रतिशत परिवारले पशुपालन गर्ने भएपनि निर्वाहमुखी मात्र भएको ।

### ग) चुनौतीहरु

- मानवीय श्रोतको दक्षता र गुणस्तर अभिवृद्धि गरी उनीहरुको उत्पादकत्व बढाउनु पर्ने,
- आर्थिक सामाजिक अवस्थालाई माथि उचाल्न र आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्न भौतिक संरचनाको निर्माण, सम्वर्द्धन र संरक्षण गर्नु पर्ने,
- उपलब्ध प्राकृतिक श्रोत साधानको सम्बर्धन तथा दीगो रुपमा प्रयोग गर्नु पर्ने,
- भौगोलिक अवस्था तथा भुबनोट अनुसारको उत्पादन कार्यक्रमको प्रवर्द्धन
- व्यवस्थित शहर निर्माणको कार्य अघि बढाउनु पर्ने,
- कृषि तथा फलफुलको उत्पादन र उत्पादकत्व अभिवृद्धि र मुल्य अभिवृद्धि गर्नु पर्ने,
- जैविक, भौगोलिक, सामाजिक, सांस्कृतिक तथा हावापानीगत विविधताको दीगो उपयोगद्वारा पालिकालाई यस क्षेत्रको प्रमुख पर्यटकीय केन्द्रको रुपमा विकास गर्नु पर्ने,
- विविध खालका ऐतिहासिक तथा सांस्कृतिक सम्पदा सम्वर्द्धन र संरक्षण गर्नु पर्ने,
- उत्तरमा तथा दक्षिण दुवैतर्फको पहुंच सुविधाको प्रवर्द्धन गर्नु पर्ने ,
- योजनाको लक्ष हासिल गर्ने गरी नयां संरचनाको निर्माण तथा उपलब्ध संरचानाहरुको समुचित प्रयोग गर्नु पर्ने,
- लगानी तथा प्रविधिको प्रयोगमा बढोत्तरी गरी उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्दै उत्पादित वस्तुको बजारमाथिको पहुंच बढाउनु पर्ने ।
- नगरपालिका भित्रका नागरिकको आय तथा सामाजिकस्तर उचाल्नु पर्ने ।
- महिला, अशक्त, अपांगता भएका तथा आर्थिक सामाजिक रुपमा पछि परेका समुदायको उत्थान हुनु पर्ने ।

### घ) विशेष प्रकृतिको संभाव्यता

भविष्यमा निर्माण हुने संघीय तथा प्रदेशस्तरका संरचना तथा पूर्वाधारको उपयोग तथा तीनबाट आर्थिक क्रियालापमा अभिवृद्धि हुने अवसरको सिर्जना र त्यसको उपयोग गर्नुपर्ने । जस्तैः धनगढी हुंदै दिपायल जोडिने द्रुतमार्ग तथा सेती लोकमार्गले यस क्षेत्रको विकासमा पार्ने प्रभाव एवं तीनको आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त गर्न लगानी तथा उत्पादन सम्बन्धमा गर्नु पर्ने कार्य ।

### ङ) प्राथमिकता पहिचानः

**प्राथमिकतामा राख्नु पर्ने प्रमुख क्षेत्रहरु निम्न अनुसार पहिचान भएका छन्:**

१. मानव संशाधन (विकास तथा जनशक्तिको प्रवर्द्धन),

२. कृषि क्षेत्र, पशुपालन (आधुनिकिकरण,औद्योगिकीकरण एवं व्यवसायिकिकरण),

३. पानीको उपयोग (उद्देश्यत प्रयोग वृद्धिगरी पानीको गति कम गर्ने)

४. उद्योग (स्थानीय श्रोत साधनमा आधारित),

५.	पर्यटन (***नगरलाई पर्यटकीय दृष्टिले प्रादेशीक राजधानीका रुपमा विकास गर्ने)।*** [1]

६.	पूर्वाधार निर्माण (अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउने)

७.	पछि परेको परिवार र वर्ग समुहको उत्थान ।

**८.वडागत प्राथमिकता**

वडाहरुको विकासको अवस्था, यातायात सुविधामा पहुंच, विद्युत् सेवामा पहुंच, स्वास्थ्य सेवामा पहुंच, शिक्षा, खानेपानी, रोजगारीको लागि नगरबाहिर गएको अवस्था आदि सुचकको आधारमा कम पहुंच भएका वडा क्षेत्रको विकासको लागि प्राथमिकतामा राखिने ।

८.१.	रोजगारीको लागि बाहिर गएका अवस्थाको दृष्टिले वडा नं २, ५, ७, ३ र ६ का बढि व्यक्ति बाहिर छन् ।

८.१.२.	वडा नं ९, ८ र २ कृषिमा बढि आश्रित छन्, कृषि तथा पशु सम्बन्धी सेवा लिन तय गर्नु पर्ने दुरीको दृष्टिले वडा नं ७, १, ८ र २ टाढा पर्दछन् । अधिकतम तीन घण्टासम्म हिंड्नु पर्ने अवस्था छ ।

८.१.३.	खाद्य उपलब्धताको दृष्टिले वडा नं ९, ८, ५, ६, ७ र १ को अवस्था तुलनात्मक दृष्टिले नाजुक छ ।

८.१.४.	स्थानीय कृषिबजार सम्मको दुरीको दृष्टिले वडा नं ७, १, २, ८ र ५ टाढा रहेका छन् । अधिकतम तीन घण्टासम्म हिंड्नु पर्ने अवस्था छ ।

८.१.५.	संस्थागत माध्यमबाट वित्तीय साधन वा कर्जामाथि पहुंचको दृष्टिले वडा नं ९, ८ र ७ को अवस्था कमजोर देखियो, यी वडामा ७० प्रतिशत सम्म साहुमाहाजनमा निर्भर रहेको देखिन्छ ।

८.१.६.	औसत उमेरको दृष्टिले वडानं २, ४, ६, १ र ९ को अवस्था कमजोर छ, नगरपालिकाको औसत आयु राष्ट्रिय औसत आयु भन्दा तल छ ।

८.१.७.	स्वास्थ्य संस्थासम्म पुग्न तय गर्नु पर्ने बाटोको लागि लाग्ने समयको दृष्टिले वडा नं ७, ८, १, २ र ५ का वडाबासीले बढि हिंड्नु पर्छ । अधिकतम तीन घण्टासम्म हिंड्नु पर्ने अवस्था छ ।

८.१.८.	वडा नं ९, ८, ५, १, २ र ७ का ७० प्रतिशत भन्दा बढि बासिन्दा ढुंगा माटोले बनेका परम्परागत घरमा बस्दछन् ।

८.१.९.	सुरक्षित र घरआंगनमा खानेपानीको उपलब्धताको दृष्टिले वडा नं १, ७, ८, ९ र २ कमजोर रहेका छन् ।

---

[1] दीगो, स्थानीय श्रोतमा आधारित, फराकिलो, गरीवमुखी पर्यटनको विकास ।

८.१.१०. सुरक्षित शौचालयको सुविधाको दृष्टिले वडा नं ७, ६, ३, ४, ५ को अवस्था कमजोर छ ।

८.१.११. महिला भुस्वामित्व दृष्टिमा वडा नं ९, ८, ७, १ र २ को अवस्था कमजोर छ, वडा नं ९ मा यस्तो संख्या शुन्य छ ।

८.१.१२. यातायातको सवारी प्राप्त गर्ने प्रयोजनका लागि घरवाट दुरी पार गर्ने दृष्टिले २, ७, १, ९ र ८ का जनताले बढि दुरी पार गर्नु पर्छ, औसतमा ४० मिनेट र बढिमा दुई घण्टा समय हिड्नु पर्छ ।

८.१.१३. आय आर्जनको दृष्टिले वडा नं ९, ८ ७, ३ र ५ कमजोर रहेका छन् ।

यी १३ वटा सुचकमध्ये वडा नं. ८ अथवा लाडागडा र वडा नं. ९ सबभन्दा कमजोर देखियो । त्यस पछि वडा नं १, २ र ७ आउंछन् । तसर्थ विकासका योजना तर्जुमा गर्दा यी वडाहरुलाई प्राथमिकतामा राखिने छ ।

प्रस्तुत विश्लेषण तथा प्राथमिकता पहिचानले गुरुयोजनाको खाका तयार गर्ने आधार सिर्जना गरेको छ । विश्लेषणबाट पहिचान हुन आएका सबल तथा दुर्वल पक्षहरु, देखिएका चुनौति तथा सम्भावना र त्यसबाट पहिचान गरिएका प्राथमिकताको आधारमा गुरुयोजनाको सोच, लक्ष र उद्देश्य निर्धारण गर्न सहयोग पुगेको छ ।

# भाग-३

# गुरुयोजनाले लिएको सोच, गन्तव्य,उद्देश्य तथा रणनीति

## ३.१ दीर्घकालीन सोचः

दिपायल सिलगढी नगरपालिकालाई समृद्ध तथा समुन्नत बनाउने ।

## ३.१.१ योजनाको दुर दृष्टि, गन्तव्य, सोच, लक्ष र उद्देश्य

### क. दुरदृष्टि र गन्तव्य

नगरपालिकालाई स्थानीय श्रोतको उपलब्धता र थप संभाव्यताको आधारमा विकास गरी उच्च, समन्यायिक फराकिलो र दिगो आर्थिक वृद्धिको माध्यमद्वारा नगरवासीको जीवनमा गुणस्तरीय परिवर्तन ल्याई सुखी र खुसी जीवनको अनुभुति दिलाउने ।

### ख.दीर्घकालीन सोच

अर्थतन्त्रका सबै सरोकारवालाहरुको साझेदारीमा उपलब्ध तथा सम्भावित श्रोतको दीगो ढंगले उपयोग गरी नगरलाई समुन्नत र समृद्ध बनाउने सोच राखेर अघि बढ्ने ।

### ग. प्रमुख उद्देश्य

नगरलाई सम्मृद्ध र नगरवासीलाई सुखी तथा खुसी बनाउनको लागि गन्तव्य, सोच तथा लक्षगत आधार तयार गर्नु ।

### घ. विशेष उद्देश्यहरु

१) पर्याप्त र उपयुक्त चरित्रको लगानीको माधयमद्वारा दिगो वृद्धि संगै सन्तुलित विकासको आधार तयार गर्नु ।

२) प्राथमिक क्षेत्र (कृषि पशुपालन समेत)लाई उत्पादकत्व र उत्पादन बढाउने तथा द्वितीय (उद्योग) क्षेत्रसँग समायोजन गरी मुल्य अभिबृद्धि गराउनु ।

३) समाजका आर्थिक सामाजिक रुपले पछाडी परेका घर परिवार तथा वर्ग र समुदायको आर्थिक सामाजिक स्तर माथि उठाउनु ।

४) विकासको चरित्रलाई (क) समावेशी, (ख) श्रोतको प्रयोगलाई दक्ष र प्रभावकारी तथा (ग) कार्यव्यबहारलाई शुसाशित तथा अनुशासति बनाउनु ।

५) सम्पुर्ण नगरवासीको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउनको लागि गर्नु पर्ने मुख्य कार्यहरु स्पष्ट भएको दीर्घकलीन योजनाको खाका तयारी गर्नु ।

## ३.१.२ योजनाका मान्यता तथा सीमाहरु

(क) यो निर्देशक दस्तावेज हो, यो आफैं कार्यान्वयनमा जाने दस्तावेज होइन ।

(ख) यसलाई कार्यान्वयनमा लैजान क्षेत्रगत योजनासंगै आवधिक योजनामा खण्डिकरण गर्नु पर्दछ ।

(ग) योजनाको खाका तयार गर्दा पुरै अवधिको संख्यात्मक विवरण अनुमान लगाउन अव्यबहारिक हुने हुंदा आशिंक अवधिको संख्यात्मक विवरण मात्र सांकेतिक रुपमा प्रस्तुत गरिएको छ ।

(घ) यसको कार्यान्वयन संघ तथा प्रदेशसंगको सहकार्य तथा समन्वयमा मात्र हुन सक्छ ।

(ङ) निर्धारित गरिएका प्रमुख लक्षहरु हासिल गर्ने सम्बन्धमा तल उल्लेखित प्रमुख रणनीतिहरुले एकअर्कासंग अन्र्तसम्बन्धित भएर काम गर्दछन् ।

(च) यो एक जीवन्त दस्तावेज हो, आवधिक रुपमा यसमा आवश्यक परिमार्जन हुन सक्दछ ।

(छ) योजनाको उद्देश्य तथा लक्ष हासिल गर्न तेर्सो रुपमा सार्वजनिक (सरकार), नीजी क्षेत्र तथा सहकारी, सामुदायिक क्षेत्रको संयुक्त प्रयास एवं ठाडो रुपमा तीनवटै तहका सरकारवीच सहकार्य गरेर अघि बढ्ने षठ्कोणीय संरचनामा कार्य गरिने छ ।

## ३.१.३. योजना निर्माणका मार्गदर्शक सिद्धान्तहरु

गुरु योजनाले लिएको सोच, दुर दृष्टि र गन्तव्यको निर्धारणको सम्बन्धमा अवलम्बन गरिएका मार्गदर्शक सिद्धान्तहरु निम्न अनुसार छन् ।

१) संविधानले अवलम्बन गरेको अर्थराजनीतिक दर्शन ।

२) संघीयतालाई संस्थागतगर्दै दिगो बनाई स्थानीयतह बाट साधनको उच्चतम् परिचालन र प्रयोग ।

३) सार्वजनिक क्षेत्र, नीजि क्षेत्र र सहकारी समेतका राज्यका प्रमुख साझेदारहरुवीच उच्च सहकार्य र साझेदारी ।

४) नगरपालिकालाई मध्यम आयको सहरमा रुपान्तरण गरी उच्च आय हुने नगरपालिकाको रुपमा विकास गर्ने,

५) श्रोतको पहिचान, प्रवर्द्धन, संरक्षण, विकास, विवेकपुर्ण परिचालन तथा वितरण र दीगो ढंगले उपयोग ।

६) पुर्वाधारको विकास, सम्वर्द्धन र सुरक्षाको विषयलाई नविर्सने,

७) उत्पादन तथा उत्पादकत्व दुवैमा वृद्धि ल्याउने ।

८) समावेशी तथा समन्यायको प्रवर्द्धन गर्ने ।

९) आधुनिक प्रविधीको उच्चतम् प्रयोग गर्ने ।

१०) शुसाशन र जवाफदेहिता ।

११) मानिस, माटो (खनिज समेत), पानी र प्रविधि वीचको समुचित संयोजन ।

## ३.१.४ योजनाका रणनीति र लक्ष्यहरु

### गुरुयोजनाले लिने रणनीतिहरु

### मूल रणनीति

योजनाको उद्देश्य तथा लक्ष हासिल गर्न तेर्सो रुपमा सार्वजनिक (सरकार), नीजि क्षेत्र तथा सहकारी, सामुदायिक क्षेत्रको संयुक्त प्रयास एवं ठाडो रुपमा तीनवटै तहका सरकारवीच सहकार्य गरेर अघि बढ्ने षठ्कोणीय संरचनामा कार्य गरिने ।

### रणनीतिहरु

१. प्राकृतिक तथा अन्य श्रोतको दीगो, भरपर्दो र प्रभावकारी ढंगले संरक्षण, प्रवर्द्धन र प्रयोग गर्ने ।

२. नगरबासीहरुलाई दीर्घजीवि, स्वस्थ्य, शिक्षित, उद्यमशील तथा चेतशील बनाउन सामाजिक सेवाका क्षेत्रलाई सहज, सुलभ तथा सबैको पहुंचयोग्य र प्रभावकारी बनाउने ।

३. लगानी प्रबर्द्धनको माध्यमबाट उत्पादन तथा रोजगारी अभिबृद्धी गर्ने ।

४ नगरको सबै क्षेत्र र समाजका सबै लिंग, वर्ग, समुदाय र उमेर समुहका नगरबासीलाई समन्यायिक ढंगले श्रोतमा पहुंच, अवसर तथा विकासको प्रतिफल उपलब्ध गराउने ।

५. जीवनलाई मर्यादित, खुसी र स्वस्थ्य राख्न चाहिने क्षेत्रहरुको प्रबर्द्धन गर्ने ।

६. क्षेत्रगत विकास तथा बजार र आवश्यक सामाजिक सेवामा पहुँच अभिवृद्धि गर्न अनुकूलका पूर्वाधार निर्माण तथा प्रवर्द्धन गर्ने ।

७. सफा, स्वच्छ, सुन्दर तथा सुरक्षित, सुविधायुक्त शहर र पहुँचयोग्य बसोबासको निर्माण ।

८. आय/राजस्व परिचालन सम्बन्धी विषयलाई न्यायोचित तथा क्षमता अनुकूल र लगानी एवं खर्च अनुकूल बनाउने ।

९. नगरको कार्यलाई (क) प्रशासनको दृष्टिले चुस्त तथा (ख) विकासको दृष्टिले प्रतिस्पर्धात्मक, गतिशील र प्रभावकारी बनाउन आवश्यक नीति, क्षेत्रगत रणनीति तथा कानुन र आवधिक योजना यथासमय तयार गरिने ।

## ३.१.५. सन्तुलित विकासको खाका:

नगरका ९ वडा मध्ये, विभिन्न सुचकबाट केलाएर हेर्दा, वडा नं. ८ अथवा लाडागाडा सबभन्दा कमजोर देखिएको छ । त्यसपछिको क्रममा वडा नं ९, १,२ र ७ पर्न गएका छन् । त तसर्थ विकासका योजना तर्जुमा गर्दा यी वडाहरुलाई प्राथमिकतामा राखिनेछ । वडा नं १,२,५,७, ८ र ९ मा बाटोघाटो, स्वास्थ्य सम्बन्धी पुर्वाधार र कृषिबजार केन्द समेतका कृषि पुर्वाधारको निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ । यी कुराहरुलाई निराकरण गर्ने गरी क्षेत्रगत तथा विषयगत कार्यक्रम तयारी गरी कार्यान्वयनमा ल्याइने छ ।

सोको लागि आगामी दिनमा वडागत रुपमा सन्तुलित विकासको लागि योजना तयारी र साधनको विनियोजन गर्दा प्राथमिकताको संक्षिप्त खाका निम्न अनुसार हुनेछ ।

| **विषय र क्षेत्र** | **कृषि पुर्वाधार र खाद्य सुरक्षा** | **स्वास्थ्य क्षेत्र** | **आवास र शौचालय सरसफाई** | **खानेपानी** | **यातायात पूर्वाधार** | **सचेतना** |
|---|---|---|---|---|---|---|
| वडा नं | १,५,६,७,८,९ | १,२, ५,७,८ | १,२, ३, ४, ५, ६, ७, ८,९ | १,२, ७,८,९ | १,२, ७,८,९ | १,२, ३, ४, ५ ६,७,८,९ |

## ३.१.६. कार्यक्रमहरु

माथि उल्लेखित नौ वटा रणनीति अन्तर्गत निम्न तीन तहका कार्यक्रमहरु रहने गरी योजना तयार गरिएको छ ।

(क) स्थानीय गौरवका कार्यक्रम (अनुसूची-१मा दिईका छन्)

(ख) विशेष प्राथमिकताका कार्यक्रम (अनुसूची-२,३मा दिईउको छ)

(ग) नियमित कार्यक्रम (तल दिइए अनुसार)

यद्यपी माथिका तीन किसिमको कार्यक्रमहरु एक अर्कासँग अन्तरसम्बन्धित छन् ।

| **माथि उल्लेखित ९ वटा रणनीति अनुसारका रणनीति, क्षेत्र, नीति, कार्यक्रम तथा कार्यनीति** | |
|---|---|
| **रणनीति-१**<br>**(प्राकृतिक तथा अन्य श्रोतको दीगो, भरपर्दो र प्रभावकारी ढंगले संरक्षण, प्रवर्द्धन र प्रयोग गर्ने )।**<br>**(क्षेत्रहरु**: मानव श्रोत, पानी, वन, वनस्पति, खनिज, वातावरण) | |
| **रणनीति-१ संग सम्बन्धित नीति** | **कार्यक्रम तथा कार्यनीति** |
| **(क) मानव श्रोत** | रणनीति-१, संग सम्बन्धीत |
| - युवालाई पालिका भित्रै बस्ने वातावरण निर्माण गर्ने नीति लिने ।<br>- पालीकाका बासिन्दा ठाउं छोडी | -स्थानीय युवाले विद्यालय शिक्षा पुरा गरेपछि उनीहरुले रोजे अनुसार स्थानीय रोजगारीको लागि आवश्यक पर्ने प्राविधिक तथा व्यबसायिक शिक्षा र सीप स्थानीय तहमै |

| | |
|---|---|
| हिंड्नुका कारण पहिचान गरी मुलतः मानिसहरु राम्रो शिक्षाको अवसर, गुणस्तरीय र पर्याप्त स्वास्थ्य सेवा, पर्याप्त आय गर्न सक्ने रोजगारी र पानीको अभावको कारण बसाई सर्ने गरेको भन्ने मान्यताका सम्बन्धमा लेखाजोखा गरी ती विषयका सेवा तथा रोजगारी स्थानीय तहमा उपलव्ध गराउने वारेका नीति अघि बढाउने ।<br>- क्षेत्रगत विकासको परिकल्पना, विकास अनुरुप जनशक्ति निर्माण गर्ने गरी शिक्षा क्षेत्रको नीति त्यय गरी त्यस अनुरुप कामको सिर्जना गर्ने ।<br>- दैनिक रुपमा प्रयोग हुने र कम पुंजि तथा थोरै समयमा ग्रहणगर्न सकिने सीपबाट बन्ने वस्तुहरु बनाउने सम्बन्धमा महिलाहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिने ।<br>- परम्परागत व्यवसाय तथा सीप प्रवर्द्धन गरी स्थानीय स्रोतका आधारमा उत्पादन बृद्धि गराउने नीति तय गर्ने ।<br>- पशु,पंक्षिपालनको व्यवसायिकीकरणका लागि नीति तय गर्ने ।<br><br>- **उत्साहित युवाहरुले कृषि, पशुपालन तथा उद्योगका** क्षेत्रमा थालनी गरेका उदाहरणीय उद्यमशीलतालाई नमुना बनाएर नगरपालिकाभरी विस्तार गर्न ती युवाहरुलाई उत्प्रेरित गर्ने गरी नीति बनाइने । | प्राप्त हुने व्यबस्था गर्नकोलागि शिक्षा सम्बन्धी आवश्यक कार्यक्रमको तयारी गर्ने । (**सार्वजनिक, नीजि तथा सहकारी तिनवटै क्षेत्रबाट सिर्जना हुने रोजगारीको आवधिक प्रक्षेपण गर्ने । अनुसुचि २**)<br>- विद्यालय वा महाविद्यालयमा अध्ययनरत र बेरोजगार युवालाई सार्वजनिक सेवा प्रदान गर्नु पर्ने अवस्थामा हुने वा बजार, जात्रा तथा मेला जस्ता समयमा भिडभाडको व्यवस्थापन, सरसफाई, सार्वजनिक यातायातमा नागरिक प्रतिष्ठाको सुरक्षा अभियान र स्थानीय श्रोत संरक्षण तथा प्रवर्द्धन सम्बन्धमा चेतना अभिवृद्धि, स्वास्थ्य सम्बन्धी जागरण अभियान कार्यमा समावेश गराउन निश्चित समयका लागि स्वयंसेवा उत्प्रेरणा भत्ता उपलब्ध गराउने गरी युवा जागरण आंशिक रोजगार कार्यक्रम संचालन गरिने ।<br>- मुगा, माला, नेकलेस समेतका महिलाहरुले चाडपर्व तथा महोत्सव एवं दैनिक रुपमा प्रयोग हुने वस्तु उत्पादन गर्न सिप, प्रविधी, प्रारम्भ पुंजि र बजारीकरण गर्ने वारेका कार्यक्रम संचालन गर्ने ।<br>- नागरिकको जीवनको समग्र क्षेत्रमा सकारात्मक प्रभाव पर्ने गरी निम्न क्षेत्रमा आवश्यक कार्यक्रम संचालन गरेर मानव विकास सुचक माथि उचाल्नेः<br>- स्वास्थ्य क्षेत्रमा प्रभवकारी कार्यक्रम संचालन गर्ने ( रणनीति २ अनुसार) ।<br>- पानीको श्रोत पहिचान, श्रोत संरक्षण, पानीको उद्देश्यगत उपयोग, प्रयोग तथा वितरण सम्बन्धी कार्यक्रम । (रणनीति १)।<br>- परम्परागत पेशा व्यवसायलाई आधुनिक प्रविधिसँग जोडेर वृहत उत्पादन गर्न सक्ने गरी सीप प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- पशुपंक्षीपालनको व्यवसायिक विकासका लागि नगरपालिकावाट अनुदानको व्यवस्था मिलाउने, साथै संघ, प्रदेश सरकारसँग सहकार्य गरी विशेष कार्यक्रम संचालन गर्ने ।<br>- नगरभित्रका उत्साहित युवाहरुले संचालन गरेका कृषि, पुशपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुलाई विशेष प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने । |
| **(ख) पानी, जल नदी तथा ताल तलैया** | **कार्यक्रम तथा कार्यनीति (रणनीति-१, संग सम्बन्धीत)** |
| - पानीका स्रोतको पहिचान तथा संरक्षण गर्ने नीति तय गर्ने ।<br><br>- पानीको उपयोग गर्दा पुनःर्भरण, पानीको बहुपक्षीय प्रयोगलाई दीगो र भरपर्दो | - वन तथा सम्बन्धित अन्य निकायसंगको सहकार्यमा श्रोत पहिचान, मुहान संरक्षण तथा पानी स्वच्छ राख्ने कार्यक्रम संचालन गर्ने ।<br>- स्थानीय आवश्यकता अनुसार पानीको प्रयोग क्षेत्रगत प्रयोगका कार्यक्रम । |

| | |
|---|---|
| बनाउने, श्रोतको दीगोपनामा प्रतिकुल असर नपारी यसको उच्चतम् प्रयोग गर्ने नीति लिने ।<br>- पानीको गुणस्तर खस्कने नदिने, पानीलाई अलमल्याउने, गति कम गर्ने र उत्पादन तथा दैनिक जीवनमा बढि उपयोग गर्ने नीति लिने ।<br>- खानेपानीको क्षेत्रमा आवश्यकता र औचित्यता सहलगानी, लागत साझेदारी, लागत उठ्तीको सिद्धान्त अनुरुप अनुरुपका कार्यक्रम संचालन गरी खानेपानीको आपुर्तिलाई दीगो र भरपर्दो बनाउने (रणनीति ६ मा थप र विशेष व्यबस्था छ) | **- पानीसंग प्रेम गर्ने कार्यक्रम संचालन गर्ने ।**<br><br>खानेपानी, सिंचाई, विद्युत् उत्पादन र माछापालन तथा नदी, खोला र खोल्सीका पानीको वहाव मिलान (पानी तर्काउने) कार्यक्रमका अतिरिक्त भुबनोट तथा जग्गाको उपलब्धताको आधारमा संभव भएसम्म (पालिकाले प्राविधिक सहयोग उपलब्ध गराउने गरी निजी तहमा **एक परिवार एक पोखरी वा आहाल र सरकारी एवं सामुदायिक तहमा एक वडा पांच पोखरी निमार्ण गर्ने जस्ता पानीसंगको प्रेम प्रवर्द्धन गर्ने कार्यक्रम ।**<br><br>- पानीको प्रयोगलाई उर्जा र प्रविधिसंग जोड्ने कार्य र सौर्य उर्जाको प्रयोग गरी लिफ्ट सिचाईं आदि कार्यक्रम गरेर पानीलाई अल्मल्याउने, उत्पदान तथा दैनिक रुपमा प्रयोगमा ल्याउने । |
| **(ग) जमिन तथा खनिज** | **कार्यक्रम तथा कार्यनीति** |
| - संघीय तथा प्रदेशीक नीति प्रतिकुल नहुने गरी नगर क्षेत्रमा भएका र संभाव्य खनिजको संरक्षण, उत्खनन तथा प्रयोग सम्बन्धी नीति निर्माण गर्ने ।<br>- खनिजको प्रयोग गर्दा भूक्षय र वातावरणमा प्रतिकूल प्रभाव हुन नदिने नीति लिने ।<br>- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाको लगत तयार गरी अतिक्रमित जग्गा पहिचान, सो जग्गा नगरपालिकाको नियमन्त्रणमा ल्याउने तथा त्यसको संरक्षण तथा उचित प्रयोगको प्रवन्ध गर्ने नीति लिने । | - संभावित खनिजको श्रोत खोजी र दिगो उपयोग सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>- खनिज सम्बन्धी स्थानीय श्रोतको प्रयोग, स्थानीय स्तरको विकास, निर्माण तथा व्यवसायिक कार्यमा प्रयोग सम्बन्धी कार्यक्रम । जस्तै : स्लेट ढुंगाको प्रयोग स्थानीय वाटोघाटो, पदमार्ग, सार्वजनिक तथा नीजि घर कम्पाउण्डमा बढी भन्दा बढी प्रयोग गर्ने गरी कार्यक्रम संचालन ।<br>- खनिजजन्य वस्तुको उत्खनन् हुने क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुवाट मात्र खनिज श्रोतको उपयोग गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- खनिजजन्य वस्तुको प्रयोग गर्दा हुन सक्ने वातावरणीय प्रभाव नियन्त्रणका कार्यक्रम संचालन गर्ने । |
| **(ग) वन, वनस्पति तथा जीवजन्तु** | **कार्यक्रम तथा कार्यनीति (रणनीति-१, संग सम्बन्धीत)** |
| - वनको प्रकृति र वर्ग अनुरुपउपयोग गर्ने नीति लिने ।<br>- संघीय तथा प्रादेशिक नीतिलाई आधारमानि स्थानीय वन, वनस्पति र जीवजन्तुको स्थानीय स्तरमा संरक्षण र वातावरण गर्दै यसलाई जीवन उपयोगी तथा आयमुलक बनाउने नीति लिने ।<br>- वनको संरक्षण तथा विकासलाई विकास तथा दैनीक जीवनका अन्य पक्षमैत्री बनाई वन, वनस्पति तथा जीवजन्तुको संरक्षण तथा सम्बर्द्धनलाई दीगो | - वनलाई उद्योग समेतका आय उपार्जन र आर्थिक क्रियाकलापक संग जोड्ने कार्यक्रम (जस्तैः फर्निचर, काष्ठकला, पर्यटन)<br>- काष्ठ तथा गैरकाष्ठजन्य वस्तुको औद्योगिक एवं घरायसी प्रयोगको संभाव्यता खोजी सोही अनुसार कार्यक्रम संचालन गर्ने ।<br>- वनमा आधारित पर्यटन प्रवर्द्धन कार्यक्रम ।<br>- संघीय तथा प्रादेशिक नीति तथा कानुन अन्तर्गत रहेर वनमा रहने जीवजन्तुको व्यवसायिक पालन गर्न स्थानीयलाई उत्प्रेरित गर्ने कार्यक्रम ।<br>- सामुदायिक वनहरुको अवस्था राम्रो रहेकाले तिनबाट प्राप्त |

| | |
|---|---|
| बनाउने नीति लिने ।<br>- वनको विकासलाई जलाधार अर्थात् नदी वा खोला खोल्सी प्रणालीसंग जोड्ने र पानीको मुहान संरक्षण आधारको रुपमा विकास गर्ने नीति लिने । | हुने श्रोत अनुसारका उद्योगहरुको विकास तथा विस्तार कार्यक्रम संचालन गर्ने ।<br>- नगरको वडा नं. ६,५,४ भित्रको भिरालो र खाली जमिनमा वृक्षारोपण गरी त्यसलाई वन, उद्योग, पर्यटन, तथा वातावरणसंग जोड्ने कार्यक्रम ।<br>- संघीय तथा प्रदेश सरकार सँग समन्वय गरी कार्वन बिक्री गर्ने वारे अध्ययन तथा त्यसलाई नतिजामा रुपान्तरण गर्ने कार्यक्रम ।<br>- चिडियाखाना स्थापना गर्ने वारे संभाव्यता अध्ययन गरी चिडियाखाना संचालन गरी त्यसलाई जीवजन्तु संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- लोपोउन्मुख वस्नपतिको पहिचान गरी संरक्षणको कार्यक्रम संचालन गर्ने ।<br>- जीवजन्तुको वासस्थान संरक्षण, लोपोउन्मुख जीवजन्तुको संरक्षण लगायतका कार्यक्रमहरु संचालन गर्ने । |
| **(ङ) वातावरण** | **कार्यक्रम तथा कार्यनीति (रणनीति-१, संग सम्बन्धीत)** |
| - स्थानीय विकासका काम र वातावरण वीचको सम्बन्धलाई सकारात्मक र आर्थिक सामाजिक संरचना तथा जीवनअनुकुल बनाउने नीति लिने । | - शहरीकरण तथा औद्योगिकरणबाट हुने वातावरण प्रदुषण तथा विनासलाई नियन्त्रण र व्यबस्थित गर्ने कार्यक्रम ।<br>- वातावरणीय विषयमा नगरवासीको चेतना अभिवृद्धि कार्यक्रम ।<br>- भौतिक संरचना निर्माण गर्दा हुने वातावरणीय क्षति न्यूनिकरण गर्ने गरी भौतिक संरचना निर्माणको प्रवन्ध मिलाउने । |
| **(च) जलवायु परिवर्तन प्रभाव न्यूनिकरण** | **कार्यक्रम तथा कार्यनीति (रणनीति-१, संग सम्बन्धित)** |
| – जलवायु परिवर्तन प्रभाव न्यूनीकरण नीति निर्माण ।<br>- जैविक, साँस्कृतिक, सामाजिक, जलवायु, भौगोलिक विविधताको उपयोग गर्ने सम्बन्धी नीति अख्तियार गर्ने । | - संघ तथा प्रादेशिक सरकारसँगको सहकार्यमा कृषि, विरुवा, वनस्पति, जनावर, वर्षा, मौसम, किटपतंगमा देखिएका प्रभावका लक्षण तथा तिनले कृषि र पशुपालन एवं दैनिक जीवन एवं वर्षा समेतका क्षेत्र र आयाममा पारेको प्रभावबारे अध्ययन, नतिजाको प्रचार र चेतना अभिवृद्धि । |

**रणनीति-२**

**नगरबासीहरुलाई दीर्घजीवि, स्वस्थ्य, उद्यमशील तथा चेतशील बनाउन सामाजिक सेवाका क्षेत्रलाई सहज, सुलभ तथा सबैको पहुंचयोग्य र प्रभावकारी बनाउने ।**

(क्षेत्रहरुः मानव विकास, शिक्षा, स्वास्थ्य, सरसफाई, सूचना र सचेतना )।

| **२. मानव विकास**<br>**(रणनीति-२ संग सम्बन्धित नीति)**<br>(क) शिक्षा तथा क्षमता अभिवृद्धि | **कार्यक्रम तथा कार्यनीति** |
|---|---|
| - माध्यमिक तहसम्मको शिक्षालाई बजार अनुकुल तथा जीवन उपयोगी बनाउने एवं प्राविधिक तथा व्यबसायिक शिक्षामा जोड दिने नीति अतिख्यार गर्ने ।<br>- महिला, अपांगता भएका, कमजोर आर्थिक अवस्था भएकालाई स्थानीय स्तरमा संचालन हुन सक्ने उद्योग, व्यबसाय तथा बजारको माग अनुसार नीजि क्षेत्र समेतको सहभागितामा सीप विकास गर्ने नीति तय गर्ने ।<br>- शिक्षाको प्रभावकारिता अभिवृद्धिका लागि स्थानीय विद्यालयको गुणस्तर सुधार गर्न नीजि श्रोत तथा सहयोगको परिचालन गरी साझेदारीमा कार्य गर्ने नीति लिने ।<br>- सामुदायिक शिक्षा तथा निजी विद्यालयहरुले दिने शिक्षाको गुणस्तरको अन्तरले भएका विभेद अन्त्य गर्ने नीति तय गर्ने । | - स्थानीय श्रोत साधन, लगानी, उत्पादन, उपभोग र वजार सम्बन्धी ज्ञान दिने पाठ्यक्रमको निर्माण गरी लागु गर्ने ।<br>- वडागत आधारमा लक्षित वर्गको पहिचान तथा उनीहरुको चाहना र ल्याकतको पहिचान कार्यक्रम ।<br>- वडागत विशिष्टता र आवश्यकतामा आधारित भै उद्योग व्यवसाय संचालन गर्न आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यवसायिक क्षमता अभिवृद्धि कार्यक्रम, तालिम ।<br>- सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई विशेष प्रशिक्षण दिई प्रतिस्पर्धी बनाउने र निजी एवं सामुदायिक विद्यालय शिक्षक आदान प्रदान (काजमा) कार्यक्रम लागू गर्ने, हावापानी तथा भौगोलिक अवस्थालाई स्थानीय आवश्यकता अनुसारको शैक्षिक क्यालेन्डर स्थानीय तहबाटै कायम गर्ने परिपाटीको थालनी गर्ने ।<br>- सामुदायिक विद्यालयहरुको गुणस्तर खस्केको सन्दर्भमा त्यस्ता विद्यालयको व्यवस्थापनले निजीस्तरबाट थप साधन परिचालन गर्न प्रोत्साहन गर्ने गरी निजी स्रोतबाट जति रकम परिचालन हुन्छ त्यहि आधारमा सो बराबरको रकम सहयोग दिने व्यवस्था गर्ने । अथवा नमुनाको रुपमा केहि विद्यालयहरु छनोट गरी निश्चित अवधिको लागि व्यवस्थापन करारमा दिने ।<br>- ३ वटा वडाको वीचमा एउटा प्राविधिक विद्यालय (कृषि, स्थानीय सीपमा आधारित शिक्षा, मेकानिकल, इलेक्ट्रोनिक, र अटोमोवाइल तथा इलेक्टिशियन विषयका पाठ्यक्रम समावेश भएको कार्यक्रम तयार गरी अगाडी बढाउने ।<br>- प्राविधिक विषयको अतिरिक्त विद्यालय तहमा विज्ञान |

| | |
|---|---|
| | तथा व्यवस्थापन विषयको शिक्षा दिने गरी भौतिक संरचना, प्रयोगशाला, शिक्षक तथा शिक्षण सामग्रीको उपलव्ध हुने गरी माध्यमिक तहसम्मको शिक्षाको प्रवर्द्धन गर्ने गरी संघ र प्रदेश सरकारको सहयोगमा कार्यक्रम वनाई कार्यान्वयन गर्ने । |
| **(ख) स्वास्थ्य, सचेतना** | **कार्यक्रम तथा कार्यनीति (रणनीति-२, संग सम्बन्धित)** |
| - जनसंख्याको बनोट तथा आवश्यकता अनुसार स्वास्थ्य सेवालाई सहज र सुलभ बनाउने नीति लिने ।<br>- एक वडा र एक टोल स्वास्थ्य चौकीको व्यबस्था गर्ने नीति अवलम्वन गर्ने ।<br>- चेतना, खानपान र भोजन, स्थानीय उत्पादनलाई गुणस्तरीय र पोषिलो बनाउने विषयलाई स्वास्थ्य तथा खाद्य सुरक्षासंग जोड्ने नीति लिईने,<br>- निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुको नियमन तथा व्यवस्थापन सम्बन्धी नीति वनाई लागु गर्ने ।<br>- स्वास्थ्यसँग सम्बन्धीत सचेतनामूलक नीतिको प्रवन्ध गर्ने । | - जनसंख्याको संरचना अनुरुपका शिक्षा र स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br>- प्रतिरोधात्मक कार्यक्रमहरु संचालन गरी रोग नै नलाग्ने तर्फ अभिप्रेरित गर्ने कार्यक्रमहरु संचालन गर्ने ।<br>- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य विमा कार्यक्रम संचालन गर्ने ।<br>- दैनिक जीवनलाई स्वस्थ्य र कम रोगमुक्त वनाउन सरसफाई, खानपिन र वानी व्यवहार सम्बन्धी विषयमा चेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, स्तरउन्नती, भौतिक पूर्वाधार समेतका विषयलाई आवश्यक स्वास्थ्य सेवा अनुकुल वनाउने गरी कार्यक्रम संचालन गर्ने । चिकित्स तथा स्वास्थ्यकर्मीहरुको उपलव्धतालाई सुनिश्चित गर्न आवश्यक सुविधा, प्रोत्साहन र सुरक्षाको व्यवस्था गर्ने ।<br>- सत प्रतिसत गर्भवती महिलाहरुले अनिवार्य रुपमा स्वास्थ्य संस्थामा सुरक्षित तवरले सुत्केरी गराउने गरी कार्यक्रम संचालन गरिने ।<br>- वालवालिका तथा अशक्त वृद्धवद्धाहरु र जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच घर घर मै पुग्ने गरी स्वास्थ्य घुम्ति सेवाको प्रवन्ध गर्ने गरी कार्यक्रम निर्माण गर्ने ।<br>- स्वास्थ्य सेवाको उपलव्धता, स्वास्थ्य अवस्था समेतको विषयमा आधुनिक सुचना प्रविधिको उच्चतम् प्रयोग गर्ने, सेवा तथा सुविधाका विषयमा मोवाइल एप्सको प्रयोग घनिभूत रुपले गराउने ।<br>- **मेयर स्वास्थ्य शिक्षा छात्रवृत्ति कार्यक्रम संचालन गर्ने ।**<br>- जटिल तथा खर्चिला रोगको उपचार सम्बन्धमा स्वास्थ्य कोष खडा गरी आवश्यक मापदण्डको आधारमा संचालन गर्ने ।<br>- पहिलो चरणमा एक वडामा र दोश्रो चरणमा एक टोलमा एक (आधारभुत स्वास्थ्य सेवा दिन सक्षम पर्याप्त जनशक्ति, उपकरण एवं भौतिक सुविधा भएको) स्वास्थ्य चौकीस्थापना |

| | |
|---|---|
| | तथा संचालन गर्ने ।<br>- निजी स्वास्थ्य संस्थाले लिने शुल्कको सम्बन्धमा उपभोक्ताको हित हुने गरी शुल्क निर्धारण गरी कार्यान्वयनमा ल्याउने ।<br>- स्वास्थ्यसँग सम्बन्धीत सचेतनामूलक कार्यक्रमहरु संचार माध्यम, स्वास्थ्य एप्स, छलफल, भेला, गोष्ठी, अन्तरक्रिया, होडिङ्ग वोर्ड, सूचना पाटी आदि मार्फत संचालन गर्ने । |
| **(ग) सरसफाई, फोहर मैला व्यवस्थापन, सूचना ।** | **कार्यक्रम तथा कार्यनीति** |
| - घर परिवारका सवै सदस्द, घर भित्र, कम्पाउण्ड, पानी पधँरो, सार्वजनिक क्षेत्र, खानेकुरा समेतका क्षेत्रको सरसफाईले जनस्वास्थ्यमा पार्ने सकारात्मक प्रभाव एवं फोहर मैलाको उचित व्यस्थापन सम्बन्धी नीति लिने । | - घर वाहिर, घर कम्पाउण्ड क्षेत्रको सरसफाई र परिवारका सबै सदस्यको शारीरिक सरसफाईलाई मानव विकासको अभिन्न विषयको रुपमा लिई सोहि अनुसारका कार्यक्रमहरु संचालन गर्ने ।<br>- खानेपानीलाई शुद्ध रुपले उपयोग गर्ने विषयलाई सरसफाई कार्यकमसंग जोडने ।<br>- सरसफाईले स्वास्थ्य, शिक्षा, श्रम तथा आम्दानीमा सकारात्मक प्रभाव पार्ने विषयमा चेतना जगाउने कार्यकम ।<br>- पानीका मुहान तथा वितरणलाई फोहोर तथा ढल निकासको सम्पर्कबाट जोगाउने कार्यकम ।<br>- बालबालिकालाई सफा राखी रोगबाट जोगाउने वारे परिवारका सदस्य तथा विद्यालयका शिक्षकहरुलाई तालिम तथा प्रशिक्षण कार्यकम ।<br>- होटल, रेष्टुरेन्ट, खाजा घर लगायतका सार्वजनिक ठाउँहरुमा उपल्ब्ध हुने खाद्य पदार्थहरुको सरसफाई तथा गुणस्तर कायम गर्न विशेष कार्यक्रमहरु संचालन गर्ने ।<br>- नगरको फोहरलाई ल्यान्ड फिल्ड साइटको निर्माण गरी विसर्जन गर्ने कार्यक्रम, फोहरवाट उर्जा उत्पादन- कम्पोट मल उत्पादन आदि कार्यक्रम संचालन गर्ने । |
| **(घ) सुचना** | **कार्यक्रम तथा कार्यनीति** |
| - जीवनसँग जोडिएका वहुपक्षीय सूचना नगरवासीमा सहज तथा सरल ढंगले सम्प्रेषण गर्ने नीति लिने । | - नगरबासीमा शिक्षा, स्वास्थ्य, उत्पादन र वजार पँहूच, आपुर्ति व्यबस्था, रोजगारी, सुरक्षा र प्रकोप समेतका विषयमा पहुंच अभिवृद्धि गर्न स्थानीय संचार जगत तथा आधुनिक सुचना प्रविधिको उच्चतम् प्रयोग गर्ने ।<br>- स्थानीय संचार संस्थाहरुसंग समन्वय गरेर सहज र सुलभ एवं नियमित तथा भरपर्दो सुचना सम्प्रेषणका कार्यकम संचालन गर्ने । |

| | |
|---|---|
| | - जीवनउपयोगी सुचना सम्प्रेषणका लागि मोवाईल एप्सको प्रयोगलाई विस्तार गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- अन्धविश्वास, कुरिती, छाउपडी प्रथाको अन्त्यका लागि स्थानीय संचार माध्यमबाट सचेतना अभिवृद्धि कार्यक्रम संचलान, सामाग्रीहरुको उत्पादन तथा प्रचार प्रसार ।<br>- अन्धविश्वास, कुरिती, छाउपडी प्रथाको अन्त्यका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गर्ने । |

| **रणनीति -३<br>लगानी प्रवर्द्धनको माध्यमबाट उत्पादन तथा रोजगारी अभिवृद्धि गर्ने ।<br>(क्षेत्रहरुः कृषि, उद्योग, पर्यटन, जलश्रोत)** | |
|---|---|
| **(क) कृषि** | **कार्यक्रम तथा कार्यनीति** |
| - कृषि उत्पादन सम्बन्धी वस्तु पहिचान गरी स्थानीय आवश्यकता एवं निकासी समेतका विषयसंग जोडी उत्पादनको प्राथमिकता निर्धारण गरेर अघि बढ्ने नीति लिइने ।<br>- कृषिको व्यवसायीकरणका लागि भूमिको उपलब्धताको आधारमा करार, समूह वा सहकारी खेतीका लागि एकीकृत भूमि व्यवस्थापन नीति लिइने ।<br>- कृषिमा निजी, सहकारी एवं सामुदायिक क्षेत्रको लगानी बृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तय गरिने ।<br>- कृषिलाई जीवन पद्धितको रुपमा स्थापित गर्न विद्यलाय स्तरदेखि नै कृषि शिक्षालाई समाहित गरी कृषि पेसालाई आकर्षित र मर्यादित बनाइने नीति लिइने छ ।<br>- कृषि क्षेत्रको विकासका लागि अध्ययन अनुसन्धान गर्न कृषि विज्ञको नेतृत्वमा नगरस्तरीय **कृषि नीति अध्ययन-अनुसन्धान प्रतिष्ठान**को स्थापना गरिने ।<br>- **कृषिक्षेत्रलाई बजारको दृष्टिबाट प्रतिस्पर्धी तथा खाद्य पोषणको दृष्टिबाट गुणस्तरीय तथा दैनिक आवश्यकताको दृष्टिबाट पहुंच योग्य बनाउन यसलाई वन, वातावरण, जैविक विविधतासंग जोडेर दिगो रुपमा विकास गरी निर्वाहमुखीबाट सम्वृद्धिमुखी बनाउने नीति तय गर्ने ।**<br>- प्राङ्गारिक खेतीको प्रवर्द्धनको लागि प्राङ्गारिक कृषि क्षेत्र सम्बन्धी नीतिको व्यवस्था । | - खाद्यान्न, तरकारी, अन्य नगदेवाली, फलफुलजन्य, मसलाजन्य (जस्तै टिमुर, अदुवा), धर्म तथा आधात्म्यजन्य ( जस्तैः रुद्राक्ष, श्रीखण्ड), औषधिजन्य (जडिबुटी),पुष्प वा फूलजन्य, वनजन्यमा समेतका विषयमा प्राथमिकता निर्धारणको मापदण्ड बनाई सोहि अनुसार उत्पादनका कार्यक्रम तयार गर्ने ।<br>- माटो परिक्षण गरी वडाका विशेषता वमोजिम उत्पादन वृद्धिमा जोड दिने गरी कार्यक्रम लागु गर्ने ।<br>- कृषिलाई घरेलु तथा ठूला उद्योग समेतको आधारको रुपमा विकसित गर्ने गरी कार्यक्रमहरु अगाडि बढाउने ।<br>- कृषि क्षेत्रको विकासको लागि केन्द्र, प्रदेश तथा पालिकको संयुक्त प्रयासमा स्थानीय प्रकृति अनुसार अनुसन्धान, उत्पादन तथा उत्पादकत्व वृद्धि , सुरक्षित बाली कटान, सुरक्षित भण्डारण, प्यकेजिग, ब्राडिंग, ग्रेडिंग, ढुवानी तथा बजारीकरण समेतका कार्यक्रम संचालन गरिने ।<br>- स्थानीय स्तरमा चाहिने सीप तथा वित्तीय पहुंच बढाउन स्थानीयस्तरका सरकारी तथा गैरसरकारी निकाय तथा संस्थाहरु र वित्तीय संघसंस्थाहरुसंग सहकार्य गर्ने गरी संयन्त्र निर्माण गर्ने ।<br>- समयमै मल, वीउ एवं प्राविधिक सेवा उपलव्ध गराउने कार्यक्रम संचालन गरिने ।<br>- कृषि उत्पादनलाई वजार पँहुचसम्म पुर्‍याउन नगरको तर्फबाट संकलन केन्द्र, चिस्यान केन्द्र, शीत भण्डार र गोदाम घरको स्थापना गरिने छ ।<br>- संभाव्यताको आधारमा नगर क्षेत्र भित्र कम्तिमा ४ वटा **अर्गानिक फर्म** स्थापना गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्न अनुदान सहितको कार्यक्रम संचालन गरिने ।<br>- भिरालो तथा सिमान्त जमिन क्षेत्रमा उत्पादकत्व वृद्धिका लागि सदुपयोगको सिद्धान्त अनुसार कृषि वन प्रणालीको प्रवर्द्धन गरिने । |

| | |
|---|---|
| | - राजमार्ग किनाराका क्षेत्रहरुमा फलफूल तथा पुष्प खेतीको प्रवर्द्धन गरिने छ ।<br>- लोपोन्मुख बीउवीजन, नश्ल र कृषि तथा पशुपन्छीजन्य जैविक विविधता संरक्षणमा सम्बन्धी कार्यक्रम संचालन गरिने ।<br>- प्राङ्गारिक खेतीको प्रवर्द्धनको लागि प्राङ्गारिक एवं वायोग्यास तथा अन्य स्रोतहरुबाट उत्पादन भएका प्राङ्गारिक मलको प्रयोगलाई सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गर्ने कार्यक्रम । |
| **(ख) उद्योग** | **कार्यक्रम तथा कार्यनीति** |
| - क्षेत्रगत श्रोत (जनशक्ति, कृषि, खनिज, सौन्दर्य), उपलब्ध पुर्वाधार तथा वित्तीय श्रोतको अवस्था तथा संभावनाको अध्ययन गरी स्थानीय उद्योग नीति तथा लगानी अभिवृद्धि सम्बन्धी नीति निर्माण गर्ने ।<br>- नगरपालिका, नीजि क्षेत्र तथा सहकारी एवं स्थानीय सामुदायिक संस्थाहरुको सहभागितामा नमुनाको रुपमा स्थानीय श्रोत तथा प्रविधिमा आधारित श्रममुलक उद्योगहरुको स्थापना गर्ने नीति लिने । | - **उद्योगहरुको स्थापना विकास एवं प्रवर्द्धनका सम्बन्धमा** घरेलु, साना तथा मझ्यौला र ठुला उद्योगका स्थापना हुन सक्ने क्षेत्र पहिचान गर्ने, (काष्ठजन्य, हस्तकला, धातुजन्य, खनिजजन्य, पशुजन्य, कृषिजन्य, सेवाजन्य, पर्यटनजन्य) अब बन्ने आवधिक योजनाबाट यस्ता उद्योगहरुको संभाव्यता पहिचान गरी संभाव्य उद्योगहरुको प्रवर्द्धन कार्यक्रम संचालन गर्ने ।<br>- प्रदेश भित्र पाइने स्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको एकीकृत विकासको लागि औद्योगिक क्षेत्र तथा नगर उद्योगग्रामको स्थापना प्रदेश तथा संघको सहकार्यमा गर्ने ।<br>- यस्ता उद्योगको संभाव्यता पहिचान गर्दा राष्ट्रिय तथा प्रादेशिक उद्योग नीति, स्थानीय कच्चा पदार्थको उपलब्धता, प्रविधी तथा सीपको आवश्यकता, जनशक्ति, वित्तीय साधानको उपलब्धता, संघ तथा प्रादेशिक सरकारको भुमिका, भौतिक पुर्वाधार, स्थानीय, आन्तरिक र बाह्य बजार, मुल्य अभिवृद्धिको संभावना र रोजगारीका अवसरलाई पनि ख्याल गरिनेछ ।<br>- परम्परागत सीपको संरक्षण, प्रबर्द्धन तथा तीनिहरुको आधुनीकीकरण सम्बन्धी उद्योगहरुको पहिचान तथा संरक्षण गर्ने कार्यक्रम (स्थानीय सीपमा आधारित नाङ्लो,डालो, कुचो, ठेकी, मादल, जुत्ता, हस्तकला, गरगहना, मुर्तिकला, गुन्द्रुक, सिन्की, मस्यौरा,आदि) । |
| **(ग) पर्यटन (रणनीति-३)** | **कार्यक्रम तथा कार्यनीति** |
| - नगरलाई पर्यटकीय प्रादेशिक राजधानी बनाउने नीति लिने । (विस्तृतः अनुसूचि-१ र २ मा हर्नुहोस्) | - नगरपालिकालाई पर्यटकीय तथा शिक्षा आर्जनका दृष्टिले प्रादेशिक राजधानी बनाउने कार्यमा टेवा पुर्‍याउन यस नगरपालिकामा पर्यटन महाविद्यालय, प्रशासनिक (स्नातक कलेज) सुरक्षा विषयका महाविद्यालय, स्वास्थ्य सम्बन्धी महाविद्यालय र खेलकुद सम्बन्धी महाविद्यालय स्थापना |

| | |
|---|---|
| | गर्ने गरी विशेष कार्यक्रम अघि बढाइने । |
| **(ङ) जलश्रोत** | **कार्यक्रम तथा कार्यनीति** |
| - संघ र प्रदेश सरकारका नीतिसँग नवाभिने गरी पश्चिम सेती नदि तथा नगर क्षेत्र भित्र रहेका अन्य नदिहरुमा लगानी अकर्षित सम्बन्धी नीति लिने । | - **पानीको वहावको आधारमा वहुपक्षीय उपयोगसँग सम्बन्धीत कार्यहरु संचालन गर्न लगानी आकर्षीति गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।**<br>- **जलश्रोत क्षेत्रमा लगानी अभिवृद्धि गरी स्थानीय रोजगारी सिर्जना गर्ने ।** |
| **(च) लगानी (रणनीति-३)** | **कार्यक्रम तथा कार्यनीति** |
| - जनशक्तिको उपलब्धता र क्षमता, संभावित लगानी, नगरपालिकाले गर्ने क्षेत्रगत कार्य, शिक्षा, प्रविधि, उत्पादकत्व तथा आर्थिक कियालापवीच कसिलो अर्न्तसम्बन्ध स्थापित गर्ने नीति लिने ।<br>- विकासका सम्बन्धमा कार्य गर्दा यस नगरपालिकासंग जोडिएका नगर र गाउंपालिकाहरुसंग सहकार्य गर्न र समन्यव गरी उत्पादन र बजार वीचको अर्न्तसम्बन्धलाई उत्पादन तथा रोजगारमूलक बनाउने नीति लिने । | - सार्वजनिक, निजी तथा सहकारी एवं सामुदायिक क्षेत्रको सहभागितामा विशेष कार्यक्रम संचालन गर्ने विषयका क्षेत्रहरुको पहिचान र परियोजना विकास गर्ने (जस्तै नगरको सफाई कार्यलाई उर्जा उत्पादन तथा मल उत्पादनसंग जोडेर यस्तो परियोजना संचालन गर्न सकिन्छ ।<br>- जोडिएका नगर तथा गाउँपालिकाहरुको उत्पादन र स्रोतले यस नगरपालिकामा पार्ने आर्थिक क्रियाकलाप वारे अध्ययन गरी संयुक्त रुपमा संयुक्त रुपमा संचालन गर्ने कार्यक्रम पहिचान गरी सहकार्य गर्ने । |
| -नगरपलिकाका वडाहरुको लगानी र उत्पादनको दृष्टिले उच्च संभावनाका क्षेत्र पहिचान गरी सोहि अनुसारका नीति तयार गरी निजी तथा सहकारी क्षेत्रको लागनी समेत हुने वातावरण तयार गरिने नीति अख्तियर गर्ने । | - **पहिचान भएका वडागत विशेष संभावना बोकेका क्षेत्र** ( जस्तैः-कृषिजन्यमा अन्न समेतका परम्परागत बाली, फलफुलजन्य, तरकारीजन्य र नगदेवाली, वनजन्यमा टिम्बर तथा टिम्बर बाहेकका वनजन्य उत्पादन, पशुजन्यमा दुध, मासु, उन आदि उत्पादन , खनिजजन्य वस्तुमा ढुगां, गिटी, बालुवा, स्लेट, निकेल आदि, नदी, तलाउ, सीमसार तथा अन्य पानीजन्यमा जल विहार, पानी प्रशोधन, पर्यटनजन्यमा निकुन्ज तथा आरक्ष र धार्मिक तथा संस्कृतिक संपदा आदि)मा नगरपालिका, निजि, सहकारी तथा सामुदायिक क्षेत्रको आफ्नो जिम्मेवारी सहितका लगानी, उत्पादन तथा प्रवर्द्धन गर्ने । |

| **रणनीति-४,**<br><br>**नगरको सबै क्षेत्र र समाजका सबै लिंग, वर्ग, समुदाय र उमेर समुहका नगरबासीलाई समन्यायिक ढंगले श्रोत एवं अवसरमाथिको पहुंच वृद्धि गराउने तथा विकासको प्रतिफल समन्यायिक ढंगले उपलब्ध गराउने ।**<br><br>(**क्षेत्रहरु:** पिछडिएको वर्ग, पिछडीएको क्षेत्र, महिला, बलबालिका, जेष्ठ नागरिक) | |
|---|---|
| **पिछडिएको वर्ग, क्षेत्र** | **कार्यक्रम तथा कार्यनीति** |
| - सहि लक्षित क्षेत्र तथा वर्गको पहिचान गरी त्यस क्षेत्रको विकास र पिछडिएको वर्गको क्षमता तथा आर्थिक सामाजिक स्तर माथि ल्याउन र मानवोचित सेवा सुविधा उपलब्ध गराउने नीति लिने । | - लक्षित वर्ग, घरपरिवार, क्षेत्र र समुह पहिचान, शसक्तिकरण तथा क्षमता अभिवृद्धिमा प्राथमिकता दिई कार्यक्रमहरु संचालन गर्ने ।<br>- सामाजिक सुरक्षा कार्यक्रम नगरपालिकाको क्षमताअनुसार विस्तार तथा प्रभावकारी बनाउने कार्यक्रम संचालन गर्ने ।<br>- गैससहरुको भुमिकालाई स्पष्ट पार्दै उनीहरको कार्यलाई पिछडिएको वर्ध तथा क्षेत्रमा केन्द्रीत गरी प्रभावकारी बनाउने कार्यक्रम संचालन गर्ने ।<br>- सामाजिक सुरक्षा तथा समावेशीकरणका कार्यक्रमको अनुगमन गरी बढी उपयोगी प्रभावकारी बनाउने कार्यक्रम संचालन गर्ने । |
| **महिला शसक्तिकरण** | **कार्यक्रम तथा कार्यनीति** |
| - आवधिक तथा क्षेत्रगत योजना निर्माण गर्दा र वार्षिक बजेट निर्माण गर्दा लैंगिक उत्तरदायित्वको पक्षलाई प्रमुख रणनीतिक आधार बनाउने नीति लिने । | - महिला तथा यौनिक विभेदमा परेका व्यक्तिहरुको क्षमता अभिवृद्धि हुने, उनीहरुले रोजगारी प्राप्त गर्ने तथा उनीहरुको आय बढाउन प्रत्यक्ष योगदान पुर्‍याउने कार्यक्रमहरुमा रकम विनियोजन गर्ने ।<br>- नगरका कार्यालय तथा निकायहरुमा लैगिंक विन्दु तोक्ने र लैगिंक लेखापरीक्षण नियमित रुपमा गर्ने ।<br>- स्थानीय कार्यक्रमहरु निर्माण गर्दा महिलाको समय वचत, हुने र उनीहरुको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने कार्यक्रमहरु अघि बढाउने ।<br>- महिलाहरुको समय वचत गर्ने, आय अभिवृद्धि गर्ने तथा स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने प्रविधिको प्रयोगमा जोड दिने ।<br>- महिलालाई उत्पीडन गर्ने कुप्रथाहरु निर्मुल गर्ने कार्यक्रमहरु संचालन गर्ने । |
| **बालबालिका** | **कार्यक्रम तथा कार्यनीति** |
| - **केन्द्र तथा प्रदेशसँग सहकार्य गरी बाल** | - सबै वडामा बाल विकास केन्द्रको स्थापना । |

| | |
|---|---|
| **स्वास्थ्यमा सुधार गर्ने, बाल विकासका विषयमा सबै बालवालिकाको पहुँच अभिवृद्धि गर्ने नीति लिने ।**<br>- **वालविवाह, वालश्रम लगायतका कुप्रथाहरुको अन्त्यका लागि नीति तय गर्ने ।**<br>- बालबालिका तथा किशोर किशोरीमाथि हुने हिंसा अन्त्य गर्ने गरी स्थानीय सामुदायिक सुरक्षा प्रवन्धकालागि नीति तय गर्ने ।<br>- पिछिडिएका समुदाय तथा आर्थिक रुपले अति विपन्न परिवारका बालबालिकालाई विद्यालयमा आकर्षण गर्ने तथा विद्यालयमा बसी पुर्णकालिक रुपमा अध्ययन गर्ने वातावरण निर्माण गर्ने | - उद्यान पार्क तथा अन्य सार्वजनिक ठाउंहरुमा बालबालिका अनुकुलका संरचना निर्माण गर्ने कार्यक्रम ।<br>- मनोरन्जन तथा अतिरिक्त कियाकलाप केन्द्र तथा कार्यक्रम संचालन गर्ने ।<br>- बाल स्याहार केन्द्र एवं बाल सचेतना कार्यक्रम संचालन ।<br>- घर परिवार, विद्यालय, स्थानीय सामुदायिक संस्था र सुरक्षा निकायहरुको सहकार्यमा बालवालिका तथा किशोर किशोरी माथि हुने हिंसा नियन्त्रण सम्बन्धी संजाल तयार गरी संचालनमा ल्याउने र चेतना बढाउने कार्यक्रम संचालन गर्ने ।<br>- यातायातका साधनमा सुरक्षित आवत जावतको प्रबन्ध ।<br>- बालविवाह निर्मुल कार्यक्रम संचालन गर्ने ।<br>- केन्द्र तथा प्रदेशसँगको सहकार्यमा असाहय बालबालिका संरक्षण तथा स्याहार केन्द्रको स्थापना ।<br>- केन्द्र तथा प्रदेशसंग सहकार्य गरी बाल स्वास्थ्यमा सुधार गर्ने, बाल विकासका विषयमा सबै बालबालिकाको पहुँच अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- पछिडिएका समुदाय तथा आर्थिक रुपले अति विपन्न परिवारका बालबालिकालाई विद्यालयमा खाजा, कापि कलम तथा अन्य आवश्यक सामागग्री उपलब्ध गराउने र टाढा बाट आउनु पर्नेलाई मपदण्ड बनार्य आवासीय प्रबन्ध गर्ने ।<br>- |
| **जेष्ठ नागरिक** | **कार्यक्रम तथा कार्यनीति** |
| - केन्द्र तथा प्रदेशसंग सहकार्य गरी जेष्ठ नागरिकको स्वास्थ्यमा सुधार गर्ने र सम्मानित जीवन बाँच्ने अवस्थाको सिर्जना गर्ने नीति लिने । | - दिवा सेवा कार्यक्रम संचालन, नियमित स्वास्थ्य परिक्षण कार्यक्रम, अन्तरपुस्ता ज्ञान,सीप अनुभव आदाप्रदान वर्षमा कम्तिमा एक पटक प्रत्येक वडामा संचालन गरिने छ । साथै देश दर्शन कार्यक्रम संचालन गरिने । |

<table>
<tr><td colspan="2">रणनीति-५,<br>जीवनलाई मर्यादित, खुसी र स्वस्थ्य राख्न चाहिने क्षेत्रहरुको प्रबर्द्धन गर्ने ।<br>(क्षेत्रहरुः स्वच्छ शहर, खेलकुद, मनोरञ्जन, योगाभ्यास सामाजिक मूल्यको प्रबर्द्धन, नैतिक शिक्षा र व्यबहारको विकास) ।</td></tr>
<tr><td>- शहरलाई स्वच्छ, हराभरा, सुविधायुक्त र जनस्वास्थ्यमैत्री बनाउने र नगरपलिकावासीहरुलाई यस्ता विषय र क्षेत्रसंग जोड्दै लैजाने नीति लिने ।<br>- योगाम्यास, खेलकुदलाई जीवनको अंग र पर्यटन समेतका आय आर्जनको उपयुक्त विकल्पको रुपमा विकास गर्ने नीति लिने ।<br>- सामाजिक मूल्य, नैतिक मनोबल तथा परम्परागत असल व्यवहार एवं मान्यताहरुको प्रवर्द्धन गर्ने नीति लिने ।<br>- समाजलाई सभ्य, शान्त, अनुशासित, मर्यादित तथा सुरक्षित बनाउन क्रमशः नगरलाई मदिरा तथा धुमपान मुक्त बनाउंदै लैजाने ।</td><td>- शहरलाई स्वच्छ राख्न आवश्यक पर्ने सरसरफाई, पुर्वाधार, उद्यान, बोट विरुवा लगाउने र संरक्षण गर्ने विषयका कार्यकमहरु नीजि तथा सहकारी क्षेत्रको सहयोगमा संचालन गर्ने,<br>- यस्ता विषयलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाउने गरी पाठ्यक्रम निर्माण तथा प्रवर्द्धन, विस्तार प्रचार र प्रसार गर्ने कार्यक्रम संचालन गर्ने ।<br>- घर तथा विद्यालयमा योग र शारीरिक व्यायामको नियमित रुपले गराउने गरी नमूना कार्यक्रम संचालन गर्ने ।<br>- खेलकूदको विकासका लागि एक वडा-एक खेल मैदान, एक विद्यालय एक खेल शिक्षकको कार्यक्रम प्रदेश र संघसँग सहकार्य गरी संचालन गर्ने ।<br>- सामाजिक मूल्य, नैतिक शिक्षा, असल व्यवहार एवं मान्यतालाई प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।<br>- विद्यालय तथा सामुदायिक संस्थाहरुको माध्यमबाट मदिरा तथा धुमपानले समाजको समुन्नतिमा पार्ने दुक्ष्प्रभाव वारे चेतना अभिवृद्धि कार्यकमको संचालन ।</td></tr>
</table>

<table>
<tr><td colspan="2">रणनीति-६,<br>क्षेत्रगत विकास तथा बजार र आवश्यक सामाजिक सेवा अनुकूलका पूर्वाधार निर्माण तथा प्रवर्द्धन गर्ने ।<br>(क्षेत्रहरुः यातायात, कृषि, सिचाई, उद्योग, पर्यटन, स्वास्थ्य, शिक्षा, खेलकुद,वजार सम्बन्धि पूर्वाधार )।</td></tr>
<tr><td>(क) यातायात (नीति)</td><td>कार्यक्रम तथा कार्यनीति (रणनीति-६, संग सम्बन्धित)</td></tr>
<tr><td>- नगरको यातायात व्यबस्थालाई भरपर्दो, सुरक्षित तथा उत्पादनमुलक एवं बजार अनुकुल बनाउने नीति तय गर्ने ।<br>- यातायात क्षेत्रको विकास, प्रवर्द्धन तथा संरक्षणको विषयलाई उत्पादन, आर्थिक क्रियाकलाप तथा सामाजिक</td><td>- स्थान अनुकल हुने गरी केबुल कार, सडक, जलयात्राका आवश्यकता र संभावनाको पहिचान । सडक पुग्न नसक्ने तथा भुवनोट आदिको आधारमा सडकको विकल्प खोज्नु पर्ने क्षेत्र पहिचान गर्ने ।<br>- यातायातको क्षेत्र (विशेष गरी सडक)लाई भरपर्दो, दीगो, मीतव्यायी, प्रतिस्पर्धी र सुरक्षित बनाउने वारे अध्ययन गर्ने ।</td></tr>
</table>

<table>
<tr><td>सेवाका क्षेत्रसँग अर्न्तसम्बन्धलाई विशेष ध्यान दिने<br>- दिपायल सिलगढीको यातायात विकास संजाल तयार गर्दा अन्य पालिकाहरु समेत समेट्ने गरी चक्रीय यातायातको प्रवन्ध गर्ने बारे अध्ययन गर्ने ।</td><td>- बसपार्क बिसौनी, ढुवानीका साधन पार्किङ स्थल, यातायतसेवाका केन्द्रहरु रहने स्थल, सवारीका अन्य साधनहरुको व्यबस्थापन वारे विस्तृत योजना निर्माण गर्ने ।<br>- यातायातका पुर्वाधार निर्माण एवं नगरबासीलाई जानकारी गराउने कार्यक्रम संचालन गर्ने ।<br>- संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा भू-बनोट, वातावरण, सवारी साधनको क्षमता, प्राविधिक हिसाबले घुम्ती र चौडाईको मापदण्ड निर्माण गर्ने र सडकको क्षमता बढाउने तर्फ आवश्यक मापदण्ड तथा कार्य योजनाको तयारी गर्ने ।<br>- सडक निर्माण तथा प्रयोग सम्बन्धमा विशेष कार्यविधि बनाई बनाई लागु गर्ने र गराउने,<br>- नगर सदरमुकायवाट हरेक वडा सम्म सुरक्षित र भरपर्दो सडक वा अन्य यातायात संजालवाट जोड्ने कार्यक्रम ।<br>- स्थानीय प्रयास तथा स्रोतवाट बाटो, पुल तथा अन्य संरचना सम्बन्धित कार्यहरुलाई प्रोत्साहित गर्दै त्यस्ता कार्यहरुको प्राविधिक पक्षको प्रभावकारी अनुगमन गरी दिगोपन र सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था मिलाउने ।<br>- सवारी साधन चलाउन चाहिने न्यूनतम मापदण्ड पुरा गर्नेतर्फ स्थानीय सरोकारवालाहरुको चेतना बढाउने ।</td></tr>
<tr><td colspan="2">(ख)कृषि पुर्वाधारः सिंचाई सम्बन्धित पूर्वाधार विकास (रणनीति-३ र ६ संग सम्बन्धित)</td></tr>
<tr><td>सिंचाई (नीति)</td><td>कार्यक्रम तथा कार्यनीति</td></tr>
<tr><td>- कृषि क्षेत्रको उत्पादकत्व बढाउन सबै खेतियोग्य जमिनमा बाह्रै महिना पानी प्राप्त हुने प्रबन्ध गर्ने नीति तय गर्ने ।<br>- निर्माण भैसकेको कृषि प्रणालीको संरक्षण, संचालन तथा सम्बर्धनको लागि दीगो प्रणालीको प्रवर्द्धन र</td><td>- खेती गरिएका अधिकांश जमिनमा सिंचाई प्रणाली मौसममा आधारित रहेकाले आधुनिक प्रकारका नहर, कुलो र लिफ्ट प्रणाली मार्फत वर्षैभरी सिंचाई सुविधा उपलव्ध गराई कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्न पूर्वाधार विकास, क्षमता वृद्धि तथा कृषि यान्त्रिकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।</td></tr>
</table>

| | |
|---|---|
| विकास गर्ने नीति लिने ।<br>- सेती तथा अन्य नदीको अस्थायी वहावमा परेका ज्जगाको अध्ययन गरी जग्गा उकास गरी उत्पादन वढाउने नीति लिने । | - वालीको प्रकृति र त्यसले ओगट्ने क्षेत्रको आधारमा नयाँ सिंचाई परियोजनाको वारेमा सम्भाव्यता अध्ययन गर्ने ।<br>- सेती नदिको पानी लिफ्टीङ् गरी सिचाई गर्नेबारे प्राविधिक अध्ययन गर्ने ।<br>- नगरको वडा नं. ५ मा हावाबाट उर्जा उत्पादन गरी सिंचाई समेतका कार्यमा उपयोग हुन सक्ने नसक्नेवारे अध्ययन गर्ने ।<br>- परम्परागत कुलोहरुको ठाउंमा पैरोले भत्काउन र विगार्न नसक्ने गरी पाईपबाट पानी ल्याउने प्रवन्ध गर्ने ।<br>- थोरै पानीले धेरै क्षेत्र र समयमा सिंचाई गर्न थोपा समेतका आधुनिक प्रविधीमा आधारित सिंचाई कार्यक्रम संचालन गर्ने ।<br>- पोखरी तथा आहाल प्रणाली विकास कार्यक्रमलाई करेसावारी, सिंचाई प्रणालीसँग जोड्ने कार्यक्रम संचालन गर्ने ।<br>- उपभोक्ता वा किसानहरुको सहभागितामा स्थायी प्रकृतिका संस्थागत संरचनाहरुको निर्माण, श्रोतको प्रबन्ध र संरचनाको मर्मत संभारको सीप तथा व्यवस्थापकीय अभिवृद्धि सम्बन्धी कार्य गर्ने ।<br>- नगर क्षेत्र भित्रका नदीले कटान गरी भारेको जग्जाको लगत लिने र उकास कार्यको लागि अध्ययन गर्ने तथा उकास कार्यक्रम संचालन गर्ने । |
| **सूचना प्रविधि (रणनीति-६)** | **कार्यक्रम तथा कार्यनीति** |
| - मोबाईल एप्स तथा स्थानीय रेडियोको प्रयोग बाट समग्र आर्थिक, सामाजिक तथा सुरक्षा सम्बन्धी सुचनाको उपयोग गराउने नीति लिने । | - मोबाईल एप्स तथा स्थानीय रेडियोको प्रयोग गर्ने वारे आवश्यक कार्यक्रम निर्माण गर्ने । |
| - कृषि, उद्योग, सचेतना, विपद् व्यवस्थापन तथा सामाजिक क्षेत्रमा सुचना प्रविधिको उच्चतम् प्रयोग गर्ने वातावरण तयार गरी उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता बढाउने नीति लिने । | - कृषि, उद्योग तथा सामाजिक क्षेत्रमा सुचना प्रविधिको उच्चतम् प्रयोग वारे कार्यविधि तयार गर्ने । |

<table>
<tr><td colspan="2" align="center">रणनीति-७<br><br>सफा, स्वच्छ, सुन्दर शहर तथा सुरक्षित, सुविधायुक्त एवं पहुँचयोग बसोबासको निर्माण गर्ने ।<br><br>(क्षेत्रहरुः भुमिको प्रयोग, निर्माण, प्रकोप, विपद् व्यबस्थापन, सरसफाई शहरी वातावरण)।</td></tr>
<tr><td>भूमिको प्रयोग (नीति)</td><td>कार्यक्रम तथा कार्यनीति</td></tr>
<tr><td>- भूमिको उद्देश्यगत प्रयोग अनुकुलको नगर व्यबस्थापन नीति तय गर्ने ।<br>- बाँझो जमिनको उपयोगका लागि नीति तय गर्ने ।</td><td>- योजनाबद्ध शहर निर्माण : स्वच्छ, सुन्दर तथा सुरक्षित नगरको लागि वैज्ञानिक तथा व्यबहारिक भुनीतिको प्रयोगद्धारा उत्पादन, बजार, बसोबास तथा वातावरणवीच सन्तुलन कायम गर्ने ।<br>- बाँझो जमिनको उपयोग सम्बन्धमा संभाव्यता अध्ययन गरी कार्यक्रम संचालन गर्ने ।<br>- सुविधायुक्त नगरका लागि सभा सम्मेलन गृह, खेल मैदान तथा स्टेडियम, मनोरञ्जन पार्क, संग्रालय र बजार व्यवस्थापन समेतका विषयमा नगरको आवश्यकता अनुरुप आवधिक योजना तयारको प्रारुप तयार गर्ने ।</td></tr>
<tr><td>(ख) प्रकोप, विपद् व्यवस्थापन (नीति)</td><td>कार्यक्रम तथा कार्यनीति (रणनीति-१ र ७ संग सम्बन्धित)</td></tr>
<tr><td>- दैवि वा मानवीय कारणले हुने प्रकोप तथा विपद्बाट पर्ने प्रभाव न्यूनिकरण गर्ने नीति तय गर्ने ।<br>- जलवायु परिवर्तनबाट पर्ने प्रतिकुल प्रभावको न्युनीकरण तथा समुचित व्यबस्थापन गर्नका नगरपालिकाको आर्थिक सामाजिक पक्षमा परेको नकारात्मक असरलाई कम गर्ने गरी नीति तय गर्ने ।</td><td>- जलवायु परिवर्तन समेतका कारणले विभिन्न दैवी घटना घटिरहेको सन्दर्भमा यस्ता प्रकोपको व्यवस्थापन गर्न एवं त्यस्ता जोखिम न्यूनिकरण गर्ने सम्बन्धमा आम नागकिलाई सचेत गराउने कार्यक्रम संचालन गर्ने ।<br>- प्रकोप जोखिम न्यूनिकरण सम्बन्धी सामाग्रीहरु वनाई संचार मध्यमबाट प्रचार प्रसार गरी सचेतना अभिवृद्धि गर्ने ।<br>- आधुनिक सुचना प्रविधि संग जोडिएका विद्युतीय उपकरण जस्तै मोवाईल एप्स समेतको प्रयोग गर्ने गरी विपद् न्यूनिकरण कार्यक्रम संचालन गर्ने ।<br>- त्यस्ता पद्धतिबाट प्रकोप वा दुर्घटना हुने नदिन वा भएको खण्डामा त्यसबाट बच्ने र प्रभाव न्यूनिकरण गर्ने उपायको प्रयोगवारे कार्यक्रम संचालन गर्ने ।<br>- जलवायु परिवर्तनबाट पर्ने प्रतिकुल प्रभावको न्युनीकरण तथा समुचित व्यबस्थापन गर्नका लागि जलवायु परिवर्तन, आर्थिक र त्यसको प्रभावको</td></tr>
</table>

| | |
|---|---|
| | मूल्याङ्कन गरी नगरपालिकाको आर्थिक सामाजिक पक्षमा परेको नकारात्मक असरलाई कम गर्ने गरी कार्यक्रम बनाउने ।<br>- घटना घटेपछि त्यसबाट हुने नोक्सानी न्यूनिकरण गर्ने वारेका कार्यक्रम संचालन गर्ने ।<br>- विपद्को पूर्व तयारी, आपतकालीन सामग्री भण्डारण तथा संचालन सम्बन्धी कार्यक्रम प्रत्येक वडामा संचालन गर्ने ।<br>- विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुलाई जोखिम न्यूनिकरण, पूर्व तयारी तथा आपतकालीन सामग्रीहरुको प्रयोग सम्बन्धी तालिम कार्यक्रम संचालन गर्ने । |
| **खानेपानी** | **कार्यक्रम तथा कार्यनीति** |
| - नगरबासीहरुलाई स्वच्छ र गुणस्तरीय खाने पानी अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पर्याप्त रुपमा उपलब्ध गराउने गरी दीगो श्रोत तथा प्रणालीको पहिचान र प्रबर्द्धन गर्ने ।<br>- खानेपानीको आपुर्ति गर्दा नगरबासीको लागत भुक्तानी गर्ने क्षमताको समेत विचार गरी व्यबसायिक तथा घरपरिवारले प्रयोग गर्ने पानी आपुर्तिको सम्बन्धमा न्यायिक पद्धति लागु गर्ने । | - खानेपानी सम्बन्धी कार्यक्रम तथा परियोजना संचालन गर्दा पानी प्रयोग गर्ने उपभोक्ता, लक्षित वर्ग तथा पानी उपभोगको क्षेत्र हेरी सहलगानी, लागत साझेदारी, लागत उठ्तीको सिद्धान्त अनुरुपका प्रणालीहरु अपनाउने । त्यसो गर्दा, (क) आम नागरिकले दैनिक प्रयोगको लागि घरपरिवारमा प्रयोग गर्ने पानीको आपुर्ति लागतको आधारमा भन्दा पनि उनीहरुको आयस्तर तथा क्षमताको आधारमा गर्ने गरी कार्यक्रम संचालन गर्ने । (ख) व्यबसायिक क्षेत्रमा हुने खानेपानीको आपुर्ति भने लागत उठ्तीको आधारमा गर्ने गरी नीति तथा कार्यक्रम अघि बढाउने । |

**रणनीति-८**
**आय, राजश्व परिचालनको विषयलाई न्यायोचित, क्षमता अनुकूल तथा लागत र खर्च अनुकूल बनाउने ।**
**(क्षेत्र :आय तथा राजस्व परिचालन, कर तथा गैर कर)**

| **८. आय तथा राजस्व परिचालन (नीति)** | **कार्यक्रम तथा कार्यनीति (रणनीति-८, संग सम्बन्धित)** |
|---|---|
| | |
| - नगरद्वारा परिचालन गरिने राजस्वलाई नागरिक मैत्री बनाउने नीति लिने ।<br>- स्थानीय जनताको कर तिर्ने क्षमता तथा स्थानीय श्रोत संभाव्यताको आधारमा अधिकतम साधन परिचालन | - कर तथा गैरकर राजस्व सम्बन्धमा औचित्य, आवश्यकता, तिर्ने र संकलन गर्ने क्षमता, सहभागिता र संकलन लागत, आर्थिक तथा सामजिक प्रभावका विषय समेटेर अध्ययन गर्ने र त्यसै अनुरुप राजस्व सम्बन्धी नीति तथा कानुन निर्माण गर्ने । |

| | |
|---|---|
| गर्ने नीति लिने ।<br>- राजस्व तथा कर प्रणालीलाई उत्तरदायि पारदर्शी तथा समयानुकूल बनाउने ।<br>- कर तथा गैरकरका दर सकेसम्म कम लगाउने र लगाएका कर भने कडाइका साथ परिचालन गर्ने नीति लिइने ।<br>- कर कानुनको मस्यौदा गर्दा नै राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पोसार, ढुवानी, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल असर पर्छ पर्दैन भन्ने विषयमा ध्यान दिईने छ । | - राजस्व परिचालन गर्दा कर राजस्व भने क्षमताको आधारमा र गैरकर राजस्व लगात, मर्मत संभार खर्च तथा जनताको मनोविज्ञान एवं सेवाको प्रकृतिको आधारमा लगाउने गरी दर निर्धारण र परिचालन कार्यविधि निर्माण गर्ने ।<br>- नगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीलाई राजरस्व सम्बन्धमा समय समयमा प्रशिक्षण गर्ने वारे आवश्यक कार्ययोजना बनाई क्षमता अभिवृद्धि गराउने ।<br>- कर परिचालनलाई प्रविधि मैत्री, सरल र लागत अनुकुल बनाउने गरी प्रणालीको विकास गर्ने ।<br>- नगरबासीलाई करको महत्व, परिचालनका विधी र प्रकृया, कर तिर्ने समय र स्थानका सम्बन्धमा नियमित जानकारी दिई राख्ने ।<br>- माध्यमिक तहको पाठ्यक्रममा कर विषयलाई सामेल गराउन आवश्यक कार्य गर्ने । |

## रणनीति-९

**शासन,सुशासन र जनशक्ति व्यबस्थापनलाई उत्पादनसंग जोडी आर्थिक अनुशासन कायम गर्ने तथा सार्वजनिक निर्माण तथा अन्य कार्यहरुमा पारदर्शीता ल्याई स्रोतको दक्षता र उपयोगिता बढाई आर्थिक वृद्धिमा टेवा पुऱ्याउने ।**

(क्षेत्रहरुः आवधिक योजना तर्जुमा, पारदर्शीता, अनुगमन, मुल्यांकन, सुधार, पुरस्कार, दण्ड )।

| नीति | कार्यक्रम तथा कार्यनीति |
|---|---|
| - स्थानीय तहको जिम्मेवारीको वोध गरी नगरपालिकाको काम कारवाहीलाई प्रभावकारी र पारदर्शी बनाउने नीति ।<br>- मध्यकालिन खर्च संरचनालाई बजेट तर्जुमा प्राथमिकता निर्धारण तथा स्रोत सुनिश्चतताको आधार बनाउने नीति ।<br>- स्रोतको उच्च्तम प्रयोग गर्ने गराउने तथा जनतालाई त्यसको अनुभुति गराउने नीति ।<br>- कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने तथा गुण र दोषको आधारमा पुरस्कृत तथा दण्डित गर्ने व्यबस्था गर्ने नीति अख्तियार गर्ने ।<br>- सुशासन मैत्रि वातावरण निर्माणका लागि आधुनिक प्रविधिहरुको उपयोगिता वृद्धि गर्ने  नीति लिने । | - बजेट तर्जुमा प्रकृयालाई पारदर्शी, बैज्ञानिक तथा बढि यथार्थपरक बनाउन आवश्यक कार्यहरु गर्ने । आवश्यक ऐन कानुनको निर्माण गर्ने ।<br>- स्रोत समिति तथा बजेट समितिको क्षमता अभिवृद्धि गर्ने कार्यकम संचालन गराउने ।<br>- अनुगम तथा मुल्यांकन गर्ने संस्थागत संरचनाको विकास, सुदृढिकरण, नियमित पुनरावलोकन र सुधार<br>- अनुगमन तथा मुल्यांकन सम्बन्धी आवश्यक सुचकहरुको निर्माण ।<br>- सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण जस्ता शुशासन, जवाफदेहिता र पारदर्शीतासंग सम्बन्धित पद्धतिहरुलाई संस्थागत बनाउने र आवश्यक कार्यविधि एवं निर्देशिका तयार गरी लागु गर्ने ।<br>- आवश्यक कार्याविधि तथा निर्देशिकाहरुको निर्माण र पुनरावलोकन गरी समसामयिक बनाउँदै जाने ।<br>- नगरपालिकाको अनुगमन कार्यलाई नियमित, प्रभावकारी र नतिजामुखी बनाउने कार्यहरु गर्ने ।<br>- अनुगमन बाट प्राप्त जानकारीको अभिलेखांकन गर्ने ।<br>- अभिलेखांकन भएको सुचनाको आधारमा सुधारका कार्यकम बनाउने ।<br>- कर्मचारीहरुलाई आवश्यकता अनुसार प्रशिक्षित गर्ने र<br>- कामको मुल्यांकनको आधारमा पुरस्कृत तथा दण्डित गर्ने सम्बन्धी कार्य गर्ने ।<br>- सुसासन र पारदर्शीता कायम गर्नका गरि सार्वजनिक सेवा छिटो, छरितो सम्पन्न गर्नका लागि प्रविधिको प्रयोगलाई वढि भन्दा वढि लागू गर्ने । |

## ३.१.७.स्थानीय गौरवका कार्यक्रमहरु

योजनाले निर्धारित गरेका लक्ष हासील गर्न माथि उल्लेखित रणनीति भित्र बसेर विशेष पहलका साथ विशेष ढंगले काम गर्नु पर्ने हुंदा माथिका कार्यक्रमका अतिरिक्त स्थानीय आर्थिक समाजिक अवस्थामा विशेष ढंगले योगदान गर्न सक्ने निम्न कार्यक्रमलाई स्थानीय गौरवका कार्यक्रम घोषणा गरि अघि बढने नीति लिईको छ। केहिलाई विशेष कार्यक्रमका रुपमा लिइएको छ ( **अनुसुचि-१ र २ मा हेरौं**) ।

## ३.१.८. लक्ष्यहरु

**(क) परिलक्ष्यः** संविधानले निर्देशित गरेको राजनीतिक दर्शनको आधारमा नगरपालिकालाई आर्थिक रुपले प्रतिस्पर्धी, सबल र समुन्नत तथा सामाजिक दृष्टिले प्रगतिशील र मुल्य मान्यताको दृष्टिले सभ्य र नमुना शहर बनाउने ।

**(ख) प्रमुख संख्यात्मक लक्षहरुः**

आउंदो २५ वर्षमा हासिल गर्ने प्रमुख संख्यात्मक लक्ष्यहरु निम्न अनुसार हुने छन्:

- गरीविको रोखामुनी रहेको जनसंख्यालाई ३ प्रतिशतभन्दा तल झार्ने ।
- साक्षरता दर शतप्रतिशत पुऱ्याउने ।
- बेरोजगारी दर एक प्रतिशतभन्दा तल झार्ने ।
- पहिलो पांच वर्षमा प्रतिवर्ष सरदर ५०० जनालाई रोजगार उपलब्ध गराउने ।
- प्रतिव्यक्ति आय हालको मुल्यमा सन् २०३० सम्ममा ४,०००।- र २५ वर्षमा ११,१००।- अमेरिकी डलर भन्दा माथि पुऱ्याउने ।
- नौ वटै वडाको विकासमा सन्तुलन हुन जाने ।

**(ग) विषयगत लक्ष्यहरु**

- **नगरपालिकालाई पर्यटकीय प्रादेशिक राजधानी बनाउने ।**
- लगानीमा उल्लेखनीय मात्रामा अभिवृद्धि ।
- भौतिक तथा अन्य पुर्वाधारमा मात्रात्मक र गुणात्मक बढोत्तरी भएको ।
- लगानी तथा पुर्वाधारमा भएको बढोत्तरीबाट आन्तरिक उत्पादनमा अभिवृद्धि भएको
- उत्पादनमा वृद्धिको कारणले हुने सबै चरणमा समग्र आर्थिक सामाजिक क्रियाकलापमा अभिवृद्धि भएको ।
- समयानुकूल र प्रविधीमा आधारित स्वरोजगारी तथा रोजागरीका अवसरहरुको विस्तार हुने,

- गुणस्तरीय स्वरोजगारी तथा रोजगारीको माध्यमबाट प्रतिव्यक्ति आय राष्ट्रिय औसत आय भन्दा माथि पुऱ्याउने तथा आन्तरिक आय वृद्धि गर्ने,
- जीवनउपयोगी साक्षरता शत प्रतिशत पुऱ्याउने ,
- आधारभूत गुणस्तरीय स्वास्थ्य सेवालाई सर्व सुलभ बनाउने ।
- आन्तरिक साधन परिचलन पद्धति गुणात्मक तथा जनमैत्री भएको हुने ।
- शुशासन, पारदर्शीता र जिम्मेवारीको स्तरलाई आर्थिक तथा समाजिक विकास मैत्री बनाउने ।

## ३.१.९ .योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र अद्यावधिक कार्य

**(सुचकको आधारमा विभिन्न तहमा यसको कार्यान्वयन, अनुगमन र मूल्यांकन गरिने)**

योजना कार्यान्वयन गर्ने प्रमुख तथा सहायक निकाय एवं अनुगमन तथा मूल्यांकनका पद्धति निम्नानुसार हुने छन् ।

## ३.१.९.१. योजनाको कार्यन्वयनको लागि जिम्मेवार निकायहरु

**(क) प्रमुख जिम्मेवार निकायहरुः**

- नगरपालिका तथा त्यसका सम्बन्धित विभागहरु,
- प्रदेश सरकार तथा त्यसका कार्यालयहरु
- संघीय सरकारका विभाग तथा कार्यालयहरु

**(ख) सहयोगी पक्ष तथा निकायहरु**

- निजी क्षेत्र,
- सहकारी क्षेत्र
- सामुदायिक संघ संस्थाहरु
- गैरसरकारी संस्थाहरु

**३.१.९.२. अनुगमन तथा मूल्यांकनका पद्धतिहरु निम्न हुने छन्ः**

- अवलोकन र अनुगमन,
- प्राविधिक परीक्षण समेतको प्रतिवेदन,
- आवधिक प्रतिवेदन,
- नागरिकका गुनासा,
- निश्चित समयपछि नतीजा परीक्षण र आवधिक प्रभाव मुल्यांकन

## ३.१.१०. साधन प्राप्त हुने क्षेत्र, श्रोत तथा अनुमान

१. यस योजनामा उल्लेखित लक्ष हासिल गर्न सार्वजनिक, नीजि, सहकारी तथा सामुदायिक समेतका क्षेत्रबाट ***पहिलो पांच वर्षमा न्युनतम पनि रु.३०० करोड देखि रु.४०० करोड सम्म*** लगानी गर्नु पर्दछ, जसमा निजी क्षेत्रले ५० प्रतिशत, सार्वजनिक क्षेत्रले ४५ प्रतिशत र सहकारी तथा सामुदायिक क्षेत्रबाट ५ प्रतिशत लगानी गर्न सक्ने अनुमान गरिएको छ ।

२. सार्वजनिक क्षेत्रको लागनी सामान्य सेवा र व्यबस्थापन, कृषि, उद्योग, सामजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, पुर्वाधार निर्माण, महिला तथा बालबालिका एवं अशक्तहरुको हित तथा उनीहरुको शशक्तिकरण कार्यमा हुनेछ ।

३. नीजि क्षेत्रले बजार अनुकुलको वित्तीय प्रतिफल दिने उद्योग, व्यापार, पर्यटन, शिक्षा र स्वास्थ्य तथा सो सम्बन्धी क्षेत्रमा लगानी गर्ने संभावना छ ।

४. सहकारी क्षेत्रको लगानी विशेष गरेर कृषि, साना तथा घरेलु उद्योग, साना व्यापार, सीप विकासका क्षेत्रमा आउन सक्दछ ।

५. सामुदायिक क्षेत्रको लागानी, शिक्षा, स्वास्थ्य, सरसफाई, महिला तथा बालबालिका एवं अशक्तहरुको हित तथा उनीहरुको शशक्तिकरण कार्यमा हुने अनुमान छ । यद्यपि लगानीको लागि नीतिगत, प्रकृयागत तथा व्यबहारगत वातावरण निर्माण गर्नु आवश्यक छ ।

६. सार्वजनिक क्षेत्रको लगानीमा तीन तहका सरकारको लगानी र विनियोजन पर्दछ । नगरपालिकाले लगानीको लागि चाहिने यस्तो श्रोत आफ्नो ***आन्तरिक आय, राजस्व बांडफांड, वित्तीय समानीकरण अनुदान तथा विशेष अनुदान, आन्तरिक ऋण, केन्द्रिय सरकारको सहमति तथा सहजीकरणमा वाह्य सहयोगबाट प्राप्त गर्न सक्दछ ।***

७. परियोजनाको आधारमा प्राप्त हुने ***समपुरक अनुदान तथा विशेष अनुदान महत्वपुर्ण श्रोत हुने हुंदा परि***योजना बैंकको तयारी नगरपालिककाको तर्फबाट गर्नु आवश्यक छ ।

८. अर्थराजनीतिक अवस्था, विश्व अर्थतन्त्र, मुद्रास्फिति, विनिमय दरमा हुने उतारचढावले समेत प्रभावित पार्ने हुंदा ***पांच वर्ष भन्दा बढि समयको श्रोत अनुमान गर्नु त्यति व्यबहारिक हुंदैन*** । त्यसैले यहां पांचवर्षको मात्र लगानी अनुमान गरिएको छ । यद्यपि अपेक्षित वृद्धि पहिला १५ वर्षसम्म २० प्रतिशतका दरले र पछिल्ला १० वर्ष १० देखि १५ प्रतिशतका दरले लगानी बढ्नु पर्ने अनुमान छ ।

९. यस गुरुयोजनाले प्रस्तुत गरेका विभिन्न रणनीति अन्तर्गतका स्थानीय गौरवका कार्यक्रम वा विशेष कार्यक्रम नगरपालिकाले विशेष तथा समपुरक अनुदान प्राप्त गर्ने आधार हुने विश्वास लिइएको छ ।

## ३.१.११. केही प्रमुख अपेक्षित नतिजागत अवस्था र प्रभाव

- भौतिक संरचनाको सम्बन्धमाः हरेक वडाको हेरक टोलमा १२ महिना चल्ने जोखिम रहित उपयुक्त यातायातको साधन पुग्ने गरी संरचना निर्माण भएको हुने ।
- नगरपालिका संम्पदा तथा हरित संपदाको आधारमा पर्यटकीय राजधानी शहरको रुपमा विकसित भएको हुनेछ । (अनुसुचि, १ र २)
- वातावरण तथा निर्णय प्रकृया एवं शुसानको दृष्टिले स्मार्ट सिटीको रुपमा विकसित भएको हुने । (अनुसुचि)
- मानिस किन बाहिर जान्छन् भन्ने कुराको अध्ययन भई स्वास्थ्य, शिक्षा क्षेत्रमा अपेक्षित सेवा प्राप्त हुन गएको तथा स्थानीय तहमा पर्याप्त रुपमा रोजगारी सिर्जना हुन गई वसाई सराईको गति कम भएको हुनेछ ।
- नागरिकहरुले आफ्नो जीवनस्तरमा आमुल परिवर्तन भएको महसुस गरेको अवस्था हुनेछ ।

## ३.१.१२. प्रमुख लक्ष हासिल गर्ने चरण तथा अनुगमन सुचक, स्थानीय गौरबका कार्यक्रम तथा भौतिक संचरना निर्माणको अवधि

**(क) अनुगमन सूचक**

| संख्यात्मक सुचकहरु | अहिले को अवस्था | पहिलो ५ वर्ष | दोश्रो ५ वर्ष | तेस्रो ५ वर्ष | चौथो ५ वर्ष | पांचौं ५ वर्ष |
|---|---|---|---|---|---|---|
| आय गरीवीको दृष्टिले रेखा मुनी रहेका ( प्रतिशत) | ४२ | ३१ | १५ | ९ | ६ | ३ |
| बहुआयमिक गरिवी | ३३ | २४ | १६ | | | ५ |
| प्रतिव्यक्ति आय | ७६० | १५०० | २५०० | ४००० | ६००० | ११११०० |

**(ख) स्थानीय गौरवका कार्यक्रम सम्बन्धी सूचक र उपलव्धी**

| **क्षेत्र** | **कार्यक्रम** | **कार्य विवरण** | **अवधि** | **उपलव्धी** |
|---|---|---|---|---|
| पर्यटन | पर्यटकीय प्रादेशिक राजधानी बनाउने | अवधारणा, नीति, योजना निर्माण | संस्थागत संरचनाको स्थापना र संचालन, पहिलो वर्षमा | आर्थिक सामाजिक विकासमा योगदान पुग्न गई प्रतिफल प्राप्त भएको हुनेछ । |
| केवलकार संचालन | सडकको विकल्पको रुपमा | स्थान पहिचान गरी संभाव्यता अध्ययन कार्य | पहिलो वर्षमा | संचलान आई लाभ र प्रतिफल प्राप्त भएको हुने, आन्तरिक तथा वाह्य |

| | | | | |
|---|---|---|---|---|
| | केवलकार निर्माण[2] | प्रारम्भ । | | पर्यटन विकासमा टेवा पुग्न गई रोजगारी सिर्जना हुने । |

| **क्षेत्र** | **कार्यक्रम** | **कार्य विवरण** | **अवधि** |
|---|---|---|---|
| यातायात | यातायात (सडक) सबै वडाका वस्तीहरुमा | पहिचान तथा वर्गिकरण | **१ वर्षमा** |
| यातायात | टोलबाट वडा कार्यालय आउने सडक | सर्भे तथा डिजाइन (ग्राभेलका लागि) | **१ वर्षमा** |
| यातायात | वडा कार्यालयबाट नगर सदरमुकाम संग जोडने सडक स्तरउन्नति गर्ने । | ग्राभेल | **१ वर्षमा** |
| यातायात | वडा कार्यालयबाट नगरपालिकाको कार्यालय सिलगढी संग जोडने सडक स्तरउन्नति गर्ने । | कालोपत्रे | **३ वर्षमा** |
| शिक्षा | स्थानीय श्रोत साधन, लगानी, उत्पादन, उपभोग र वजार, तथा कला, संस्कृति, सम्बन्धी पाठ्यक्रमको निर्माण | पाठ्यक्रमको निर्माण | **पहिलो १ वर्षमा** |
| स्वास्थ्य | नगरपालिका स्थित जिल्ला अस्पतालको स्तरिकरण | १०० शैयाको पूर्वाधार सहितको अस्पताल | **पहिलो ५ वर्ष भित्र** |
| ,, | जटिल रोगहरुको उपचारका लागि विशेषज्ञ उपचार सेवा | | **पहिलो ५ वर्ष भित्र** |
| खानेपानी | शुद्ध पिउनेपानी तथा पानीको स्रोतको दिगो व्यवस्थापन | अनिवार्य रुपमा प्रत्येक घरधुरीमा सुरक्षित र पिउनयोग्य पानीको वितरण | **पहिलो ३ वर्षमा** |
| सुरक्षित र सभ्य समाज | धुम्रपान तथा मदिरा निषेध | चेतना तथा कानुनी कार्यक्रम | **५ वर्ष भित्र** |

माथि भनेझैं सोंच निर्माण गर्दा योजना र कार्यक्रम बनाउंदा महिला बालबालिका, पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक समुन्नति हुने विषयलाई पनि केन्द्रबिन्दुमा राखिने छ । हरेक क्षेत्रमा शुसासन र पारदर्शिताले स्थान पाउने व्यवस्था गरिने छ । जसले गर्दा साधन र

[2] सडक बनाउनु प्राविधिक, आर्थिक तथा वित्तीय दृष्टिले उपयुक्त ठाउंमा केवुलकार जस्ता वैकल्पिक साधनको प्रवर्द्धन गर्ने । केवुलकार निर्माणको स्थान पहिचान कलेना देखि पुन्नासम्म हुन सक्ने संभावना ( एकिन कुराको लागि विस्तृत संभाव्यता अध्ययन र सर्भे तथा डिजाईन पछि हुने ।)

श्रोतको, दक्षता, प्रभावकारिता र उपयोगिता बढ्ने छ । थोरै साधनले धेरै काम गर्न सकिन्छ, अनि सरकार प्रति नागरिकको विश्वास पनि बढेर जाने छ ।

## ३.१.१३. योजना कार्यान्वयन र निष्कर्ष

माथि उल्लेख भएका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयनमा लैजान विषयगत र आवधिक योजना पनि आवश्यकता अनुसार तयार गरिनेछ । आवधिक योजनालाई वार्षिक बजेटको माध्यमबाट परियोजना तथा क्रियाकलापमा ढालेर त्यसै अनुरुप वित्तिय साधन विनियोजन गर्ने एवं निजी तथा सहकारी क्षेत्रको लगानीलाई पनि योजनामा समायोजन गरिनेछ ।

# अनुसुचीहरु

## अनुसुचि-१

## योजनाले समेटेका स्थानीय गौरवका कार्यक्रमहरु

### १. विशेष लक्षः नगरपालिकालाई पर्यटकीय प्रादेशिक राजधानीको रुपमा विकास गर्ने ।

(**अवधारणा**ः सुदुर पश्चिम संस्कृति, चाडपर्व, मठमन्दिर, मेलाजात्रा, उच्च पहाडी र हिमाली क्षेत्रका झन्डै दुई दर्जन पाटन, हीम शैल, आदिको धनी क्षेत्र हो । खप्तड क्षेत्रलाई त भुस्वर्गनै मानिन्छ । डोटी जिल्ला यस प्रदेशको मध्य भागमा पर्छ । दिपायल सिलगढि नगरपालिका डोटीको मात्र होइन बझांग, बाजुरा तथा अछाम समेतको आर्थिक अन्तर्सम्बन्धको प्रमुख केन्द्र हो, यस क्षेत्रको मुटु हो । जोरायल उपत्यका देखि भोस्सो संस्कृति पनि यही छ । यो क्षेत्र पौराणीक दृष्टिले माहाभारतसंग पनि जोडिन्छ, यहाँ इन्डोनेशियाको बाली टापुको जस्तो सांस्कृतिक पर्यटन प्रवर्द्धन र विकास गर्न सकिन्छ । यहांको विविधता, सम्पदा, तथा उपलब्ध पुर्वाधारको दृष्टिले यस नगरलाई सुदूरपश्चिम प्रदेशको पर्यटकीय राजधानीको रुपमा विकास गर्न सकिने देखिएको छ । निजी लगानीकोलागि यो उर्वरा क्षेत्र हो । होटल, केबुलकार, पर्यटकीय उद्यान, अध्ययन अनुसन्धान केन्द्र, पार्क, मनोरञ्जनका अन्य क्षेत्रहरु देखि शिक्षा, स्वास्थ्यका क्षेत्रमा पनि लगानी आकर्षण गर्न सकिन्छ ।

**रणनीति**ः नगरपालिकालाई सुदुरपश्चिम प्रदेशको राजधानीको रुपमा विकसित गरिने छ ।

**(रणनीति ३, १ र ६ संग सम्बन्धित कार्यक्रम**)

**१. कार्यनीति तथा कार्यक्रमः** नीति अनुसारको उद्देश्य हासिल गर्न निम्न कार्य गरिने छः

(क) पर्यटकीय राजधानीको अवधारणागत खाकाको तयारी ।

(ख) निजी क्षेत्रको लगानी आकर्षण गर्ने सम्बन्धी नीति तथा कार्ययोजना बनाइने ।

(ग) प्रादेशीक पर्यटन विश्वविद्यालयको स्थापना तथा संचालनार्थ कार्य अघि बढाइने ।

(घ) पर्यटन सम्बन्धी मध्यम स्तरीय जनशक्ति उत्पादन गर्न कलेज तथा तालिम केन्द्रहरुको स्थापना र संचालन ।

(ङ) पर्यटनलाई आन्तरिक र वाह्य रुपमा विशिष्टिकृत गरी कार्यक्रम अघि बढाईने ।

(च) हरेक होटल तथा रेष्टुरेन्टले आफ्नो खानेकुराको मेनुमा स्थानीय उत्पादन (सुपको उत्पादन) तथा अन्य वस्तुमा सोभनियरको रुपमा एउटा वा दुईटा वस्तु अनिवार्य राख्ने,

व्यापारिक पसल तथा केन्द्रहरुले पनि व्यबस्था गर्ने, स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने वारे नीजि क्षेत्रको सहभागितामा आवश्यक कार्यनीति तथा कार्यविधी बनाई लागु गरिने ।

(छ) शैलेश्वरी मन्दिर तथा वरिपरिका क्षेत्र कोटभैरव र डोटेली राजाको दरवारलाई यस क्षेत्रको पर्यटनको आधार मानी तिनै क्षेत्रको अन्तर्सम्बन्ध हुने गरी पर्यटकीय गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइने ।

(ज) **खप्तड ब्राण्डको पानी-शैलेश्वरीको प्रसाद** जस्ता ब्राण्ड स्वरुपका पर्यटकीय वस्तुको खोजी, पहिचान, निर्माण तथा प्रचार प्रसार गर्ने बारे कार्यक्रम बनाई क्रमागत रुपमा कार्यान्वयन गर्दै जाने ।

(झ) नीजी क्षेत्रको सहयोग र साझेदारीमा सामुदायिक वनहरुमा रिसोर्ट, वनभोज स्थल, गल्फकोर्स तथा चिडियाखाना निर्माण, व्यबस्थापन तथा संचालन गर्ने । ,

(ञ) कोटभैरवमा डोटी क्षेत्रको संस्कृति, कला, परम्परा, चाडपर्व र सिर्जनाहरु देखिने म्युजियम वा संग्रालय बनाई पर्यटन प्रबर्द्धन गर्ने ।

(ट) शैलेश्वरी मन्दिर (सिलगढी), मष्टा मन्दिर (सिलगढी) राधाकृष्ण मन्दिर (सिलगढी), बासुधारा (दिपायल), कोटभैरव मन्दिर (दिपायल), सिद्देश्वर भैरव मन्दिर, शिवालय, चण्डेश्वर मन्दिर, गौरीकुण्ड, तेडीथान, घटालथान, किराँतेश्वर मन्दिर, पञ्चेश्वर महादेव मन्दिर (राजपुर), दिल्पेश्वर मन्दिर (दिपायल), दुधेश्वर मन्दिर, कोटेश्वर, भवानी देवता, सुनादेवी मन्दिर, वडि सिमाईल देवता, ईङ्गरे देवता लगायतका मठमन्दिर तथा सिलगढि किल्ला र डोटेली राजाको दरवार जस्ता पुरातात्विक स्थान, सम्पदा तथा पर्यटकीय स्थलहरु सम्बन्धमा विस्तृत अध्ययन गरी तिनको संरक्षण, सम्बर्धन, प्रयोग र संचालनका विषय समेटी संस्थागत संरचना समेत स्प्रष्ट हुने गरी सम्पदा तथा धार्मिक पर्यटन योजना तयार गर्ने ।

(ठ) संघ तथा प्रदेश सरकारसंग नगरपालिकालाई सुदुरपश्चिमको पर्यटकीय राजधानी बनाउने वारे **नीतिगत, वित्तीय तथा प्राविधिक सहयोग गर्न विशेष पहल गर्ने ।**

(ड) सेती नदी वगेकोकारणले सेतीनदीमा र्‍याफ्टिङ्गको समेत प्रचुर सम्भावना रहेकाले निजी क्षेत्रसंग साझेदारीमा जल पर्यटनको प्रबर्द्धन गर्ने ।

(ण) यस नगरपालिका तथा जोडिएका स्थानीय तहहरुको सहकार्यमा पर्यटकीय वृत्त तयार गरिने ।

## २. सडक बाटोको विकल्प कार्यक्रम

**सडक बाटोको विकल्पको रुपमा सिलगढीदेखि वगलेकसम्म केवलकार निर्माण गरिने छ ।** केवलकार निर्माण गर्दा त्यस्तो केवलबारको प्रयोग स्थानीयको आवतजावत, स्थानीय उत्पादनलाई सिलगढि सम्म ल्याउने र सिलगढिबाट आवश्यक वस्तु वगलेक लैजाने एवं पर्यटकहरु आकर्षण गर्ने क्षमता, प्रकृति, स्वरुप र संभाव्यताको आधारमा निर्माण गर्ने । होम स्टे तथा आधुनिक रिसोर्टहरु समेतको संभाव्यता अध्ययन गरी आवश्यक पर्यटकीय कार्यक्रम मार्फत वगलेक क्षेत्रलाई हरित पर्यटकीय क्षेत्रको रुपमा

विकास गर्ने । यसले गर्दा खप्तड जाने पर्यटकहरु यस नगरपालिकाका क्षेहरुमा बसेर जाने वातावरण तयार हुनेछ । यसरी वगलेक क्षेत्रलाई हरित तथा मोटर आदिको प्रर्दुषण रहित स्थानको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन सकिन्छ ।

**यसको सचित्र उदाहरण तल दिइएको छः**



पर्यटकीय क्षेत्रका प्रमुख र सम्बन्धित स्थलहरु तल दिइएका छन्:

क) खप्तड



ख) शैलेश्वरी मन्दिर



# अनुसूची-२

## विशेष प्रकृतिका र विशेष प्राथमिकता प्राप्त कार्यक्रम

## १. मेला, जात्रा, चाडपर्व र सांस्कृतिक उत्सव प्रवर्द्धन कार्यक्रम (रणनीति ३ र ५संग सम्बन्धित)

मेला, जात्रा, चाडपर्व र सांस्कृतिक उत्सव आदिको पहिचान, सुचिकरण, प्रवर्द्धन, प्रसारण र पर्यटकीय उपयोगका कार्यक्रम । डोटेली संस्कृतिमा आधारित देवता नाच, जामा नाच समेतका विषयलाई पर्यटन क्षेत्रको प्रमुख कार्यक्रमको रुपमा अघि बढाउने ।

यस्ता विषयको पहिचान सुचिकरण, प्रवर्द्धन, छायांकन, विद्युतीय माध्यमबाट देश विदशेमा प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटक आकर्षण  गर्ने कार्यक्रम ।

क) मेला जात्रा





## २. विविधता मैत्री राष्ट्रिय उद्यान कार्यक्रम (रणनीति १, ३, ६ र ७ संग सम्बन्धित)

**नीतिः**

यस क्षेत्रमा उपलब्ध विविधताको वहुक्षीय उपयोगद्वारा नगरवासीको आर्थिक सामाजिक उत्थान गर्ने, नगरपालिकालाई नमुना स्थलको रुपमा विकास गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा चिनाउने ।

**कार्यक्रमः**

(**अवधारणाः** दिपायल सिलगढी जैविक, भौगोलिक, हावापानी, सामाजिक तथा सांस्कृतिक रुपले समेत अनुपम विविधता भएको नगरपालिका भएकाले यस्तो विविधतालाई आय आर्जन, पर्यटन, मनोरञ्जन, चलचित्र निर्माण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अध्ययन समेतका कार्यमा उपयोग गर्न सकिन्छ । यहाँको विविधताको पहिचान, संरक्षण तथा सम्बर्द्धन गरी त्यसै अनुरुप उपयोगमा ल्याउन सकेमा ती स्थानहरुलाई सम्बन्धित क्षेत्रका जनताको आर्थिक सामजिक रुपान्तरण गर्ने र अन्तर्राष्ट्रिय जगतलाई समेत आकर्षण गर्ने विलक्षण केन्द्रहरुको रुपमा विकास गर्न सकिन्छ ।)

यस अवधारणा अन्तर्गत एउटा सिंगो वडा भु-अवस्थिति अनुसार एक भन्दा बढी वडाहरुलाई मिलाएर निश्चित सीमाना र क्षेत्रलाई जहाँ उष्ण देखि शितोष्णसम्मको

हावापानी, वनस्पति, तथा जीवजन्तु छोटो दुरीमै प्राप्त हुन्छ) **विविधता मैत्री राष्ट्रिय उद्यान** घोषणा गर्ने सम्बन्धमा विस्तृत अध्ययन गरिनेछ ।

यस्तो उद्यानको  घोषणा तथा त्यसको विस्तृत योजना तयार गरी कार्यान्वयन गर्दा सकेमा त्यसमा साधन श्रोत तथा अनुभव र प्रविधिको पनि ओइरो लाग्न सक्दछ । (**उदाहरणको लागि दिपायल देखि सिलगढीको पुर्वतर्फ सात नम्बर वडाको माथिल्लो भाग वन क्षेत्रलाई लिन सकिन्छ ।** )



यस्ता उद्यानमा प्राकृतिक रुपले बोट विरुवा, कीटपतगं, जनावर, वनस्पति र मानवसमेतको संयुक्त अस्तित्वमा माटो, पानी तथा जलवायुको उपस्थितीको सन्तुलन कायम गरी तिनको व्यबस्थापन गर्नसकेमा त्यो उद्यान नेपालको लागि मात्र नमुना होइन संसारकैलागि  हेर्न, बस्न, साधना र अनुसन्धान गर्न तथा उत्पादन गर्न सर्वोत्कृष्ट स्थान बन्ने हुंदा संघीय तथा प्रदेश सरकार एवं निजी क्षेत्रको सहकार्यमा यस परियोजनालाई मुर्त रुप दिईनेछ ।

यसमा विविध पक्षको अनुसन्धान गर्ने अनुसन्धानकर्ता संस्था तथा व्यक्ति आकर्षित हुनेछन् । यो आधुनिक फिल्म सुटिंगको प्राकृतिक स्टुडियोको रुपमा समेत उपयोग भै पर्यटन तथा अनुसन्धान कार्यबाट स्थानीय रुपमा विशेष चहलपहल हुनेछ ।

यसो गर्दा स्थानीय बासिन्दाले आवास, सडक तथा संरचना निर्माण गर्दा र व्यबसायिक काम गर्दा केहि विधि तथा सीमाहरुको पालना गर्नुपर्ने हुन्छ । एउटा निश्चित समय पछि उनीहरुको आर्थिक सामाजिक जीवनमा सकारात्मक परिवर्तनका संकेत देखा पर्ने छ, वाह्य तथा आन्तरिक श्रोत परिचालन हुनेछ ।

उक्त समयान्तरको लागि केन्द्र तथा प्रदेश सरकारले विशेष सुविधा प्याकेज तयार गरी लागु गर्न अनुरोध गर्ने । यसको अनुभवको आधारमा नेपालका अन्य ठाउँमा पनि यस्ता उद्यानको विकास र विस्तार गर्न सकिने ।

## ३. पानीसंग प्रेम बढाउने कार्यक्रम

**नीतिः**

पानीलाई अल्मल्याउने, गति कम गर्ने र उत्पादन तथा दैनिक जीवनमा बढि उपयोग गर्ने नीति लिने । (रणनीति १, ३, ५ र ७ संग सम्बन्धित)

**कार्यक्रमः**

खानेपानी, सिंचाई, विद्युत् उत्पादन र माछापालन तथा नदी, खोला र खोल्सीका पानीको वहाव मिलान (पानी तर्काउने) कार्यक्रमका अतिरिक्त भुबनोट तथा जग्गाको उपलब्धताको आधारमा संभव भएसम्म (पालिकाले प्राविधिक सहयोग उपलब्ध गराउने गरी निजी तहमा) एक परिवार एक पोखरी वा आहाल र सरकारी एवं सामुदायिक तहमा एक वडा पांच पोखरी निमार्ण गर्ने जस्ता पानीसंगको प्रेम प्रवर्द्धन गर्ने कार्यक्रम । पानीको प्रयोगलाई उर्जा र प्रविधिसंग जोड्ने कार्य र सौर्य उर्जाको प्रयोग गरी लिफ्ट सिचाईं आदि कार्यक्रम गरेर पानीलाई अल्मल्याउन प्रयोग बढाउने कार्यक्रम संचालन गरिने ।

**पानी संरक्षण तथा प्रयोगको उदाहरण तल दिईएको छः**



## मनिस र पानी हुंदा गुल्जार । तर नहुंदा शुनशान, निराश र कुन्ठा ।



यसरी पनि पानीको बाटो लम्व्याउने र उपयोगको अवसर बढाउन सकिन्छ । जुन पद्धतिमा एक नदी वा खोला वा खोल्सीबाट अर्को कम पानी भएको तर बढि जनसंख्या, बसोबास एवं खेतियोग्य जमिनभएको क्षेत्रको खोलामा तर्काउन वा पानी मिलान गर्न सकिन्छ । (रणनीति १ र ६ सँग सम्बन्धित)

## नदी मिलान वा पानी तर्काउने वा फर्काउने योजना




यी पद्धति अपनाउन सके तलको अवस्था समाप्त हुन्छ । जसको सकारात्मक प्रभाव महिलाको स्वास्थ्य, समय वचत, आय वृद्धिमा समेत पर्दछः

यी पद्धति अपनाउन सके तलको अवस्था समाप्त हुन्छ ।



(रणनीति १ र ४ सँग सम्बन्धित)

## ४. छाउगोठ जस्ता कुप्रथाको अन्त्य गर्ने कार्यक्रम (रणनीति २, ३, ५ र ७ संग सम्बन्धित)

**नीतिः**

**या देवी सर्व भुतेषु सर्व (लक्ष्मी, सरस्वति, करुणा, दया, ममता) रुपेण संस्थिता नमो तस्मै नमोनमः ।**

यो वाक्यलाई सार्थक बनाउने र छाउपडी एवं बोक्सी लगायतका कुप्रथाको अन्त्य गर्ने ।

**कार्यक्रमः**

चेतना अभिवृद्धि छाउ हुनु स्वभाविक प्रकृया हो, अछुत हुने अवस्था होइन भन्ने चेतना माथिल्लो पुस्ताबाटै जगाउने,

छाउ भएको समयमा पनि घरमै बस्न सक्ने गरी घरको संरचनामा सुधार गर्ने कार्यक्रम तथा कार्यनीति अघि सार्ने ।

छाउ तथा अन्य कुरिती एवं अन्धविश्वासपना वारे शिक्षक शिक्षिका तथा छात्र छात्रा र अविभावकलाई एकै ठाउंमा राखेर छलफल गराई यस्तो कुरा समाजको लागि घातक भएको बोध गराउने ।

यी तीनै पक्षलाई संगैराखी संगै बसेर छलफल गर्ने र वनभोज खाने व्यबस्था सम्बन्धी कार्यक्रम वनाई टोल टोलमा लैजाने ।

देवता पनि देवीको रुपमा महिला रुप नै भएकाले यस्तो कुरा नवारेको भनेर विग्रह हुन्छ भन्ने कुरा गलत हो । देवी माताले त्यस्तो कहिले पनि गर्दिनन् भन्ने सन्देश दिने ।

घांस दाउरा, खेतिपाति, मेलापातमा पुरुषहरुको सहभागिता बढाउने ।

मादक पदार्थको सेवनलाई नियन्त्रण गर्ने सम्बन्धी कार्यकम संचालन ।

समग्रमा छाउँ गोठको पूर्ण रुपमा अन्त्य गरी घर परिवारसँगै वस्ने व्यवस्था गर्ने नीति लिने ।

(रणनीति २ र ४ सँग सम्बन्धी)





## ५. कृषिक्षेत्रमा लगानीमुखी कार्यक्रम (रणनीति-१ र ३ संग सम्बन्धित)

**नीतिः**

कृषि तथा पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन स्थानीय विशेषता अनुसार वस्तुको पहिचान गरी सोहि अनुसार कार्यक्रम संचालन गर्ने ।

**कार्यक्रमः**

(१) कृषि क्षेत्रमा उत्पादन सम्बन्धी क्षेत्र तथा वस्तु पहिचान तथा उत्पादन कार्यक्रम अन्तर्गत तलका काम गरिनेछः

खाद्यान्न बालीमध्ये कुन कुन बालीलाई प्राथमिकतामा राख्ने,

तरकारी बालीमध्ये के केलाई प्राथमिकतामा राख्ने,

नगदेवाली (चिया, कफि, अदुवा, अलैंची समेतका वाली) कुन कुन क्षेत्रमा हुन सक्छ र ती मध्ये  के केलाई प्राथमिकतामा राख्ने,

फलफुलजन्यमा कुनलाई कुनलाई प्राथमिकतामा राख्ने,

मसलाजन्यलाई के-केलाई प्राथमिकतामा राख्ने (जस्तै टिमुर, अदुवा),

धर्म तथा आधाम्यजन्य (जस्तैः रुद्राक्ष, श्रीखण्ड), औषधिजन्य (जडिबुटी),

पुष्प वा फूलजन्य, वनजन्यमा के केलाई प्राथमिकतामा राख्ने समेतका विषयमा कार्यक्रम बनाउने ।

(२) आवधिक योजना बनाउंदा यस्ता बाली तथा वस्तुको पहिचान गरी नीति तथा कार्यक्रम समेत बनाइने ।

(३) यस्ता नीति तथा कार्यक्रम बनाउँदा राष्ट्रिय तथा प्रादेशिक नीति, स्थानीय तहको हावापानी, माटो, प्रविधि, स्थानीय प्रयोग तथा वाह्य बजार समेतलाई ध्यानमा राखेर सम्बन्धित क्षेत्रका विशेषज्ञको सुझाव अनुसार तयार गरिने ।

(४) पशुजन्य वस्तुको उत्पादन सम्बन्धी विषयमा आवधिक योजना निर्माण गर्दा समेत यही पद्धति अपनाईने ।

(५) सडक विस्तार तथा विप्रेषण आयको कारणले देशका कति पय भागमा  साना तथा मध्यमतहका किसानहरु तरकारी, फलफूल तथा पशुपालन जस्ता नगद प्राप्त हुने व्यवसायिक कार्यमा आकर्षित हुन थालेको सन्दर्भमा यसलाई अनुभवको रुपमा लिई यस्ता क्षेत्रलाई व्यवस्थित र वैज्ञानिक बनाउने, **मझौला तथा ठूला संस्थागत व्यवसायीलाई समेत कृषि क्षेत्रमा लगानी गर्न उत्प्रेरणा गरिने ।**

(६) कृषिक्षेत्रमा प्रदान गरिने अनुदान र अन्य सुविधा समेतलाई मध्यनजर गरी कृषि उत्पादन वृद्धि गर्न र तुलनात्मक लाभको स्थितिमा पुऱ्याउन कृषकहरुलाई प्रत्यक्ष तथा परोक्ष अनुदानको व्यवस्था गरिने कार्यक्रम अघि बढाईने छ ।

(७) कृषि अनुसन्धान तथा प्रविधि विस्तारलाई नगरपालिकाका सबै वडा तथा टोलहरुमा पुऱ्याउन र किसानहरुलाई खेतीप्रणालीको मूलधारमा ल्याउन अनुसन्धान तथा सुचना प्रविधि बिस्तार गर्ने समेतका कार्यक्रम अघि बढाइने ।

## ६. सिंचाईको सुमचित प्रबन्ध (रणनीति ३ र ६ सँग सम्बन्धित)

१ कृषि क्षेत्रको विकासको लागि **सिंचाई प्रमुख पुर्वाधार भएको कारण** सम्भावित श्रोत अनुकूलका मझौला, साना तथा लघु र घरवारी सिंचाई कार्यक्रम तथा परियोजनाको पहिचान गरी कार्यान्वयन गर्ने गरी सिंचाई सम्बन्धी कार्यक्रम बनाई चरणबद्ध रुपमा कार्यान्वयन गरिने छ । यसको लागि लिफ्ट सिंचाई प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखी सोहि अनुसार कार्यक्रम अघि सारिनेछ ।

२ लिफ्ट सिंचाईको लागि उर्जाको आवश्यकता पर्ने हुंदा लागत, प्रभावकारिता, उपलब्धता तथा प्रविधि दृष्टिले जल विद्युत् तथा सौर्य उर्जाको समेत प्रयोग गरिनेछ ।

३ नदीको वहाव तथा खेति गर्ने जग्गाको दुरीको दृष्टिले उर्जा रहित लिभर सिंचाईको संभाव्यता भएको ठाउंको पहिचान गरी मदानी वा फिरफिरे प्रणालीबाट समेत पानी तानेर सिंचाई गर्ने गराउने प्रवन्ध गरिनेछ । यस्ता कार्यको लागि किसानलाई आवश्यक

प्राविधिक सहयोग तथा अनुदान समेत  नियमित रुपमा उपलब्ध गराईनेछ । यसको सचित्र उदाहरण तल प्रस्तुत छ:




४)	हरेक वर्ष कृषकहरुको आन्तरिक तथा वाह्य भ्रमण गराई ज्ञान, अनुभव, सीप एवं प्रविधि हस्तान्तरण कार्यक्रम लागु गर्ने ।

५)	अतिवृष्टि, अनावृष्टि, रोग र किरा तथा अन्य सम्भावित दैवीप्रकोपबाट राहत प्रदान गर्न एक स्थानीयस्तरमा **कृषि दुर्घटना प्रभाव न्यूनीकरण कोषको स्थापना गरिने ।**

६)	गुणस्तरीय बीउविजन, कृषिऔजार, विषादी र मल आदि उचित समयमा समुचित मूल्यमा उपलब्ध गराउन सहकारीतामा आधारित **कृषि वस्तुको बहुमुखी भण्डारको स्थापना** कार्यक्रम गरिने । कृषि क्षेत्रमा मूल्य श्रृंखला (भ्यालुचेन) का विषयको व्यवस्थापन समुचित रुपले गरिने छ ।

७)	उत्पादनलाई समयमै बजारमा पुऱ्याउने कार्यलाई सहज बनाउन किसानहरुको सक्रिय सहभागितामा एकिकृत बजार सूचना प्रणाली तथा सहकारीतामा आधारित दिगो बजार सूचना संयन्त्र तयार गरी कर्यान्वयनमा ल्याउने ।

**८)	कृषि क्षेत्र–उच्चमुल्य वस्तु उत्पादनमा जोड तथा जैविक विविधता समायोजन कार्यक्रम** केरा, केराको रेसा तथा बाँसबाट हस्तकलाका सामान बन्न सक्ने जस्ता विषयलाई ध्यान दिई कृषि क्षेत्रमा बहुउपयोगी बनस्पतिको पहिचान गरी त्यसलाई आयआर्जनसँग जोडर योजना तयार गर्ने ।

**९)	सुकिला किसान शिक्षा कार्यक्रम:** जनस्तरमा कृषिमा आमुल परिवर्तनको सोच अभिबृद्धि हुँदै गएकाले यस क्षेत्रमा थप पूर्वाधार निर्माण, यान्त्रीकरणमा विस्तार, प्रविधिको प्रयोग

र कृषि सम्बन्धमा उत्पादन देखि बजारीकरण सम्मको ज्ञानसीपको अभिबृद्धिको लागि खास गरी कृषिपेशामा भिजेका र त्यस्तो ज्ञान तथा सीपको सिमान्त स्तर बृद्धिको आवश्यकता भएका ३० वर्ष नाघेका र ५० वर्ष मुनिका किसानलाई **"सुकिला किसान कृषि स्नातक"** को छोटो (६ महिना देखि एक वर्षसम्मको) आधुनिक प्रविधिमा आधारित स्नातक कार्यक्रम चलाउने सम्बन्धमा आवश्यक गृह कार्य गर्ने नीति लिने । यसले व्यबहारिक दृष्टिले माटोको प्रकृति र बानी बेहोराको जानकारी भईसकेका किसानलाई सैद्धान्तिक तथा प्रविधीजन्य ज्ञान तथा सीप दिएर उनीहरुलाई कृषि क्षेत्रका अगुवा बनाउन सकिन्छ ।

१०) **कृषि यान्त्रीकरण सम्बन्धी विशेष कार्यक्रमः** यस क्षेत्रमा यान्त्रिकरण गर्ने संभावित क्रियाकलाप र यन्त्रको पहिचान, कृषियन्त्रको निर्माण वा खरिद व्यबस्थापन, त्यसको संचालन तथा मर्मत संभारको लागि युवा जनशक्तिलाई प्रशिक्षण गर्ने ।

कृषि यान्त्रिकरणका विविध क्षेत्रमा लगानी गर्न वित्तीय संस्थाहरुसंग समन्वयात्मक तथा उत्प्रेरणायुक्त कार्यक्रम चलाउने । यस क्षेत्रमा बीमा व्यबस्थाको विस्तार गराउने तथा किसानहरुलाई यस्तो सुविधाको उपयोग गर्ने कार्यमा सहजिकरण गर्ने ।

## ७. क्षेत्रगत काम तथा रोजगारी सिर्जना (रणनीति १ देखि ८संग सम्बन्धित) (सार्वजनिक, नीजि तथा सहकारी तिनवटै क्षेत्रबाट)

**स्वरोजगार तथा रोजगारीका क्षेत्रगत खाका (सार्वजनिक, निजी तथा सहकारी)**

| रोजगारीका क्षेत्रहरु/वर्ष | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| कृषि, वन, पशु, मत्स्य | **३००** | | | | |
| उद्योग सबै | **५०** | | | | |
| पर्यटन | **३०** | | | | |
| सेवा (मर्मत, खाजा, सिलाई, आई.टि आदि) | **५०** | | | | |
| शिक्षा | **४०** | | | | |
| स्वास्थ्य | **३०** | | | | |
| जम्मा | **५००** | | | | |

माथि प्रस्तुत तालिका एउटा नमुना हो । यसरी रोजगारी सिर्जना गर्दा निजी तथा सहकारी क्षेत्रसंग सहकार्य गरी ती दुवै पक्षसंग माथिका क्षेत्रमा आउंदो पांच वर्षमा गर्नसक्ने लगानी, लगानीबाट बढ्न सक्ने उत्पादन, सिर्जना हुने अतिरिक्त काम, कामको आधारमा सिर्जना हुन सक्ने स्वरोजगारी तथा रोजगारीका विषयमा हरेक वर्ष जानकारी लिईनेछ ।

नगरपालिकाले विकास कार्यक्रम तर्फ विनियोजन गर्ने क्षेत्रगत बजेट र त्यसबाट निर्माण हुने आयोजना एवं तिनबाट माग सिर्जना हुन सक्ने रोजगारी एवं त्यसको चरित्र समेतलाई ख्याल गरी रोजगारी सिर्जनाको प्रक्षेपण गरिनेछ । यस प्रक्षेपणलाई क्षमता वृद्धि तथा सीप विकासका कार्यक्रमसंग जोडिनेछ । यस्तो प्रक्षेपण गर्दा युवा जनशक्तिको परिचलनको विषयलाई


प्राथमिकतामा राखिनेछ । त्यसको लागि **युवाशक्तिको अवस्था र उनीहरुको चासो पहिचान गरी क्षमता विकास तथा स्वरोजगारी र रोजगारी कार्यक्रम अघि बढाइने छ ।**

## ८.स्मार्ट शहरको परिकल्पना र लक्ष्य (रणनीति ४ र ९ संग सम्बन्धित)

विश्वमा औद्योगिक, खुसी तथा स्मार्ट गरी तीन किसिमका शहरको परिकल्पना गरिन्छ । तीनका आ-आफ्नै विशेषता रहन्छन् । औद्योगिक शहर परम्परागत परिकल्पना हो । राज्यको मुख्य ध्येय नागरिकलाई खुशी पानु रहेकाले खुसी शहर निर्माण गन्तव्य हाम्रो हो । तर खुसी शहर निर्माणका लाीग सर्व प्रथम उचित सुचकहरु सहितको स्मार्ट शहरको परिकल्पना गरिन्छ ।[३] तसर्थ सर्व प्रथम पहिलो दश वर्षमा पर्यटकीय तथा सुशासनको दृष्टिले स्मार्ट शहर बनाउने र क्रमशः खुशी शहरमा परिणत गर्ने लक्ष लिइएको छ ।

व्यवहारजन्य रणनीति र विकल्पहरु (चित्रमा) पनि प्रस्तुत गरिएका छन् । आफ्नो भुबनोट तथा उपलब्ध साधन श्रोत एवं सौन्दर्य अनुरुपको शहर निर्माण गर्नमा यस्ता विषय सहयोगी हुने छन् ।

**(क) समस्या र चुनौति पहिचान पहिलो कार्य हो । तर त्यसको लागि मिहिन ढंगले बाटो पहिल्याउनु पर्छ ।**




---

३अन्वेषण, शुशासन, डिजिटलाईजेसन, निर्णय प्रकृया,इन्टरनेट प्रणाली र गति, सवारी साधन व्यबस्थापन, सार्वजनिक सेवा व्यबस्थापन, हरियाली, सुरक्षा, वाह्य विश्वसंगको पहुंच, प्रविधीको प्रयोग आदि यसका सुचक हुन् ।

औद्योगिक वा शैक्षिक शहर ? निर्माण गर्ने भन्ने विषयमा यस नगरलाई पर्यटकीय र शैक्षिक शहरको रुपमा विकसित गरिने छ । (रणनीति ६ सँग सम्बन्धित)

## औद्योगिक वा शैक्षिक शहर ?




## पर्यटकीय कि हरित शहर? कुन विकल्प रोज्ने?



**(रणनीति ३ र ६ सँग सम्बन्धित)**

श्रोतको समुचित ढंगले प्रयोग गर्ने दीर्घकालिन नीति अघि सारिएको छ । माटो, उपलब्ध स्रोत तथा भूवनोट र जमिनको क्षेत्रफल अनुकूलका प्रणाली, औजार र प्रविधि प्रयोग गरिने छ । (रणनीति ३ सँग सम्बन्धित)






यस नगरले भूवनावट अनुरुपको यातायात प्रणालीको विकास गर्ने गी योजना तयार गरिएको छ । (रणनीति-६ सँग सम्बन्धित) ।






**यस्ता पोखरी तथा अहालहरु निकै लाभदायक हुने हुँदा पानीसँग प्रेम कार्यक्रममा यस्ता विषय समेटिएका छन् ।**

# भाग-४

# गुरुयोजनाको सैद्धान्तिक अवधारणबारे जानकारी

## ४.१.पृष्ठभुमी


- के हो गुरु योजना ? कस्तो हुन्छ ? कति वर्षको लागि बन्छ ? कसले बनाउंछ ? यसको के उपयोगिता छ ? भन्ने जिज्ञासाको सम्वोधन सैद्धान्तिक अवधारणा सम्बन्धी विषयको स्पष्टताले गर्दछ ।

## ४.२. गुरुयोजना अर्थ र अवधारणा

- दीर्घकालिन सोचगत, लक्षगत तथा उद्देश्यगत खाका समेतको दस्तावेज हो । यस दस्तावेजले कुनै सरकार वा संगठनले भविष्यको दुईदशक भन्दा बढि अवधिमा विकास, विकासको विस्तार तथा अर्थतन्त्रको सन्तुलित वृद्धिका सम्बन्धमा मार्गदर्शन र आवधिक योजना तयारीको आधार प्रदान गर्दछ ।
- गुरुयोजनामा भुबनोट, प्राकृतिक श्रोत, संभाव्य आर्थिक श्रोतसाधन, भौतिक पुर्वाधार, कृषि, उद्योग, प्रविधि, पर्यटन, वातावरण, प्रशासन, योजना अनुगमन तथा मुल्यांकन, सुशासन र पारदर्शिता समेतका  विकासका सम्पुर्ण आयामहरु समेटिएका हुन्छन् ।
- यो एकिकृत वा क्षेत्रगत पनि हुन सक्छ, जस्तै यातायात सम्बन्धी गुरुयोजना वा कृषि विकास गुरुयोजना आदि । गुरुयोजना तर्जुमा गर्दा विशेष प्रकृया अपनाईन्छ ।
- यो राजनीतिक इच्छाशक्ति र संविधानको लक्ष एवं उद्देश्यलाइ नतिजामा रुपान्तरण गर्ने पुर्वाधार दस्तावेज ।

### ४.३ योजनाको निर्माण पद्धति र प्रकृया

### ४.३.१ गुरुयोजना तर्जुमा गर्दा विश्लेषण गरिएको संरचनागत चक्र




प्रस्तुत गुरुयोजना निर्माण गर्दा यी दश वटा पक्षको विश्लेषण गरी रणनीतिहरु तय गरिएको हो ।

### ४.३.२ योजना तर्जुमा गर्दा पुरा गरिएका प्रकृयागत चरणहरु

गुरुयोजना तयार गर्दा निम्न चरणह पुरा गरिएको छः

(क) पुर्व तयारी चरण

- योजना निर्माणको निर्णय,
- कार्य निर्देश समेतको कार्यदल वा टिम निर्माण,

(ख) तयारी तथा निर्माण चरण

- लक्ष्य तथा उद्देश्य निर्धारण,
- कार्यविधि निर्धारण,
- सुचना संकलन तथा विश्लेषण,

- मस्यौदा तयारी,
- राय तथा विचार समायोजन,

(ख) स्विकृति तथा कार्यान्वयनको चरण

- अन्तिम मस्यौदा तयारी तथा स्विकृति,
- कार्यान्वयन तथा अनुगमन,
- आवधिक समिक्षा तथा
- पुनरावलोकन र सुधार ।

## ४.४. योजना निर्माणको औचित्य र लक्ष

### ४.४.१.औचित्य

सामान्यतया आवधिक योजना पांचदेखि दश वर्षसम्मका लागि बनाइन्छ । त्यसको आधारमा वार्षिक योजना बन्दछन् । स्थानीय तहको दीगो र सबैवर्ग एवं क्षेत्रमा पुगेको सबैलाई समन्यायिक प्रतिफल दिने विकासको लाीग दीर्घकालिन सोच चाहिन्छ । यसको आवश्यकता गुरु योजना तथा दीर्घकालिन रणनीतिक योजनाबाट मात्र पुरा हुने हुंदा यसको औचित्य पुष्टि हुन्छ ।

### ४.४.२. लक्ष्य

दुई दशक पछि नगरपालिका कहां पुग्नुपर्छ भन्ने कुराको गन्तव्य निर्धारण गर्ने र त्यस गन्तव्यमा पुग्न समग्र विकासको लागि आवधिक योजना र वार्षिक कार्यक्रम तथा योजना तयार गर्ने सम्बधमा आधार प्रदान हुंदा  लक्ष निर्धारण पनि त्यसै गन्तव्य अनुसार हुने गरी यो योजना तर्जुमा गरिएको छ ।

# अनुसूची-३

## अनुगमन सूचक तालिका

| क स | रणनीति | क्षेत्र | नीतिहरु | कार्यक्रम | कार्यान्वयनका लागि जिम्मेवार निकायहरु | | अनुगमनकाआधार |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रमुखनिकायहरु | सहयोगिनिकायहरु | |
| १ | श्रोतको दीगो, भरपर्दो र प्रभावकारी ढंगले संरक्षण, प्रवर्द्धन र प्रयोग । | मानव स्रोत, पानि, वन वनस्पति, खनिज र वातावरण | नगरपालिका स्तरिय युवा परिचालन तथा रोजगार नीति, पानि, नदि तथा ताल तलैयाको वहुपक्षिय प्रयोग सम्वन्धि नीति, प्राकृतिक सम्पदा तथा खनिज उत्खनन नीति, वन वनस्पति तथा वन्यजन्तु संरक्षण तथा सम्वर्द्धन नीति, वातावरण, जलवायु तथा जैविक विविधता संरक्षण सम्वन्धि नीति । | दिईए अनुसार । | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| २ | नगरबासीहरुलाई दीर्घजीवि, स्वस्थ्य, शिक्षित, उद्यमशील तथा चेतशील बनाउन सामाजिक | शिक्षा तथा क्षमता अविवृद्धि, श्वास्थ्य, सरसफाई, | नगरपालिका स्तरिय शिक्षा,सिप तथा दक्षता विकास, श्वास्थ्य, सरसफाई, जनचेना तथा सामाजिक सुरक्षा सम्वन्धि | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सेवाका क्षेत्रलाई सहज, सुलभ तथा सबैको पहुंचयोग्य र प्रभावकारी बनाउने । | जनचेना तथा सामाजिक सुरक्षा | क्षेत्रगत नीतिहरु । | | कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | संस्थाहरु | नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ३ | लगानी प्रबर्द्धनको माध्यमबाट उत्पादन तथा रोजगारी अभिबृद्धी गर्ने । | कृषि, उद्योग, लगानी, प्रविधि । | लगानी प्रबर्द्धन सम्वन्धि नीति, यूवा रोजगार सम्वन्धि नीति, प्रविधि प्रयोग तथा प्रविधि मैत्रि नीतिहरु । | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ४ | नगरको सबै क्षेत्र र समाजका सबै लिंग, वर्ग, समुदाय र उमेर समुहका नगरबासीलाई समन्ययिक ढंगले श्रोतमा पहुंच, अवसर तथा विकासको प्रतिफल उपलब्ध गराउने । | महिला, वालवालिका, अशक्त, जेष्ठ नागरिक, पिछडिाएको वर्ग तथा समुदाय । | स्थानिय विशेषता एवं स्रोतको क्षमता अनुसार सामाजिक सुरक्षा, महिला, वालवालिका, अशक्त, जेष्ठ नागरिक, पिछडिाएको वर्ग तथा समुदायको लागि पुरक नीति । | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ५ | जीवनलाई मर्यादित, खुशी र स्वस्थ्य | श्वच्छ शहर, खेलकुद, | श्वच्छ शहर तथा सफा नगर नीति, खेलकुद, | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग | निजि क्षेत्र, सहकारी क्षेत्र, | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राख्न चाहिने क्षेत्रहरुको प्रबर्द्धन गर्ने । | मनोरञ्जन, योगाभ्यास, सामिजिक मुल्यको प्रवर्द्धन, नैतिक शिक्षा र व्यवहारको विकास । | मनोरञ्जन, योगाभ्यास, सामिजिक मुल्यको प्रवर्द्धन, नैतिक शिक्षा र व्यवहारको विकास सम्वन्धि विद्यालय स्तरिय पाठ्यक्रम विकास नीति एवं क्षेत्रगत नीतिहरु । | | तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ६ | क्षेत्रगत विकास तथा बजार र आवश्यक सामाजिक सेवा अनुकूलका पूर्वाधार निर्माण तथा प्रवर्द्धन गर्ने । | कृषि, सिंचाई, उद्योग, पर्यटन, सुरक्षा सेवा, यातायात, सुचना प्रविधि वजार सम्वन्धि र पूर्वाधार विकास | स्थानिय आवश्यकता अनुसारको कृषि, सिंचाई, उद्योग, पर्यटन, सुरक्षा सेवा, यातायात, सुचना प्रविधि र वजार सम्वन्धि पूर्वाधार विकासका लागि पुरक क्षेत्रगत नीतिहरु । | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ७ | सफा, स्वच्छ, सुन्दर तथा सुरक्षित, सुविधायुक्त शहर र पहुचयोग्य बसोबासको निर्माण | भुमिको प्रयोग, निर्माण, प्रकोप व्यबस्थापन, | स्थानिय विशेषता अनुसार भुमिको प्रयोग, भौतिक पूर्वाधार, प्रकोप व्यबस्थापन तथा न्युनिकरण, सरसफाई | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | । | सरसफाई र शहरी वातावरण । | तथा जनचेतना र शहरी वातावरण सम्वन्धि पुरक तथा क्षेत्रगत नीतिहरु । | | कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | संस्थाहरु | नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ८ | आय/राजस्व परिचालन सम्बन्धी विषयलाई न्यायोचित र लगानी एवं खर्च अनुकूल बनाउने । | आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, ढुवानी, पूँजी तथा श्रम बजार | आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार तथा ढुवानी सम्वन्धि नीति, पूँजीको विकास तथा श्रम बजारसम्वन्धि पुरक तथा क्षेत्रगत नीतिहरु । | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |
| ९ | नगरको कार्यलाई प्रशासनको दृष्टिले चुस्त तथा विकासको दृष्टिले प्रतिस्पर्धात्मक, गतिशील र प्रभावकारी बनाउन आवश्यक नीति, क्षेत्रगत रणनीति तथा कानुन र आवधिक योजना यथासमय तयार गरीने । | योजना तर्जुमा, सुशासन तथा पारदर्शीता, अनुगमन तथा मुल्यांकन, पुरस्कार, दण्ड र जरिवाना । | योजना तर्जुमा नीति, सुशासन तथा पारदर्शीता, अनुगमन तथा मुल्यांकन, पुरस्कार र दण्ड जरिवाना सम्वन्धि पुरक तथा क्षेत्रगत नीतिहरु । | दिईए अनुसार | नगरपीलिका र सम्वन्धित विभाग तथा ईकाईहरु, प्रदेश सरकार र त्यसका कार्यालयहरु,संघिय सरकार र त्यसका कार्यालयहरु | निजि क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संधसंस्थाहरु र गैरसरकारी संस्थाहरु | अवलोकन, प्रविधिक परिक्षण प्रतिवेदन, आवधिक प्रतिवेदन, नागरिकका गुनासा, निश्चित समय पछि नतिजा परिक्षण र आवधिक प्रभाव मुल्यांकन प्रतिवेदन |

## अनुसुचि -४

## संविधानका सम्बन्धित धाराहरु

भाग ३, ४, १७, १९, २०, अनुसूची ८ र ९ ।

## अनुसुचि-५

## नगरपालिकाले पारित गरेका योजनासंग सम्बन्धित मार्गदर्शन वा सिद्धान्त

## ५. सन्दर्भ सामाग्रीहरु


१ नेपालको संविधान (२०७२)

२. पन्द्रौं आवधिक योजनाको अवधारणा पत्र, रा.यो.आयोग

३. राष्ट्रिय जनगणना २०६८ तथा सो सम्वन्धि प्रतिवेदनहरु, केन्द्रिय तथ्यांक विभाग

४. National Population and Housing Census 2011, Central Bureau of Statistics

५. National Agriculture Census Report 2011, Central Bureau of Statistics

६. मानव बिकास प्रतिवेदन २०१४, राष्ट्रिय योजना आयोग तथा यु.एन.डी.पी.

७. नेपालमा गरिबी प्रतिवेदन, केन्द्रीय तथ्यांक विभाग

८. नेपाल जीवनस्तर सर्वेक्षण प्रतिवेदन, २०६७, केन्द्रिय तथ्यांक विभाग

९. जिल्ला बस्तुस्थिती चित्रण तथा विश्लेषण,जि.वि.स. डोटी

१०. विभिन्न मन्त्रालयहरुका वेव साइटहरु

११. तथ्यांक संकलन गर्दा विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरुले दिएका तथ्यांकीय प्रतिवेदनहरु ।

१२. न.पा.को घरधुरी सर्वेक्षण-२०७४ ।

१३. नगारपालिकका वार्षिक नीति तथा कार्यकमहरु

१४. न.पा.को पार्श्वचित्र-२०७४ ।

१५. स्थानीय सरकार संचालन ऐन, २०७४